# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षा एक यस्तो अनन्त प्रकृया हो जो औपचारिक, अनौपचारिक, अनियमित वा आकस्मिक रूपमा पनि प्राप्त भई रहेको हुन्छ । शिक्षा लिन दिनको लागि शिक्षा दिने संस्थाले पूर्व निर्धारित नियम खडा गरी त्यही नियमको परिधि भित्र राखेर शिक्षा प्रदान गर्ने गरेको पनि हुन सक्दछ । सामान्यतया यस्तो प्रकारको शिक्षा औपचारिक प्रकृतिको हुन्छ । शिक्षाशास्त्री पी. एच . कुम्बसले आफ्नो प्रसिद्ध पुस्तक " World Education Crisis " मा औपचारिक शिक्षालाई परिभाषित गर्दै " औपचारिक शिक्षा तहगत रूपमा संरचना गरिएको र उमेरको क्रम अनुसार श्रेणीवद्ध गरिएको शैक्षिक पद्धति हो । जुन प्राथमिक विद्यालयबाट सुरू भएर विश्वविद्यालय सम्म पुग्दछ र यसले पूर्णकालीन प्राविधिक र पेशागत संस्थानहरूमा साधारण शैक्षिक अध्ययनहरू र विविध विशिष्टीकरण कार्यक्रमहरू समेतलाई जनाउछ " ( शर्मा एण्ड शर्मा : २०६३, पृष्ठ १२८ ) । औपचारिक शिक्षामा शिक्षार्थीको चाहना र आवश्यकता गौण हुन्छ । यस्तो शिक्षा लामो अवधि सम्म चलिरहन्छ । निश्चित स्थान र निर्धारित समयमा सञ्चालन हुन्छ । तह निर्धारण गरिएको हुन्छ । भविष्य उन्मूख शिक्षा प्राप्त गरिन्छ । उमेरका आधारमा श्रेणीवद्ध गरिएको हुन्छ । कार्यतालिकामा आधारित हुन्छ । कठोर प्रकृतिको हुन्छ । यस्तै औपचिरिक शिक्षाका धेरै विशेषताहरू छन ।

वर्तमान विश्व परिवेशमा औपचारिक शिक्षाले बर्चस्व कायम गरे पनि यसले समाजको सबै हिस्सालाई समेट्न सकेको छैन । औपचारिक शिक्षामा शिक्षार्थीको आवश्यकतालाई समान्यीकरण गरी सबैलाई एकै प्रकारको शिक्षा दिइन्छ । यसले जीवन शैलीको विविधता बोकेको मानवका आवश्यकतालाई सम्बोधन गर्न सक्दैन । औपचारिक शिक्षाका यिनै विशेषताहरूले गर्दा सिकारूहरूमा वितृष्णा पैदा भई समाजको ठूलो हिस्सा शिक्षा लिन बाट बञ्चित छ । यिनै कुरालाई मध्यनजर गरी शिक्षा विदहरूले औपचारिक शिक्षाको विकल्पको खोजी गर्न थाले । औपचारिक शिक्षालाई सम्भ्रान्त परिवारको शिक्षाको संज्ञा दिए । यसको सट्टामा अनौपचारिक शिक्षाको वकालत गर्न थाले । यसै परिवेशको आधारमा खुला सिकाइ वा खुला शिक्षाको उदय भयो । खुला शिक्षा अनौपचारिक प्रकृतिको शिक्षा हो ।

औपचारिक शिक्षाको कठोर नियन्त्रण, व्यक्तिगत चाहना इच्छाको कदरको अभाव, स्थिर पद्धति, स्तर निर्धारण र अंकको स्थिरपना, शिक्षकको भूमिका सहयोगी भन्दा बढी प्रशासकीय भएकै कारण यो शिक्षा निमूखाहरूको आवाज बन्न सकेन । यसको विरूद्धमा सिकारूको चाहना इच्छा अनुसारको शिक्षा ग्रहण गर्न पाउने , आफूले रोजेको समय स्थानमा शिक्षा प्राप्त गर्न पाइने, सिकारू स्वायत्त र स्वतन्त्र भएर ग्रहण गर्न सकिने शिक्षाको सूरूआत भयो । त्यो हो खुला शिक्षा । " खुला शिक्षा भनेको अनौपचारिक प्रकृतिको शिक्षा हो जो व्यापक र स्वअध्ययन प्रकृतिको शिक्षा हो, यो विद्यार्थीको आवश्यकता र चाहना अनुसार आफ्नो गतिमा आफ्नो सुविधा अनुसार पढ्न सक्ने शिक्षा हो, यो औपचारिक शिक्षाको विकल्पमा आएको नयाँ धारणाको शिक्षा हो " ( शर्मा एण्ड शर्मा: २०६३, पृष्ठ १२८ )

शिक्षाको परिवर्तित मान्यता अनुसार व्यक्ति, समाज र राष्ट्रलाई मात्र सम्बोधन गरेर पुग्दैन । विश्व परिवेशलाई समेत समेट्नु पर्दछ । वर्तमान विश्व परिवेश र स्थानिय ज्ञान, सीप बीचमा साञ्जस्य कायम गरी दुवैको संयोजनबाट प्राप्त नयाँ मिश्रित ज्ञानको विकाश गर्नु शिक्षाको परिवर्तित उद्धेश्य हो । यस्ता समग्र परिवर्तन वर्तमान अवस्थाको पहल र प्रयास अपर्याप्त भई रहेका सन्दर्भमा खुला शिक्षाको अवधारणाले व्यापकता पाएको छ । शिक्षण सिकाइ क्रियाकलापको व्यपकतालाई यस पद्धतिले उपयुक्त रूपमा सम्बोधन गर्ने गरेका दृष्टान्तहरू पनि देखिएका छन ।

खुला विद्यालयलाई विभिन्न शिक्षा विदहरूले आ–आफ्नै प्रकारले परिभाषित गरेका छन । " शिक्षाको क्षेत्रमा आएको नयाँ अवधारणाहरूको उपज खुला विद्यालय हो । औपचारिक शिक्षा लिन नसक्ने वा औपचारिक शिक्षा लिन बाट बञ्चित भएका सुविधाविहिन बालबालिकाहरूको लागि विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्न आएको अवधारणा खुला विद्यालय हो " ( शर्मा एण्ड शर्मा २०६३ : पृष्ठ १४६ ) । Dictonary of edication का अनुसार " समाजका कमजोर र सुविधाविहिन वर्गलाई शिक्षाको सुअवसर विस्तार गर्न लचकता र खुलापन ल्याउने गरी शिक्षा पद्धतिमा निर्माण गरिएको संस्था खुला विद्यालय हो " ( शर्मा एण्ड शर्मा २०६३ : पृष्ठ १४७ ) । औपचीरक विद्यालयको संस्थागत चौघेराबाट मुक्त गरी शिक्षार्थी केन्द्रित विद्यालयको स्थापना भन्ने कुराले खुला विद्यालयलाई इङ्गित गर्दछ । नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकाश केन्द्र, सानोठिमी, भक्तपुर द्वारा प्रकाशित दूर तथा खुला

सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिकामा खुला विद्यालयलाई परिभाषित गर्दै भनिएको छ । " खुला विद्यालय भन्नाले दूर शिक्षाको माध्यमबाट दूर शिक्षा / खुला सिकाइ विद्यालय तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न दूर शिक्षा समितिले सम्बन्धन प्राप्त गरेको संस्थालाई जनाउँछ " । (दूर तथा खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६३ :पृष्ठ २ ) ।

औपचरिक शिक्षाको विश्वव्यापी बाहुल्य हुंदाहुंदै पनि यसको औपचारिक कडा नियन्त्रित विशेषताले समाजको ठूलो हिस्सालाई समेट्न असमर्थ रह्यो । यसै परिवेशमा आज भन्दा करीव २५० वर्ष भन्दा अघि अनौपचारिक शिक्षाको रूपमा युरोप र उत्तर अमेरीकाका युवाहरूलाई पत्राचारको माध्यमबाट शिक्षा दिने कार्यको थालनी भएको मानिन्छ । अर्को शव्दमा भन्नु पर्दा पत्राचारको माध्यमबाट खुला सिकाइको सुरूवात भएको मानिन्छ । निश्चित उमेरका आधारमा विद्यालय भर्ना कार्यक्रम, सीमित दायरा समेटिएको, पूर्व निर्धारित पाठ्यक्रम, कडा अनुशासन, निश्चित स्थान र समयमा मात्र प्राप्त गर्न सकिने जस्ता विशेषता भएको औपचारिक शिक्षाले सबैलाई समेट्न नसकिरहेको अवस्थामा सन १९६२ मा वेलायती तल्लो सदनका प्रतिपक्षी सांसद हेराल्ड विल्सनले हवाइ विश्वविद्यालय, गृह अध्ययन विश्वविद्यालयको अवधारणा ल्याए ( शर्मा एण्ड शर्मा २०६३ः पृष्ठ १५३ ) । यस पछि खुला विश्वविद्यालय, गृह अध्ययन विश्वविद्यालय स्थापना गरी यिनै संस्था मार्फत नै विश्वविद्यालयस्तरको शिक्षा प्रदान गर्न थालियो ।

विश्वमा खुला शिक्षाको सुरूआतको इतिहास निकै लामो भएता पनि नेपालमा खुला शिक्षाको औपचारिक सुरूवातको रूपमा रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम भएको पाइन्छ । विद्यालयमा कार्यरत एस. एल. सी. उत्तीर्ण हुन नसकेका शिक्षकहरूलाई १० महिने शिक्षक तालिम दिई शिक्षणकला प्रदान गर्ने उद्धेश्यले २०३५ सालमा रेडियो शिक्षा शिक्षक आयोजना स्थापना भएको पाइन्छ । यसले प्रथम चरण, दोश्रो चरण, रेडियो शिक्षा, अन्तरक्रियात्मक कार्यक्रम समेत पुरा गरि सकेको छ । नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा हाल पनि दुर शिक्षा तथा खुला सिकाइ महाशाखा मार्फत विभिन्न शैक्षिक गतिविधि सञ्चालन गरिदै आएका छन ।

शैक्षिक शैक्षिक जनशक्ति विकास केन्द्रको दूर शिक्षा तथा खुला सिकाइ महाशाखाले आफ्नो कार्य क्षेत्र विस्तार गरी प्राथमिक शिक्षक तालिम, शैक्षिक कार्यक्रम र चेतनामूलक

कार्यक्रम सञ्चालन गर्दछ । माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तरगत निम्न माध्यमिक र माध्यमिक शिक्षक तालिम, एस. एल. सी. केन्द्रित अंग्रेजी, गणित र विज्ञान विषयमा विशेष कार्यक्रम सञ्चालन गर्दछ ।

मानव जीवनमा शिक्षाको उपादेयता के ? भन्ने कुरा बहसको विषय बन्न सक्ला । तर मानव संसाधनको विकास र गरीवि निवारणको एक सशक्त माध्यमको रूपमा शिक्षा मौलिक अधिकारको रूपमा स्थापित भयो । शिक्षामा विद्यालय उमेरका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न धैरै प्रयास गरिए । विद्यालयको स्थापना, शिक्षक संख्यमा बृद्धि, महिला शिक्षकको अनिवार्यता, पोशाक, छात्रबृत्ति, विद्यालयको भौतिक अवस्थामा सुधारका कार्यक्रमले पनि अपेक्षाकृत उपलव्धी दिन सकेनन ।

नेपालमा सबै भन्दा पहिले शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०३९ ले खुला विश्वविद्यालयको अवधारणा अघि सा-यो । २०४६ सालको परिवर्तन पछि प्रजातान्त्रीक मूल्य र मान्यता अनुरूपको शिक्षा सञ्चालन गर्न बनेको आयोगको प्रतिवेदन " नेपाल राष्ट्रिय शिक्षा आयोग–२०४९" ले पनि खुला विश्वविद्यालयको अवधारणालाई निरन्तरता दियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग– २०५५ ले यस भन्दा अघिका आयोग जस्तै खुला विश्वविद्यालयको स्थापना गर्ने कार्यको सिफारिस ग-यो । शिक्षा मन्त्रालयले बनाएको उच्चस्तरीय कार्य समिति २०५७ ले पनि यस कुरामा जोड दियो । यति मात्र नभइ नेपालको नवौं र दशौं योजनाले समेत आफ्नो शैक्षिक नीतिमा खुला विश्वविद्यालयको अवधारणा अघि सा-यो । यति हुँदा पनि नेपालमा खुला विश्वविद्यालयको स्थापना हुन सकेको छैन । विश्वविद्यालय अनुदान आयोगले पनि खुला विश्वविद्यालयको स्थापनाका लागि काम गरि रहेको अवस्था छ ।

गरीविको कारणले विद्यालय भर्ना नहुने, विचैमा विद्यालय छाड्नेको संख्या उल्लेख्य रह्यो । विद्यालय भर्ना भएर पनि परीक्षामा अनुत्तीर्ण हुनेहरूले हिनाताबोधका कारण विद्यालय शिक्षा नै परित्याग गरे । यसको परिणामस्वरूप विद्यार्थीलाई विद्यालय ल्याउने हैन विद्यार्थीको घर दैलोमै विद्यालय जाने सोच बोकेका दूर तथा खुला सिकाइको आवश्यकता महसुस गरियो । यसै सन्दर्भमा नेपालमा २०१५ साल सम्म सबैका लागि शिक्षा भन्ने नारालाई साकार पार्न विद्यमान शिक्षा प्रणालीको पूरकको रूपमा विद्यालय शिक्षाको अवसरबाट बाहिर रहेका केटाकेटीहरू, अवसरबाट बञ्चित समुदायहरू, कामदार, गृहिणी आदि विभिन्न समुदायलाई

विद्यालय र उच्च शिक्षा पहुँच भित्र पुऱ्याउन सेवा बिस्तार गर्ने ( खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका : निर्देशिका २०६५ ) उद्धेश्यले वि.सं. २०६३ सालमा सरकारले खुला शिक्षा नीति तथा निर्देशिका समेत स्वीकार गरी खुला विद्यालय मार्फत शिक्षा प्रदान गर्ने कार्यक्रम सञ्चालन भई रहेको छ । शैक्षिक सत्र २०६४ देखि परीक्षणका रूपमा देश भरका मावि तथा उच्च मा.वि.हरू मध्ये ५ वटा विद्यालय छनोट गरी कार्यक्रम सञ्चालन गरियो । दोश्रो वर्ष १७ र तेश्रो वर्ष थप ३० गरी जम्मा ५२ वटा विद्यालयमा माध्यमिक तहका खुला विद्यालय सञ्चालनमा आएका छन ।

राष्ट्र विकासको महत्वपूर्ण तत्वको रूपमा रहेको शिक्षा सबै जनताको पहुँचमा नरहेको कुरा समेतलाई मध्यनजर गर्दै सन १९९० मा थाइल्याण्डको जोम्टीङ्ग सहरमा भएको शिक्षा मन्त्रीहरूको सम्मेलनले सन २००० सम्ममा सबैका लागि शिक्षा घोषणपत्र जारी गरेको थियो । १० वर्ष लामो अथक प्रयत्न पछि पनि अपेक्षित उपलव्धी हासिल हुन नसके पछि World Education Forum ( विश्व शिक्षा मञ्च ) ले सेनेगलको राजधानी डाकारमा सबैका लागि शिक्षामा पुःन प्रतिवद्धता जाहेर गऱ्यो । नेपाल लगाययत विश्वका ११८ मुलुकका शिक्षा प्रतिनिधिहरूले सबैका लागि शिक्षाको दुरदृष्टि, लक्ष, उद्धेश्य, रणनीति र कार्यान्वयनको सर्वसम्मत प्रतिवद्धता जाहेर गरेका थिए । उक्त प्रतिवद्धता मत्रमा भनिएको छ " We the participants in the World Education Forum Committee ourselves to the achievement of Education For All ( EFA ) goals and targets for every citizen and every society " (World Education Forum, 2000 April ) बालबालिका, युवा, वयस्कहरूको शिक्षा प्राप्त गर्ने मानव अधिकार तथा बाल अधिकारको उच्च सम्मान गर्दै जोम्टीङ्ग घोषणा पत्रको पुःन समर्थन गरेका थिए । परिवर्तित सन्दर्भमा पुराना अनुभव सगाल्दै नयाँ वातावरणमा सामञ्जस्य कायम गर्न, व्यक्तिमा रहेको प्रतिभा प्रस्फुटित गराउन सहयोग गराउने एक मात्र साधन शिक्षा हो ।

अन्तर्राष्ट्रिय समुदायले सन १९९० को दशकमा खास गरी विश्व बालबालिका सम्मेलन १९९०, संयुक्त राष्ट्र संघ वातावरण तथा विकास सम्मेलन १९९२, विश्व मानवअधिकार सम्मेलन १९९३, विशेष आबश्यकता शिक्षा पहुँच र गुणस्तर विषयक विश्व सम्मेलन १९९४, जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९९४, विश्व सामाजिक विकास

सम्बन्धी सम्मेलन १९९५, महिला सम्बन्धी चौथो विश्व सम्मेलन १९९५, सबैका लागि शिक्षा अन्तर्राष्ट्रिय परामर्स मञ्चको मध्यकालीन वैठक १९९६, बयस्क शिक्षा सम्बन्धी पाँचौ अन्तर्राष्ट्रिय सम्मेलन १९९७, बाल श्रमिक सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९९७ मार्फत आधारभूत शिक्षाका लागि प्रतिवद्धताहरूको कार्यन्वयन हो। ( काफ्ले : २०६० पृष्ठ ३१२ )

सबैका लागि शिक्षा कार्यक्रमको मध्यावधि मूल्याङ्कन २००४ ले धेरै मुलुकहरूले शिक्षा क्षेत्रमा ठूलै प्रगति गरेको पाइएता पनि विश्वमा ११ करोड ३० लाख बालबालिका निरक्षर रहेको पाइयो । ८८ करोड बयस्कहरू निरक्षर रहनु, लैंगिक विभेद सूचांकमा खासै प्रगति नहुनु, रोजगारीको क्षेत्रमा युवा र बयस्कहरूले आधारभूत ज्ञान र सीप प्राप्त गर्न नसक्नु नकारात्मक संकेतहरू हुन । यति हुंदाहुंदै गुणस्तरीय शिक्षाको प्राप्ति बिना गरिवी निवारणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रक्षेपित लक्ष्य पुरा हुन सक्दैन। यसले समाजमा हुंदा खाने र हुने खाने बिचको दूरी अझ बढाउने छ।

बर्तमान प्रतिस्पर्धात्मक विश्वमा शिक्षा नै यस्तो साधन हो, जसले मानव जीवनलाई गुणस्तरीय बनाउँछ । मानिसले आफ्नो सामान्य व्यवहारिक जीवन सञ्चालन गर्न न्युनतम आधारभूत तहको शिक्षा पुरा गर्नै पर्दछ । आफ्नो राष्ट्रका विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय तहको शिक्षा र १५ वर्ष माथिका निरक्षर प्रौढलाई साक्षर बनाउन राज्यले बिभिन्न आकर्षक कार्यक्रम घोषणा गरेका छन । यसै परिवेशमा डाकार घोषणा पत्रको नेपाल एउटा सकृय साझेदार राष्ट्र भएको कारणले १५ वर्ष लामो दीर्घकालिन कार्यक्रमलाई सन २००४–२००९ र सन २००९–२०१५ गरी दुइवटा मध्यकालीन योजना तर्जुमा गरी लागु गरिसकेको छ।

नेपालले देशको आर्थिक स्थिति, भाषिक तथा जातीय विविधतालाई मध्यनजर गर्दै सबैका लागि शिक्षा कार्यक्रमका ७ वटा लक्ष्य निर्धारण गरेर प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता समेत व्यक्त गरेको छ।

१. खास गरी पिछडिएको र सुविधा विहिन बालबालिकाको लागि समेत बाल हेरचाह/बालविकास तथा बाल शिक्षाको स्थापना र सञ्चालन गर्ने ।

२. सन २०१५ सम्ममा सबै बालबालिकाहरूले विशेष गरी वालिकाहरू द्वन्दमा रहेका बालबालिकाहरू तथा जनजाति र अल्पसंख्यक समुदायका बालबालिकाहरूले पूर्ण रूपमा निःशुल्क र अनिवार्य शिक्षा प्राप्त गर्ने सुनिश्चितता ।

३. शिक्षाको आवश्यककता भएका सबै युवा र प्रौढहरूलाई सुहाउदो सिकाइ तथा जीवनोपयोगी सीप समान रूपमा हासिल गर्ने अवसर पाउने सुनिश्चितता

४. सन २०१५ सम्ममा हालको प्रौढ साक्षरता स्तरमा ५०% ले बृद्धि गर्ने । प्रौढहरू विशेष गरी महिलाहरूको लागि आधारभूत तथा निरन्तर शिक्षामा समान पहुँचको अवसर प्रदान गर्ने

५. सन २००५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा सन २०१५ शिक्षाका सम्पूर्ण क्षेत्रबाट लैंगिक विभेद हटाउने

६. गुणस्तरीय शिक्षाको सबै पक्षमा सुधार गरी खास गरी साक्षरता, गुणस्तरीय र जीवनोपयोगी सीप शिक्षा क्षेत्रमा सबैले उत्कृष्ट तथा मापनीय एबम् वस्तुनिष्ठ सिकाइ उपलब्धी सिकाइ उपलब्धी हासिल गर्ने निश्चितता प्रदान गर्ने

७. देश भित्रका बिभिन्न जनजाति र पृथक भाषाका अल्पसंख्यक जनताले आ–आफ्ना भाषामा मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने ।

शिक्षालाई सर्व सुलभ, जीवनोपयोगी बनाई सार्थक भविष्यको सुनिश्चितता प्रदान गर्न जनताको आवश्यकता अनुसारका कार्यक्रमहरू कार्यान्वयन भइ रहेका छन । यति हुदाहुदै पनि चेतनाको कमी, गरिवी तथा शिक्षा प्राप्त गरिसके पछि तत्काल प्रतिफलको ग्यारेण्टी नभएका कारण लक्ष्य अनुसारको प्रगति हुन सकेको छैन । यसको मूल कारण के हो त ? भनी खोजी गर्दा औपचारिक विद्यालयीय तथा विश्वविद्यालयीय शिक्षाले मात्र अपेक्षित लक्ष्य पुरा हुने संकेत देखिदैन । शिक्षा प्राप्त गर्ने उत्कट अभिलाषा हुंदाहुंदै पनि विद्यालय भर्ना नै नहुने, बीचैमा विद्यालय छाड्ने, अनुत्तीर्ण हुने, कक्षा दोहोऱ्याउने जस्ता शैक्षिक क्षतिजन्य प्रबृत्तिहरू देखा परे । खास गरी सुविधाविहिन, सीमान्तकृत वर्ग, जीवनयापनका लागि श्रम गर्नु पर्ने वर्ग, शैक्षिक र सामाजिक रूपले पिछडिएको वर्गमा यो प्रबृत्ति बढी देखा पऱ्यो । यसै कुरालाई मध्य नजर गरी

शैक्षिक जनशक्ति विकास केन्द्रले अनौपचारिक शिक्षा पद्धतिको खुला विद्यालय शिक्षा वि.सं. २०६४ साल देखि औपचारिक रूपमा सुरूआत गऱ्यो ।

हाल देशका विभिन्न भागमा गरी जम्मा ५२ खुला विद्यालय सञ्चालनमा छन । विद्यालयको नियमित समयमा अध्ययनको अवसरबाट बञ्चितहरूका लागि खुला विद्यालय बरदान सावित भएको छ । यसले एकातिर सुविधाविहिन र सीमान्तकृत समुदायलाई आकर्षित गरिरहेको पाइएको छ भने अर्को तिर सबैका लागि शिक्षा कार्यक्रमको लक्ष पुरा गर्न सहयोग गरिरहेको छ । निरक्षरताको भूमरीमा गलत मान्यता र अन्धविश्वासलाई अगाल्दै कष्टकर जीवन बिताउन वाध्य बालबालिका, वयस्क र प्रौढहरूलाई साक्षर र शिक्षित बनाउन राज्यको मूख्य दायित्व हो । जनता शिक्षित भएमा राष्ट्र विकासको महत्वपूर्ण साझेदार बन्न सक्दछन । यी सबै कुरालाई मध्यनजर गरी विद्यालय तहको शिक्षा लिनबाट बञ्चित समूदाय, कामदार, गृहिणी आदि बिभिन्न समुदायलाई विद्यालय र उच्च शिक्षाको पहुँच पुऱ्याउने हिसावले मानवीय स्रोत विकासको चिन्तन, सचेतीकरणको सिद्धान्त र अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई दार्शनिक आधार मानेर देशमा खुला सिकाइ कार्यक्रम मार्फत विद्यालयहरू सञ्चालन भएका छन ।

## १.२ समस्याको कथन

नेपालमा औपचारिक शिक्षाको इतिहास पनि त्यति पुरानो छैन । राणा प्रधानमन्त्री जङ्ग बहादुरको बेलायत भ्रमण पछि वि.सं. १९१० मा दरबार हाइ स्कुलको स्थापना भई नेपालमा औपचारिक शिक्षाको सुरूआत भएको हो । राणाहरूको निरंकुश शासन अवधिमा जनता शिक्षित भए राज्य विद्रोह हुन सक्ने खतराको त्रासबाट अत्यन्तै सीमित मात्रामा शैक्षिक गतिविधिहरू सञ्चालन भए । शुन्य प्रायः रहेको नेपालको शैक्षिक गतिविधिलाई उकास्न वि.सं. २००७ सालको प्रजातन्त्रको स्थापना पछि बिभिन्न योजना तथा परियोजना मार्फत औपचारिक, अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिए । ठूलो धनराशी खर्च गर्दा पनि अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन ।

औपचरिक शिक्षाबाट मात्र राज्यका सबै नागरिकलाई शिक्षाको दायरा भित्र समेट्न असम्भब छ भन्ने कुरा शिक्षाविदहरू पाउलो फेरे, इभान इलिच, हार्विसन अदिले प्रमाणित गरिसकेका छन । यस्तै शिक्षाका सिद्धान्त र व्यवहारिक धरातलको मूल्याङ्कन गरी नेपालमा पनि

अनौपचारिक शिक्षाका कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरिएका छन । प्राथमिक शिक्षा विस्तार कार्यक्रम ( Out of School Reach Children Programme ) अनौपचारिक प्राथमिक शिक्षा ( Flxible Schooling Programme ) खुला विद्यालय शिक्षा, प्रौढ शिक्षा, महिला शिक्षा, आयमूलक कार्यक्रम जस्ता शैक्षिक कार्यक्रम सञ्चालन भई " सबैका लागि शिक्षा " " निरक्षरता उन्मूलन कार्यक्रम " जस्ता विश्वव्यापी नारालाई साकार पार्न कार्यान्वयन पक्षमा जोड दिइएको छ ।

यति धैरै प्रयासका वावजुद पनि सन २००९ सम्ममा प्राथमिक तहको खुद भर्ना दर ९२%, माध्यमिक तहको खुद भर्नादर २१%, १५ देखि २४ वर्षको साक्षतादर ७५%, ६ वर्ष माथिको साक्षरता दर ६९% र १५ वर्ष माथिको साक्षरता दर ५६% मात्र छ । शैक्षिक क्षतिको दर उच्च छ । कतिपय बालबालिका विद्यालय शिक्षाको पहुँचबाट टाढै छन । विद्यालय भर्ना भएकाहरूले पनि कतिपय कारणले विद्यालय शिक्षा नै परित्याग गर्ने गरेका छन । यसरी विभिन्न कारणले विद्यालय शिक्षा पुरा गर्न नसकेका बालबालिकाहरू, गृहिणीहरू, मजदुरहरू, घरेलु सहायकको रूपमा काम गर्नेहरू, न्यून आय भएका कर्मचारी तथा व्यवसायीहरूलाई विद्यालय तह सम्मको शिक्षा पुरा गराउने उद्धेश्यले नेपाल सरकारले अनौपचारिक प्रकृतिको खुला विद्यालय शिक्षा कार्यक्रम देशका विभिन्न भागमा सञ्चालन गरिरहेको छ ।

विद्यालय उमेरका ( ५वर्ष देखि १४ वर्ष सम्मका ) बालबालिका, शैक्षिक सीमान्तकृत वर्ग, जीबनको क्रियाशील उमेरका सबैलाई आवश्यकता अनुसारको शिक्षा उपलव्ध गराउन सन २००० मा डाकार घोषणा पत्र " सबैका लागि शिक्षा " मा नेपालले प्रतिबद्धता व्यक्त गरि सकेको छ । यसरी व्यक्तिको चाहना, इच्छा, आवश्यकता उमेर अनुसारको शिक्षा उपलव्ध गराउन औपचारिक शिक्षाबाट मात्र सम्भब छैन । यस समस्या समाधानको एउटा उत्कृष्ट विकल्प खुला विद्यालय शिक्षा कार्यक्रम हो । खुला विद्यालयको स्थापना मात्र समस्याको समाधान होइन । यसको व्यवस्थापन, सुसञ्चालन, आर्थिक व्यवस्थापन तथा कार्यक्रमहरू विद्यार्थी केन्द्रित हुनु पर्दछ । खुला विद्यालय मार्फत विद्यालय शिक्षाको अवसरबाट बञ्चित समूह सहज रूपमा आफ्नो आवश्यकता अनुरूपको शिक्षा प्राप्त गर्न सक्दछन भन्ने कुरा नीति निर्माताले मात्र बुझेर हदैन । यसका लागि त खुला विद्यालय शिक्षाका उपभोक्तालाई राज्यले यो कार्यक्रम हाम्रै उच्चतम भलाईका लागि ल्याएको हो भनी विश्वस्त तुल्याउन सक्नु पर्दछ ।

नेपालमा सबै भन्दा पहिले शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०३९ ले खुला विश्वविद्यालयको अवधारणा अघि सार्‍यो । २०४६ सालको परिवर्तन पछि प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूपको शिक्षा सञ्चालन गर्न बनेको आयोगको प्रतिवेदन " नेपाल राष्ट्रिय शिक्षा आयोग–२०४९" ले पनि खुला विश्वविद्यालयको अवधारणालाई निरन्तरता दियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग– २०५५ ले यस भन्दा अघिका आयोग जस्तै खुला विश्वविद्यालयको स्थापना गर्ने कार्यको सिफारिस गर्‍यो । शिक्षा मन्त्रालयले बनाएको उच्चस्तरीय कार्य समिति २०५७ ले पनि यस कुरामा जोड दियो । यति मात्र नभइ नेपालको नवौं र दशौं योजनाले समेत आफ्नो शैक्षिक नीतिमा खुला विश्वविद्यालयको अवधारणा अघि सार्‍यो । यति हुँदा पनि नेपालमा खुला विश्वविद्यालयको स्थापना हुन सकेको छैन । विश्वविद्यालय अनुदान आयोगले पनि खुला विश्वविद्यालयको स्थापनाका लागि काम गरि रहेको अवस्था छ । यसरी सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य परिपुर्तिको सशक्त कार्यक्रम खुला शिक्षा पटक पटक कागजी योजनामा आउने तर कार्यान्वयनमा नआउँदा मूल कार्यक्रमकै प्रगति/उपलब्धीमा न्युनता आउने खतरा पनि उत्तिकै छ ।

विद्यालयस्तरको खुला विद्यालय शिक्षा कार्यक्रम हाल प्रारम्भिक चरणमै छ । सञ्चालनको सुरूका दिनमा प्राप्त गरेको उपलब्धीलाई आधार मानेर यसको उपलब्धी किटान गर्न कठिन छ । यसको सञ्जाल भोलिका दिनमा विस्तार हुँदा व्यवस्थापकीय, प्रशासकीय तथा आर्थिक व्यवस्थापनको क्षेत्रमा के कस्ता समस्या आउन सक्दछन ? त्यसका बारेमा अनुसन्धान हुन बाँकि नै छ । उपर्युक्त समस्याहरूलाई समाधान गर्न हाल सम्म कुनै ठोस सुझाव प्रकाशन भएको पाइएको छैन । तसर्थ प्रस्तुत यिनै समस्यालाई आधार बनाएर यसको समाधानको लागि ठोस सुझाव दिने उद्धेश्यले यो शोधकार्यलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

करीव २५० वर्ष अघि उत्तर अमेरीकामा पत्राचारको माध्यमबाट सुरू भएको खुला शिक्षा सन १९६० को दशकमा वेलायतमा खुला सिकाइलाई विधिवत रूपमा स्थापना र सञ्चालन गरियो । नेपालमा अनौपचारिक शिक्षाका विविध कार्यान्वयन प्रकृयाहरू चलन चल्तीमा आएता पनि खुला विद्यालय शिक्षाको औपचारिक सुरूवात वि.सं. २०६४ सालबाट

सुरू भएको हो । खुला विद्यालय स्थापनाको मूख्य उद्धेश्य सन २०१५ सम्ममा सबैका लागि शिक्षा उपलव्ध गराउन राष्ट्रिय प्रतिवद्धताको पुरकको रूपमा पनि रहेको छ । यो कार्यक्रम राज्यको तर्फबाट ल्याइएको कार्यक्रम भएकोले निश्चित नीति, नियम, निर्देशिका अनुसार सञ्चालन भइ रहेको छ । यसको सञ्चालन व्ययभार राज्यले व्यहोरिरहेको छ । यो कार्यक्रम सञ्चालनको प्रारम्भिक चरणमै भए पनि पाठ्यक्रम, शैक्षिक सामग्री निर्माण, आर्थिक व्ययभार आदि कुरामा समस्या देखिन थालिसकेका छन ।

प्रारम्भिक अवस्थामा देखिने समस्याहरू गम्भिर प्रकृतिका र समाधान गर्न नसकिने हुदैनन । तर समयमै ती समस्याको जड पत्ता लगाई सहज समाधान खोजिएन भनेपछि त्यसले विकराल रूप लिन सक्दछ । एउटा सुन्दर दुरदृष्टि राखेर कार्यान्वयनमा ल्याइएको खुला विद्यालयको भविष्यमा प्रश्न चिन्ह नलाग्ला भन्न सकिन्न । कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरू हुन्छन । सकारात्मक पक्षको निरन्तरता र नकारात्मक पक्षको सकारात्मक पक्षमा रूपान्तरण गरिनु पर्दछ । यस शोध कार्यमा खुला विद्यालय स्थापना गर्दाको उद्धेश्य अनुसार यसले के कति उपलव्धी प्राप्त गरेको छ ? सुविधाविहिन र सीमान्तकृत वर्गलाई लक्षित गरी ल्याइएको यो कार्यक्रम कसरी गुज्रीरहेको छ ? यसले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य परिपुर्ति गर्न कस्तो सहयोग गरेको छ ? भन्ने कुराको यस शोधकार्यमा अनुसन्धान गर्ने जमर्को गरिएको छ ।

खुला विद्यालय सञ्चालनको हालको अवस्था पहिचान गर्नु, अहिले देखिएका समस्या समाधानका उपाय पत्ता लगाउनु, खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव पत्ता लगाउनु, विद्यालयको नियमित समयमा उपस्थित भइ अध्ययन गर्न नसक्नेहरूको आकर्षण खुला विद्यालय शिक्षा प्रति केन्द्रित गराउन अपनाउनु पर्ने उपायहरूको सुझाव पेश गर्नु यसको मूख्य उद्धेश्य रहने छ । सञ्चालनमा आएका खुला विद्यालयको गहन विश्लेषणबाट प्राप्त सुझवहरूले यसका सरोकारबालाहरूको ध्यान आकृष्ट गर्न सक्यो र सुझावहरू कार्यान्वयनको चरण सम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने भएकाले यो शिर्षकमा अनुसन्धान कार्य गरिएको हो ।

## १.४ अध्ययनको उद्धेश्य

यस शोध कार्यका उद्धेश्यहरू निम्नानुसार रहेका छन ।

क) खुला विद्यालय शिक्षा कार्यक्रमको वर्तमान अवस्थाको पहिचान गर्नु,

ख) खुला विद्यालयले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव लेखाजोखा गर्नु,

ग) खुला विद्यालय कार्यक्रममा देखिएका समस्या विश्लेषण गर्नु,

घ) खुला विद्यालय कार्यक्रमलाई प्रभावकारी बनाउने उपाय प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

क) खुला विद्यालयको वर्तमान अवस्था कुन परिस्थितिबाट गुज्रिरहेको छ ?

ख) के खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य पुरा गर्न सहयोग गरेको छ ?

ग) खुला विद्यालय शिक्षा कार्यक्रममा के कस्ता समस्याहरू छन र तिनीहरूको समाधानका के कस्ता उपायहरू हुन सक्दछन ?

घ) सुविधाविहिन र सीमान्तकृत समूहको शिक्षामा पहुँचको अनुपात कस्तो छ ?

## १.६ अध्ययनको परिसीमा

जति बढी नमूनाहरूको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणबाट निस्केको निष्कर्ष त्यति नै बढी विश्वसनीय र सामान्यीकरण योग्य हुन्छ । यो शोधकार्य एउटा एम.एड. तहको विद्यार्थीले सम्पन्न गर्नु पर्ने र उ संग समय, साधन र रकमको अभाव हुने भएकाले यस शोधकार्यको अध्ययनको लागि झापा जिल्लामा सञ्चालित २ वटा खुला विद्यालयहरू श्री देवी मावि, विर्तामोड र श्री हिमालय उमावि, दमक झापामा सीमित गरिएको छ । दुवै विद्यालयका प्रधानाध्यापक, खुला शिक्षा तर्फका सबै सहजकर्ता शिक्षक, जिल्ला शिक्षा कार्यालय, झापाका अनौपचारिक शिक्षा हेर्ने विद्यालय निरीक्षकलाई लिइएको छ । प्रत्येक विद्यालयबाट ५ छात्र र ५ छात्रालाई पनि नमूनाको रूपमा लिइएको छ ।

विद्यार्थीहरूको भर्ना विवरण, सम्पर्क कक्षामा उपस्थितिको विवरण, शिक्षकहरूको विवरण, विद्यालयको अभिलेखबाट लिइएको छ । विद्यार्थी अभिलेख विवरण, प्रश्नावली तथा

रूजुसूचीको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । औपचारिक शिक्षा र खुला शिक्षा तर्फका विद्यार्थीहरूको कक्षागत उपलब्धीको तुलना, शिक्षकको व्यवस्था, विद्यालयका कुल विद्यार्थी मध्ये खुला तर्फका विद्यार्थीको भर्ना प्रतिशत, आर्थिक आय व्ययको तुलना, शैक्षिक सामग्रीको व्यवस्थापन, मूल्याङ्कन प्रकृया, पाठ्यक्रम कार्यान्वयनको अवस्था, विगत ३ वर्षको विद्यार्थी भर्ना विवरण तथा ती संग सम्बन्धित समस्याहरूको विश्लेषण गर्ने कार्य गरिएको छ । खुला विद्यालयको सञ्चालनले विद्यालयलाई भौतिक पक्षको व्यवस्थापन र आर्थिक पक्षको व्यवस्थापन गर्न कुनै कठिनाइ भए त्यसका बारेमा पनि छलफल गरी तथ्याङ्क संकलन गरिएको छ । खुला विद्यालय शिक्षा सम्बन्धी राज्यद्वारा निर्धारण गरिएको बैधानिक प्रावधानको विद्यालयमा के कति पालना गरिएको छ ? त्यो समेत अध्ययनको क्रममा हेरिएको छ । आंशिक उद्धेश्यको परिपुर्तिको लागि तयार गरिएको यो शोधकार्यबाट प्राप्त निष्कर्ष देश भर समान रूपले सामान्यीकरण गर्न नसकिने हुन सक्दछ ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको अध्ययन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

नेपालमा खुला विद्यालय शिक्षाको सुरूआत भएको चार वटा शैक्षिक सत्र मात्र बितेका छन । यस क्षेत्रमा/विषयमा यस भन्दा अघि कुनै शोधकार्य भएको पाइएन । बिभिन्न पत्र पत्रिका तथा जर्नलहरूमा खुला विद्यालय शिक्षा सम्बन्धी लेखहरू पनि प्रशस्त मात्रामा प्रकाशन भएको पाइएन । नेपालको खुला विद्यालय शिक्षा कार्यक्रम प्राथमिक चरणमै छ । यसको हाल सम्मको उपलब्धि र प्रभावकारितालाई हेरेर अहिल्यै मूल्याङ्कन गर्नु पनि अलिक हतार गरेको ठहरिन सक्दछ । तै पनि उपलव्ध लेख, रचना, पुस्तकहरूको अध्ययन गरेर खुला विद्यालय शिक्षा संग सम्बन्धित साहित्यको समीक्षा गर्ने जमर्को गरिएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित दूर शिक्षा विशाषांक ( २०६३ ) मा दीपक शर्माले "खुला विद्यालय सञ्चालनः नीतिगत सोच, परिवेश, आवश्यकता र चुनौति शिर्षकमा एउटा लेख लेख्नु भएको छ । जङ्गबहादुरको वेलायत भ्रमण पछि नेपालमा विद्यालयीय शिक्षा भित्रिए पनि यो सीमित वर्गमा खुम्चिएर रह्यो । बिभिन्न शिक्षा आयोगहरूले शिक्षा बिना राष्ट्रको अर्थ व्यवस्थामा सुधार नहुने सुझाव दिएता पनि शिक्षाको उज्यालो घामले सबै वर्गविशेषलाई छुन सकेन । वि.सं. २०४७ को प्रजातन्त्रको पुनर्वहाली पछि दूर शिक्षा विधिबाट विद्यालय शिक्षा दिन सकिने कुरा आठौं पञ्च वर्षीय योजनामा उल्लेख भयो । शिक्षा ऐन २०२८ को सातौं संसोधनले अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ भनी उल्लेख गऱ्यो । दूर शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका २०५९ मा खुला विद्यालय सञ्चालन गर्न चाहेमा सम्बन्धन दिन सकिने कुरा उल्लेख भयो । आठौं पञ्चवर्षीय योजनामै अघि सारिएको दूर शिक्षा प्रणालीबाट शिक्षा दिन सकिने नीतिले दशौं पञ्चवर्षीय योजना अवधि सम्ममा पनि कार्यान्वयन हुन सकेन ।

राष्ट्रिय योजना आयोगले २०४९ सालमै भविष्यमा खुला विश्वविद्यालयको स्थापना गर्नु पर्छ भन्ने उल्लेख गरे पनि यसले मूर्तरूप लिन सकेन । नवौं योजना अवधिमा ४५% बालबालिकाले मात्र माध्यमिक शिक्षामा प्रवेश पाएको अवस्थामा शत प्रतिशतलाई शिक्षाको

अवसर दिने योजना बन्यो । सबै वर्गलाई शिक्षामा समान अवसर प्रदान गर्ने, शिक्षालाई गुणस्तरीय बनाई यसलाई राष्ट्रिय विकासको मूलधारको रूपमा विकसित गर्ने दीर्घकालीन शिक्षा नीति बनेको थियो । अवसर, विस्तार र लागत प्रभावकारिताका लागि खुला विश्वविद्यालय र खुला माध्यमिक तथा उच्च माध्यमिक विद्यालय स्थापना गर्ने नीति र कार्यनीतिमा उल्लेख गरिएको थियो । नवौं पञ्चवर्षीय योजनामै खुला विद्यालय सञ्चालन गर्ने कुराले दशौं योजनामा निरन्तरता पाउन सकेन । तर योजना अवधिमा गर्ने भनिएका आठ वटा नीतिगत सुधारका बुँदा मध्ये अन्तिम बुँदामा शैक्षिक प्रविधिको प्रयोग बाट आधुनिक शिक्षाको पहुँच सर्बसुलभ गराउन खुला शिक्षा तथा दूर शिक्षा प्रणाली लागु गर्ने कुरा उल्लेख छ ।


शिक्षा विभागद्वारा प्रकाशित २०६१ सालको शैक्षिक तथ्याङ्क अनुसार निमावि तहमा खुद भर्ना दर ४३.९% र माध्यमिक तहको खुद भर्ना दर ३२% मात्र छ । यस सन्दर्भमा बालबालिकाहरू किन विद्यालय गइरहेका छैनन ? यसका बारेमा गहन अध्ययन जरूरी छ । दशौं पञ्च वर्षीय योजनाले देशका करीव ३८% जनता गरिवीको रेखामुनि रहेको तथ्याङ्क देखाएको छ । एकातिर शैक्षिक चेतना जगाएर विद्यालयमा सबै विद्यालय उमेरका बालबालिका विद्यालय भर्ना गर्नु पर्ने छ भने अर्का तिर शिक्षाको माध्यमबाट गरिवी निवारण गर्नु आवश्यक छ । नियमित समयमा विद्यालय जान नसक्नेलाई विद्यालयीय शिक्षा र विभिन्न कारणले विद्यालय शिक्षाबाट बञ्चित समूहलाई खुला विद्यायको स्थापना गरी शिक्षामा सुलभ पहुँच पुऱ्याउनु आजको टडकारो आवश्यकता हो ।

काफ्ले ( २०६३ ) ले दूर शिक्षा विशेषांक पत्रिकामा "खुला शिक्षाको सैद्धान्तिक धरातलमा नेपालमा व्यावहारिक उपयोगको भविष्यपरक दृष्टिकोण" शिर्षकमा एउटा विश्लेषणात्मक र समय सापेक्ष लेख लेख्नु भएको छ । ज्ञान, सीप, प्रविधि आदिको कारणबाट मानव जीवन शैलीमा आएको परिवर्तन शिक्षाकै कारणले गर्दा हो र गरिवी, अशिक्षा, भोकमरी, कष्टकर जीवन शिक्षाको पहुँच नपुगेकाले गर्दा हो । सबैलाई शिक्षाको समान पहुँच पुऱ्याउने विकल्पको खोजी गर्दै जाँदा खुला शिक्षाको उदय भयो । यस लेखमा नेपालको सन्दर्भमा खुला शिक्षा अझ उपयोगी छ भन्ने कुरा पुष्टि गरिएको छ । नेपालका अद्वित्तीय विशेषताहरू जातीय, भाषिक, साम्प्रदायिक, वहुलता, भौगोलिक विविधता, सास्कृतिक विविधतालाई समेट्न खुला

शिक्षा सक्षम छ भनी उल्लेख गरिएको छ । खुला शिक्षाको यत्रो महत्व हुंदांहुदै पनि अपेक्षित प्रगति हुन नसक्नुका कारणहरू पनि उल्लेख छ ।

औपचारिक शिक्षाको यति ठूलो जालो हुंदांहुदै पनि खुला शिक्षाको किन आवश्यकता पऱ्यो त ? भन्ने सन्दर्भमा यस लेखमा स्पष्ट मार्ग दर्शक सुझाव प्रस्तुत गरिएको छ । खुला विद्यालय शिक्षा कम खर्चिलो शिक्षा हो । भौगोलिक रूपमा विकट र दूर्गम भेगका लागि उपयुक्त शिक्षा हो । आफ्नो कार्य पेशामै रहेर शिक्षा लिन सकिन्छ । खुला शिक्षा औपचारिक शिक्षाका लागि पनि उपयोगी हुन्छ । आफु संग भएको ज्ञान, सीप र प्रविधिलाई अद्यावधिक गर्न सहज हुन्छ । विश्वव्यापीकरण र स्थानियकरण बिचको सम्बन्ध प्रगाढ बनाउने माध्यम भनी खुला शिक्षाको आवश्यकता प्रष्ट्याइएको छ । वर्तमान सन्दर्भमा नेपालमा खुला शिक्षाको बहुआयामिक उपयोगितालाई निम्न बमोजिम चित्रात्मक प्रस्तुती गरिएको छ । प्रस्तुत चित्रात्मक प्रस्तुतीले नेपालले सन २०१५ सम्ममा सबैका लागि शिक्षा प्रदान गर्न गरेको प्रतिवद्धता पुरा गर्न खुला शिक्षाको अपरिहार्यतालाई उजागर गर्न सकिन्छ ।

तालिका १ : खुला शिक्षाको महत्व




स्रोतः दूर शिक्षा विशेषांक, २०६३, शैक्षिक जनशक्ति विकाश केन्द्र

यसका लागि हामीले हैसियत बढाउन नसकेरै पछाडि पर्नाका कारणहरू पहिचान गरी नयाँ संस्था जन्मनासाथ त्यसको नेतृत्वमा आउने विवादको संस्कृति सम्बन्धमा पूर्ववत सतर्कता

अपनाउन सकेमा आरम्भको पक्ष राम्रो हुँदै जाने कुराको अपेक्षा गर्न सकिन्छ । नयाँ खुला विद्यालयको स्थापना र सञ्चालन गर्ने व्यक्ति वा संस्थाले अग्रसरता नदेखाएकै कारणले खुला विद्यालय शिक्षा कार्यक्रमले गति नलिएको भन्नेहरूले त्यसको नेतृत्व लिन अग्रसर भएमा त्यसको विकास सहज हुने थियो भनी लेखको समापन गरिएको छ ।

यस लेखमा औपचारिक शिक्षाले सबै तह र तप्काका जनतालाई समेट्न नसकेका कारणले खुला शिक्षाको आवश्यकता महसुस भएको हो भनी खुला शिक्षाको औचित्य पुष्टि गर्ने प्रयास गरिए पनि औपचारिक शिक्षाका कुन कुन पक्षमा सुधार गर्नु आवश्यक छ भनी उल्लेख गरिएको छैन । खुला विद्यालयको स्थापना पछि विद्यालयनै प्रवेश नगरेका वा एक पटक विद्यालय शिक्षामा प्रवेश गरी विद्यालय परित्याग गरेकाहरूलाई पुनः शिक्षाको दायरामा ल्याउन खुला विद्यालयको कुन पक्षमा के के सुधार वा थप गर्नु पर्दछ भनी उल्लेख गरिदिएको भए यो लेख समसामयिक बन्ने थियो ।

शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा नामक पुस्तकको खुला विद्यालयीकरणको अवधारणा शिर्षकमा “विद्यालयीकरण भनेको विद्यालयलाई संस्थागत गर्नु हो, विद्यालयको चार घेरा भित्र बन्द गर्नु हो । यस्तो घेराबन्दीबाट विद्यार्थीले उचित शिक्षा प्राप्त गर्न सक्दैन । अहिलेको विश्व सबैका लागि शिक्षा कार्यान्वयन गर्ने अवधारणामा लागेको छ । विकसित, अल्पविकसित र अविकसित सबै मुलुकहरू साक्षरता र सामाजिक विकासका लागि अघि बढेका छन । खुला विद्यालयीकरणको अवधारणा अघि बढेको छ” । ( शर्मा एण्ड शर्मा : २०६३ )

“निरक्षरताको उन्मूलन गर्ने, उच्च शिक्षाको बढ्दो माग पुरा गर्ने, सबैलाई शिक्षाको सुअवसर प्रदान गर्ने, शिक्षामा विविधिकरण र व्यावसायीकरण गर्ने विविध कार्यमा संलग्न व्यक्तिलाई निरन्तर शिक्षा प्रदान गरी शिक्षा विकास गर्ने, व्यक्तिगत, सामाजिक र राष्ट्रिय विकासमा टेवा पुऱ्याउने” मा ( शर्मा एण्ड शर्मा : २०६३ पृष्ठ १५१ ) । जस्ता खुला विद्यालयका दीर्घकालीन उद्धेश्य हुन सक्ने कुरा उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा अनौपचारिक शिक्षा प्राप्त गर्नेहरूलाई औपाचारिक शिक्षाका विभिन्न तहहरूमा प्रवेशका लागि तयार गर्ने खुला विद्यालयहरू तथा व्यावसायिक शिक्षाका विभिन्न तहहरू सहायक हुन सक्दछन । विश्वविद्यालयमा प्रवेश लिई उच्चस्तरीय शिक्षाा प्राप्त गर्न नसक्नेहरूलाई खुला विश्वविद्यालय द्वारा पत्राचार शिक्षा, रेडियो

र टी.भी. का माध्यमबाट नियमित रूपमा पाठ्यसामग्री दिएर दूर शिक्षणका विभिन्न पद्धति समेत अगाली शिक्षा दिन सकिन्छ । प्रस्तावित खुला विश्वविद्यालयले व्यक्तिगत परीक्षार्थीहरूको परीक्षा लिने काम मात्र नगरी औपचारिक रूपमा नियामित कक्षाहरू पनि सञ्चालन गर्नु पर्दछ भन्ने कुरा उल्लेख छ ।

## २.२ सैद्धान्तिक खाकाको अध्ययन

खुला विद्यालय शिक्षा अनौपचरिक प्रकृतिको शिक्षा हो । विद्यालय शिक्षाबाट बञ्चित समूह तथा एक पटक विद्यालय शिक्षामा प्रवेश गरी विविध कारणले विद्यालय शिक्षा परित्याग गर्न वाध्य भएको समूहलाई आफ्नो जीवन यापनको पेशालाई कायम राख्दै शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न सबैका लागि शिक्षा सर्व सुलभ बनाउन आएको नविनतम कार्यक्रम खुला विद्यालय शिक्षा हो । शिक्षाविदहरू द्वारा प्रतिपादित शिक्षाका विभिन्न सिद्धान्तहरू मध्ये खुला विद्यालय शिक्षा पनि कुनै न कुनै सिद्धान्त संग अन्तरसम्बन्धित छ । पाउलो फ्रेरे ( सन १९७० ) को सचेतीकरणको सिद्धान्त, हार्विसन ( सन १९७० ) मानवीय स्रोत विकासको सिद्धान्त, अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लो ( सन १९४३ ) अभिप्रेरणा सम्बन्धि सिद्धान्तमा आधारित रहेर यो शोध कार्य तयार पारिएको छ ।

ब्राजिलियन शिक्षाशास्त्री पाउलो फ्रेरे ( सन १९७० ) का अनुसार समाजमा सुविधाविहिन, सिमान्तकृत र निमूखा मानिसहरूलाई शिक्षाको माध्यमबाट सचेत बनाई शिक्षाको मूलधारमा ल्याउनु नै सचेतीकरणको सिद्धान्त हो । शिक्षाको अभावमा मानिस समाजमा पछि पर्दछ । औपचारिक शिक्षामा कमजोर वर्गको पहुंच नभएकै कारणले समाज सुविधा भोगी र सुविधाविहिनमा विभाजित भएको हो । शिक्षकले पढाउंदा विद्यार्थीको चाहना, इच्छा, आकांक्षा, आवश्यकता र समुदायको मा समेतलाई विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्दछ । ( पाउलो फ्रेरे, काफ्ले : पृष्ठ २९८, २०६१ ) ।

हार्विसन ( सन १९७० ) का अनुसार अनौपचारिक शिक्षा मानव स्रोत विकासको माध्यम हो । प्राकृतिक स्रोतको विकास गर्नु भन्दा पहिले मानवीय स्रोत विकास गर्नु पर्दछ । विकसित मानव स्रोतले आफै प्राकृतिक स्रोतको खोजी गर्दछ । मानव स्रोत विकासको लागि तालिम, सीप, शिक्षा दिन नै अनौपचारिक शिक्षाको विकास भयो । ( हार्विसन, काफ्ले : पृष्ठ

२९५ २०६१ ) । मानवीय स्रोत विकास चिन्तनको मूख्य आसयनै मानवीय चिन्तनमा विकास ल्याउनु हो, मानवीय सोचमा परिवर्तन ल्याउनु हो, मानिसलाई क्रियासील र ज्ञान, सीपयुक्त बनाउनु हो । यी सबै कुरा सम्भब बनाउन सर्ब व्यापी र सर्ब सुलभ शिक्षा, उपयोगी र सान्दर्भिक शिक्षा, नयाँ शैक्षिक प्रविधिको विकास र शिक्षाका सुअवसरहरूमा विस्तार गर्न अनौपचारिक शिक्षा उपयुक्त छ ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लो ( सन १९४३ ) का अनुसार " मानिसका प्रसस्त इच्छा, चाहना, आवश्कताहरू हुन्छन । त्यसको परिपूर्ति पनि अन्य इच्छा, आवश्यकता र चाहनाहरू थप भइ रहन्छन । मानिसका कुनै चाहना पुरा हुन सक्दछन । तर चाहना र आवश्यकताको पूर्णता कहिल्यै हुदैन । जुन प्राप्तिका लागि उत्प्रेरित हुने गर्दछ । मानिसका अप्राप्त चाहनाहरू अनगिन्ती हुन्छन । जसलाई कार्यबद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका आवश्यकताको परिपूर्ति पछि प्राथमिकता क्रमको आधारमा उच्चस्तरका आवश्यकताको परिपूर्तिका लागि मानिस उत्प्रेरित हुदै जान्छ । ( मास्लो १९४३, कोइराला र श्रेष्ठ २०६३, पृष्ठ १४४ )

मास्लोले मानवीय आवश्यकताहरूको क्रमिक श्रृंखला तयार पारेका छन । एउटाको प्राप्ति पछि उच्चतम आवश्यकता प्राप्ति नहुन्जेल मानिस लागिरहन्छ । उनले मानवीय आवश्यतालाई ५ भागमा बाँडेका छन । क)शारीरिक आवश्यकता, ख) सूरक्षात्मक आवश्यकता, ग) सामाजिक मान्यता, घ) आत्म सम्मानको आवश्यकता, ङ) आत्म सन्तुष्टिको आवश्यकता । शारीरिक आवश्यकताको पूर्तिमा लागेको मान्छे माथिल्लोस्तरको आवश्यकता प्राप्तिका लागि उत्प्रेरित हुदै आत्म सन्तुष्टि सम्मको श्रृंखला पार गर्दछ । यीनै आवश्यकताको प्राप्तिका लागि मानिस उत्प्रेरित भइरहन्छ ।

## २.३ शैक्षिक उपादेयता

बिभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, नीति, नियम, निर्देशिका समेतको अध्ययन गरी यो शोधकार्य तयार पारिएको छ । अध्ययन गरिएका यी ग्रन्थहरूले सबैका लागि शिक्षा उपलव्ध गराउन अनौपचारिक शिक्षाले एक सशक्त शैक्षिक कार्यक्रम हो भन्ने कुरा पुष्टि गरेका छन । अनौपचारिक शिक्षा अन्तर्गतको खुला विद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन सुदृढीकरण

गर्न, शिक्षाको वैकल्पिक बाटो बुझ्न र खुला विद्यालयको स्थापनाले सबैलाई सर्ब सुलभ शिक्षा प्रदान गर्न सहयोग गरिरहेको पाइएको छ । तसर्थ यी अध्ययन गरिएका सामग्रीको खुला विद्यालय स्थापना, सञ्चालन र सबैका लागि शिक्षा उपलव्ध गराउन शैक्षिक उपादेयता रहेको छ ।

पाउलो फ्रेरे ( सन १९७० ) को सचेतीकरणको सिद्धान्तको ढाँचा धार्मिक उदारवादमा आधारित ढाँचा हो । समाजमा चलेको संस्कारले समाजको एक हिस्सालाई दबिएर, थिचिएर, मिचिएर रहन वाध्य बनाएको छ । तसर्थ समाजमा धार्मिक समानता प्राप्त गरी धार्मिक उदारता जागरण विकास गर्नु पर्दछ । समाज वर्गीय छ । वर्गीय आवश्यकता फरक फरक हुने हुनाले हरेक सामाजिक संरचनालाई आलोचनात्मक विश्लेषण गरिनु पर्दछ । यस्तो वर्ग विश्लेषण व्यक्ति विशेषका बिचारका आधारमा सामुहिक निर्णयमा पुग्नु हो । यस प्रकारको समालोचनात्मक विश्लेषणले व्यक्तिगत भावनाको कदर हुन्छ र व्यक्ति सचेत हुन्छ । मानिसले समाजको कुनै पनि कुराको समालोचात्मक विश्लेषण गर्न त्यस पक्षमा उसले राम्ररी बुझेको हुनु पर्दछ । कुनै कुरा बुझ्न व्यक्तिले शिक्षा प्राप्त गर्नु पर्दछ । औपचारिक शिक्षाले समाजका सबै तह र तप्कालाई समेट्न नसक्ने भएकोले विद्यालयीय शिक्षा प्राप्त गर्न अनौपचारिक शिक्षा अन्तर्गतको खुला विद्यालयले सबैलाई शिक्षाको सुअवसर प्रदान गर्दछ ।

हार्विसन ( सन १९७० ) का अनुसार प्राकृतिक स्रोतको विकास गर्नु भन्दा पहिले मानव स्रोतको विकास गर्नु पर्दछ । मानवीय स्रोत विकास भनेको मानिस सचेत हुनु हो । मानिस सचेत भए पछि प्राकृतिक स्रोतको आफै खोजी गर्दछ । समाजमा सबै भन्दा ठूलो सम्पत्ति भनेकै मानव स्रोत विकास हो । खुला विद्यालय शिक्षा कार्यक्रमले विद्यालय शिक्षाबाट बञ्चित र विद्यालय छोडेकाहरूलाई समेत विद्यालय प्रवेशको दोश्रो मौका प्रदान गरी शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्दछ । शिक्षा प्राप्त गरे पछि मानिस सचेत हुन्छ । यो नै मानव स्रोत विकास हो । जो समाजिक र राष्ट्रिय विकासमा महत्वपूर्ण साझेदार बन्न सक्दछन ।

मास्लो (सन १९४३) का अनुसार मानिसका आवश्यकता र चाहनाहरू अनन्त हुन्छन । ती आवश्यकताहरूको श्रृंखला हुन्छ । एउटा आवश्यकताको पूर्ति पश्चात मानिस त्यो भन्दा उच्चस्तरको आवश्यकता पुरा गर्न अभिप्रेरित हुन्छ । आवश्यकता पुरा गर्न काम गर्नु पर्दछ । काम गर्न हिम्मत र सीपको आवश्यकता पर्दछ । आजको परिवर्तनशील विश्वमा हिजोका ज्ञान

भोलि काम नलाग्ने हुन सक्दछन । यसका लागि मानिसले सदा अद्यावधिक राख्न शिक्षाको जरूरत पर्दछ । शिक्षाले अवसरको सिर्जना गर्दछ । अवसरले मानिसका श्रृंखलाबद्ध आवश्यकता पुरा गर्न सहयोग गर्दछ । खुला विद्यालय शिक्षा नै यस्तो शिक्षा कार्यक्रम हो जसले शिक्षाको अवसरनै नपाएका वा एक पटक विद्यालय प्रवेश गरेर बीचैमा विद्यालय छोडेकाहरूलाई समेटी शिक्षा प्रदान गर्दछ । शिक्षाले मानिसमा हौसला र आत्मविश्वास बढाउँछ । शिक्षाले मानिसका आवश्यकता परिपुर्ति गर्न सहयोग गर्दछ । खुला विद्यालय शिक्षा प्राप्त गरी आफ्ना आवश्यकता पुरा गर्न मानिस अभिप्रेरित हुने हुनाले मास्लोको अभिप्रेरणा सिद्धान्तको शैक्षिक उपादेयता छ ।

नेपालमा खुला विद्यालय सञ्चालनको छोटो अवधिमै आर्थिक, व्यवस्थापकीय, सञ्चालन सम्बन्धी समस्या देखा पर्न थालिसकेका छन । खुला विद्यालय शिक्षा स्थापनाको एउटा मुख्य उद्धेश्य शिक्षाको अवसरबाट बञ्चित समूहलाई शिक्षा प्राप्तिको मूलधारमा ल्याई सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य पूर्ति गर्न सहयोग गर्नु हो । यो कार्यक्रम आफैमा नयाँ भएकोले यसका वर्तमान तथा आइ पर्न सक्ने समस्याका बारेमा हाल सम्म समाधानका उपायको खोजी भएको पाइएको छैन । तसर्थ खुला विद्यालयको वर्तमान अवस्था, विद्यार्थी भर्ना दर, विद्यार्थी प्रवाहको स्थिति, विद्यार्थीहरूको शैक्षिक उपलब्धिको प्राप्ति समेतलाई यस अनुसन्धान भित्र समेटिएको छ । यस शोधकार्यबाट निस्केको निष्कर्षले खुला विद्यालयको वर्तमान अवस्थामा सुधार गर्न, गरीव, दलित, जनजाति, शैक्षिक र सामाजिक रूपले पिछडिएको वर्गलाई खुला विद्यालय मार्फत पुनः शिक्षा प्राप्तिको दोश्रो अवसर प्रदान गर्न सहयोग पुग्ने छ । औपचारिक शिक्षा संगको तुलनात्मक अन्तर आदिका बारेमा सम्वन्धित पक्षलाई सुझाव दिई यस कार्यक्रमलाई सुदृढ बनाई सबैका लागि शिक्षा कार्यक्रमलाई कार्यरूपमा परिणत गर्न सहयोग पुऱ्याउन सकोस भन्ने उद्धेश्यले यो शोधकार्य तयार गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धानात्मक कार्य गर्नु अगाडि एउटा व्यवस्थित एवम् तार्किक योजना निर्माण गरिन्छ । जसले अनुसन्धानलाई कसरी अगाडि भन्ने कुरा स्पष्ट मार्ग निर्देश गर्दछ । प्रस्तुत "खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव" शिर्षकमा तयार पारिएको शोधकार्यमा वर्णनात्मक र परिमाणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

### ३.२.१ जनसंख्या

नेपालको पूर्वाञ्चल क्षेत्रमा हाल सञ्चालनमा रहेका निम्न माध्यमिक र माध्यमिक तहका सबै खुला विद्यालयहरू, त्यस संग सम्बन्धित कार्यक्रम निर्माता, सञ्चालन गर्ने संस्था, संस्था प्रमुख, सहजकर्ता शिक्षक, विद्यार्थी तथा अभिभावक समेतलाई जनसंख्याको रूपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

जनशक्ति, समय र श्रमको न्युनताका कारण सम्पूर्ण जनसंख्याको अध्ययन गर्न सम्भब नभएकाले अध्ययन गरिएको नमूनाको आकार सानो बनाइएको छ । झापा जिल्लामा सञ्चालित निम्न माध्यमिक र माध्यमिक तहका २ वटा खुला विद्यालयहरू (श्री हिमालय उ.मा.वि. दमक र श्री देवी मा.वि. बिर्तामोड), ती विद्यालयका संयोजक/प्रधानाध्यापकहरू, सम्पर्क कक्षा सञ्चालन गर्ने सबै शिक्षकहरू २८ जना, प्रत्येक विद्यालयका ५ जना छात्रा र ५ जना छात्र, जिल्ला शिक्षा कार्यालय झापाका अनौपचारिक शिक्षा हेर्ने विद्यालय निरीक्षक १ जनालाई नमूनाको रूपमा लिइएको छ ।

### ३.२.३ नमूना छनोट विधि

यस शोधकार्यको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न २ वटै विद्यालय का प्र.अ., शिक्षक उद्धेश्यपूर्ण विधिद्वारा छनोट गरियो । विद्यार्थीहरूको छनोट गर्दा सामान्य सम्भाबनायुक्त छनोट विधि प्रयोग गरियो । विद्यालय निरीक्षक छनोट गर्दा उद्धेश्यपूर्ण विधि अपनाइयो ।

## ३.३ अनुसन्धानका साधन

यस शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि प्रश्नावली, रूजुसूची, विद्यार्थीहरूको अद्यावधिक अभिलेख विवरण, तथा तथ्याङ्क संकलन फारम प्रयोग गरियो । प्रयोग भएका साधनहरूलाई अनुसूचीमा राखिएको छ ।

### ३.३.१ प्रश्नावली र रूजुसूची

यस शोधकार्यको तयारीको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्न दुवै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक प्रत्येकलाई अलग अलग प्रश्नावली तयार गरी भर्न अनुरोध गरियो । यसबाट प्राप्त मतलाई शोधकार्यको तथ्याङ्कको रूपमा उपयोग गरियो । खुला विद्यालय सञ्चालन, व्यवस्थापन, विद्यार्थी भर्ना, समय संग सम्बन्धित रूजुसूची तयार गरी शोधकर्ता स्वयम्द्वारा तथ्याङ्क संकलन गरियो । प्रश्नावली र रूजुसूची प्राथमिक तथ्याङ्क संकलन गर्न उपयोग गरियो । यसरी तयार गरिएका प्रश्नावली तथा रूजुसूचीलाई यस शोधकार्यको अनुसूचीमा राखिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

अनुसन्धानको क्रममा प्रयोग गरिने सूचना, तथ्याङ्क, प्रमाण, जानकारी तथा आंकडालाई तथ्याङ्क भनिन्छ । तथ्याङ्क संकलन गर्ने कार्य जटिल र चुनौतीपूर्ण कार्य हो । तथ्याङ्क संकलनको क्रममा भएको सानो त्रुटि पनि अनुसन्धानको निष्कर्षलाई असर पार्दछ । यस अनुसन्धानको गाम्भिर्यतालाई मध्य नजर गर्दै तथ्याङ्कका प्राथमिक र द्वित्तीय दुवै स्रोतको उपयोग गरिएको छ ।

### ३.४.१ तथ्याङ्कका प्राथमिक स्रोतहरू

झापा जिल्लाका २ वटा खुला विद्यालयका प्र.अ., सबै शिक्षक, नमूना छनोटमा परेका विद्यार्थी, जिल्ला शिक्षा कार्यालय झापाका अनौपचारिक शिक्षा हेर्ने वि.नि. लाई प्रश्नावली उपलव्ध गराई भरिदिन अनुरोध गरेर तथा रूजुसूचीको प्रयोग शोधकर्ता स्वयमले गरेर प्राथमिक तथ्याङ्क संकलन गरियो ।

### ३.४.२ तथ्याङ्कका द्वित्तीय स्रोतहरू

खुला विद्यालयका विद्यार्थी भर्ना विवरण, सञ्चालन प्रकृया, शैक्षिक उपलव्धी विवरण, विद्यार्थीको लिंगगत, जातिगत विवरण संलग्न गर्न विद्यालयको अभिलेखलाई तथा राष्ट्रिय रूपमा विद्यार्थी प्रवाहको स्थिति हेर्न नेपाल सरकार शिक्षा मन्त्रालयको वेवसाइट www.moe.gov.np लाई तथ्याङ्कको द्वित्तीय स्रोतको रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रकृया

यस शोधकार्यमा उपयोग हुने तथ्याङ्क संकलन गर्न सम्बन्धित २ वटा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी तथा जिल्ला शिक्षा कार्यालयका वि.नि. का लागि छुट्टा छुट्टै प्रश्नावली तयार गरी भरिदिन अनुरोध गरेर मत संकलन गरियो । शिक्षक, विद्यार्थी र विद्यालय संग सम्बन्धित तथ्याङ्क विद्यालय अभिलेखबाट र विद्यालय सञ्चालनको वर्तमान अवस्थाका बारेमा रूजुसूची तयार गरी शोधकर्ता स्वयम्द्वारा संकलन गरियो । राष्ट्रिय रूपमा विद्यार्थी प्रवाहको स्थिति र खुला विद्यालयको योगदान हेर्न नेपाल सरकार शिक्षा मन्त्रालयको वेवसाइट www.moe.gov.np लाई तथ्याङ्कको द्वित्तीय स्रोतको रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि

यस शोधकार्य संग सम्बन्धित तथ्याङ्क संकलन गरिसके पछि तालिकीकरण गर्ने, प्रतिशतमा व्यक्त गर्ने, स्तम्भ चित्रमा देखाउने , तुलनात्मक अन्तर देखाउने, गुणात्मक वर्णन गर्ने कार्य गरी विश्लेषण गरिएको छ । प्रत्येक शिर्षक अनुसारका गणितीय विश्लेषणहरूलाई शोधकार्यको आधारको रूपमा लिइएका सिद्धान्तहरू संग तुलना गर्दै निष्कर्षमा पुग्ने कार्य भएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

संकलित तथ्याङ्कहरूलाई यस परिच्छेदमा गणितीय ढांचामा राखी व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कहरूलाई विश्लेषण र व्याख्या गर्न सजिलो होस् भन्ने ध्येयले विभिन्न शिर्षकहरूमा प्रस्तुत गरिएको छ । यसरी तथ्याङ्कको विश्लेषण र व्याख्या गर्न कुनै पनि शिर्षक अन्तर्गत पर्ने प्राथमिक र द्वित्तीय दुवै प्रकारका तथ्याङ्कहरूलाई समेटेर तालिकामा राखी दुवैबाट प्राप्त गणितीय नतीजाको आधारमा विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ खुला विद्यालय शिक्षाको विद्यार्थी भर्नाको वर्तमान अवस्था

### ४.१.१ विद्यार्थी भर्ना प्रकृया

यस शोध कार्यको अध्ययनको क्रममा झापा जिल्लामा सञ्चालित २ वटा खुला माध्यमिक र निम्न माध्यमिक विद्यालयहरूमा विद्यार्थी भर्नाका लागि विद्यार्थीको योग्यता र छनौटका आधारहरू के के रहेका छन् ? भनी सम्बन्धित दुवै विद्यालयका प्र.अ./संयोजकहरूलाई प्रश्नावली भराइयो । दुइवटै विद्यालयका प्र.अ./संयोजकहरूले एकै किसिमको उत्तर "खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका/निर्शेशिका २०६५" मा व्यवस्था भए अनुसार कक्षा ५ वा सो सरह उत्तीर्ण गरी ३ वर्ष पुगेका विद्यार्थीहरू निम्न माध्यमिक तहको लागि र कक्षा ८ वा सो सरह उत्तीर्ण गरी दुई वर्ष पुगेका विद्यार्थीहरू माध्यमिक तहको लागि प्राथमिकताको आधारमा दलित, आदिवासी, जनजाति, पिछडिएको समुदाय, विपन्न वर्ग र अन्य समुदायबाट आएका छात्र-छात्राहरूलाई खुला विद्यालयमा भर्ना लिने गरिएको जानकारी प्राप्त भयो । यसरी खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिकालाई नै आधार मानेर खुला विद्यालयमा विद्यार्थी भर्ना गरिने भएकोले यो कार्यक्रमको लक्ष र उद्देश्य अनुसारनै अगाडि वढेको देखिन्छ ।

### ४.१.२ विद्यार्थी भर्ना विवरण

अध्ययनका क्रममा छनौट गरिएका दुइवटा खुला निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूको विगत ३ वर्ष विद्यार्थी प्रवाहको वास्तविक विवरण विद्यालयको भर्ना अभिलेखबाट लिइएको थियो । उक्त विद्यार्थी प्रवाहको स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । सम्पर्क कक्षामा प्रति कक्षा बराबर ५० जना विद्यार्थीका लागि मात्र संख्या निर्धारण गरिए पनि विद्यार्थीहरूको खुला विद्यालय प्रतिको आकर्षणले गर्दा यी विद्यालयहरूमा सो भन्दा बढी संख्यामा विद्यार्थी रहेको पाइन्छ । यस समस्याको एक मात्र समाधान सरकारले विद्यालयमा विद्यार्थी कोटामा बृद्धि गर्नु पर्ने देखिन्छ ।


तालिका २ : विद्यार्थी भर्ना विवरण


| | श्री हिमालय उ.मा.वि., दमक | | | श्री देवी मा.वि. विर्तामोड | |
|---|---|---|---|---|---|
| | माध्यमिक तह | | निम्न मा.वि. तह | माध्यमिक तह | निम्न मा.वि. तह |
| २०६५ | छात्रा | ६१ | | | २४ |
| | छात्र | २१ | | | ७ |
| | छात्रा % | ६६ | | | ७७.४१ |
| | छात्र % | ३४ | | | २२.५९ |
| २०६६ | छात्रा | ७७ | ३४ | ५६ | ३६ |
| | छात्र | २६ | ११ | ११ | १५ |
| | छात्रा % | ७४.७६ | ७५.५६ | ८०.३६ | ७०.५८ |
| | छात्र % | २५.२४ | २४.४४ | १९.६४ | २९.४२ |
| २०६७ | छात्रा | १०० | ५२ | ५९ | ४७ |
| | छात्र | ४५ | १७ | १६ | १९ |
| | छात्रा % | ६८.९६ | ६७.३१ | ७२.८९ | ७१.२१ |
| | छात्र % | ३१.०४ | ३२.६९ | २७.११ | २८.७९ |

स्रोत : विद्यालयको भर्ना रेकर्ड (२०६५-२०६७)

तालिकामा दिइएको प्रत्येक शैक्षिक सत्रको तहगत भर्ना विवरणलाई स्तम्भ चित्रमा निम्नानुसार देखाई को छ ।

स्तम्भ चित्र १ : विद्यार्थी भर्ना विवरण




दुई वटै विद्यालयमा विभिन्न शैक्षिक सत्रहरूमा भर्ना भएका विद्यार्थीहको समष्टिलाई हेर्दा माध्यमिक तह तर्फ पहिलो वर्ष ६१ जना छात्रा (७३.१७%) र छात्र २१ जना (२६.८३%) गरी ८२ जना, दोस्रो वर्ष १३३ जना छात्रा (७८.२३%) र ३७ जना छात्र (२१.७७%) गरी १७० जना, तेस्रो वर्ष १५९ जना छात्रा (७२.२७%) र ६१ जना छात्र (२७.७३%) गरी जम्मा २२० जना विद्यार्थी भर्ना भए । त्यसै गरी खुला विद्यालयको निम्न माध्यमिक तहमा पहिलो वर्ष छात्रा २४ जना (७७.४१%) र छात्र ७ जना (२२.५९%) गरी ३१ जना विद्यार्थी , दोस्रो वर्ष छात्रा ७० जना (७२.९१%) र छात्र २६ जना (२७.०९%) गरी ९६ जना, तेस्रो वर्ष छात्रा ९९ जना (७३.३३%) र छात्र ३६ जना (२६.६७%) गरी १३५ जना विद्यार्थीहरू भर्ना भएको पाइयो ।

उपर्युक्त समष्टि तथ्याङ्कलाई विद्यालयगत रूपमा हेर्दा २०६५ सालमा हिमालय उ.मा.वि. दमकमा मात्र माध्यमिक तहको खुला विद्यालय सञ्चालन भएको पाइयो । उक्त खुला विद्यालयमा छात्र २१ जना (३४%) र छात्रा ६१ जना (६६%) अर्थात छात्रको तुलनामा छात्रा दुई तिहाई बढी भएको पाइयो । यसै गरी २०६५ सालमै देवी मा.वि. विर्तामोडमा निम्न माध्यमिक तहको खुला विद्यालय सञ्चालित थियो । उक्त तहमा ७ जना छात्र (२२.५९%) र छात्रा २४ जना (७७.४१%) भर्ना भएको पाइयो ।

शैक्षिक सत्र २०६६ मा हिमालय उ.मा.वि. दमकमा माध्यमिक तहको खुला विद्यालयमा छात्रा ७७ जना (७४.७६%) र छात्र २६ जना (२५.२४%) साथै देवी मा.वि. विर्तामोडमा छात्रा ५६ जना (८०.३६%) र छात्र ११ जना (१९.६४%) विद्यार्थी भर्ना भएको पाइयो । पहिलो वर्षको भन्दा १०७.१७% ले विद्यार्थी संख्यामा बृद्धि भएको पाईयो । दुवै विद्यालयमा छात्रको भन्दा छात्राको भर्ना प्रतिशत बढी भएको देखिन्छ । यहि शैक्षिक सत्रमा निम्न माध्यमिक तहको खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत श्री हिमालय उ.मा.वि. दमकमा छात्रा ३४ जना (७३.५६%) र छात्र ११ जना (२४.४४%) साथै निम्न माध्यमिक तहकै देवी मा.वि. विर्तामोडमा छात्रा ३६ जना (७०.५८%) र छात्र १५ जना (२९.४२%) विद्यार्थी भर्ना भएको विद्यालयको भर्ना अभिलेखबाट प्राप्त भयो । विद्यालयीय शिक्षा कार्यक्रममा कक्षा छोड्नेहरू छात्र भन्दा छात्रा बढी हुने भएकाले पनि खुला विद्यालयमा छात्राको संख्या बढी भएको पाइयो । पहिलो वर्षको भन्दा २०९.६७% ले विद्यार्थी संख्यामा बृद्धि भएको पाईयो

यसै गरी शैक्षिक सत्र २०६७ मा खुला शिक्षा कार्यक्रमको माध्यमिक तहमा हिमालय उ.मा.वि. दमकमा १०० जना छात्रा (६८.९६%) र छात्र ४५ जना (३१.०४%) गरी जम्मा १४५ जना विद्यार्थी भर्ना भए । त्यसै गरी देवी मा.वि. विर्तामोडको खुला शिक्षा कार्यक्रममा ५९ जना छात्रा (७८.६६%) र छात्र १६७ जना (२१.३४%) गरी ७५ जना विद्यार्थ भर्ना भए । शै.स. २०६६ को भन्दा यो वर्ष २९.४१% ले विद्यार्थी बढेका छन । यो वर्षदेखि नेपाल सरकारूले शिक्षा नियमावली २०५९ संसोधन गरी जिल्ला शिक्षा कार्यालयको मातहतमा लिइने प्राइभेट एस.एल.सी. परीक्षा बन्द गरी खुला विद्यालयमा प्रवेश गरेर मात्रै एस.एल.सी. परीक्षामा सामेल हुन पाउने व्यवस्था गरेकाले पनि विद्यार्थी संख्यामा वृद्धि भएको देखिन्छ । खुला विद्यालय शिक्षा कार्यक्रमकै निम्न माध्यमिक तह हिमालय उ.मा.वि. दमकमा ५२ जना (७५.३६%) छात्रा र १७

जना छात्र (२४.६४%) गरी जम्मा ६९ जना विद्यार्थी साथै देवी मा.वि. विर्तामोडमा ४७ जना छात्रा (७१.२१%) र १९ जना छात्र (२८.७९%) गरी ६६ जना विद्यार्थी भर्ना भएको पाइयो । शै.स. २०६६ को भन्दा यो वर्ष ४०.६२% ले विद्यार्थी बढेका छन ।

माध्यमिक तथा निम्न माध्यमिक दुवै तहमा प्रत्येक वर्ष विद्यार्थी संख्यामा वृद्धि, भर्ना भएका विद्यार्थी मध्ये छात्राको संख्या अधिक भएको पाइयो । औपचारिक शिक्षा कार्यक्रममा आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन नसकेका वा विद्यालय छोडी विभिन्न पेशामा संलग्न व्यक्तिलाई खुला विद्यालयले आकर्षण गरेको र सबैका लागि शिक्षा कार्यक्रमको लक्ष पुरा गर्न सहयोगी भूमिका खेलेको पाइयो ।

शिक्षाविद हार्विसन (सन १९७०) को मानव विकास चिन्तनको मुख्य आशय मानवीय चिन्तनमा विकास गराउनु, सोचमा परिवर्तन ल्याउनु, मानिसलाई कामप्रति क्रियाशील बनाउनु, मानिसमा ज्ञान, सीपको विकास गराउनु रहेको छ । अनौपचारिक प्रकृतिको खुला विद्यालय शिक्षा कार्यक्रमले औपचारिक शिक्षा कार्यक्रमको निम्न माध्यमिक तथा माध्यमिक तह पुरा गर्न नसकी निरास भएर वसेका विद्यार्थीहरूलाई माध्यमिक तह पार गरी उच्च शिक्षाको ढोका खोलिदिने हुनाले वर्षैपिच्छे खुला विद्यालयमा विद्यार्थीको चाप बढिरहेको र यसले मानव संसाधनको विकासमा सहयोग पुर्‍याएको पुष्टि हुन्छ । त्यसै गरी मास्लोको सिद्धान्त अनुसार मानिसका प्रसस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । तिनीहरूको पूर्तिका लागि उनीहरू भौतारी रहन्छन् । एउटा आवश्यकताको पूर्ति पछि मात्र अर्को आवश्यकताको पूर्तिका लागि अगि बढ्दछन् । खुला विद्यालयमा विद्यार्थीको चाप वृद्धिले विद्यार्थीहरू सुशिक्षित भविष्यका लागि खुला विद्यालय प्रति अभिप्रेरित भएको पुष्टि हुन्छ । “शिक्षाले व्यक्तिमा आश जगाउनु पर्छ” भन्ने पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्तले पनि खुला विद्यालयमा विद्यार्थीको चाप सही रहेको कुरा पुष्टि हुन्छ ।

### ४.१.३ जातजाति अनुसार विद्यार्थी भर्ना विवरण

अध्ययन क्षेत्र भित्र रहेका २ वटा विद्यालयहरूमा विभिन्न शैक्षिक सत्रमा दलित, जनजाति र अन्य विद्यार्थीहरूको भर्ना विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : जातजाति अनुसार विद्यार्थी भर्ना विवरण

| माध्यमिक तह | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शैक्षिक सत्र | विद्यालय | जम्मा | दलित | | | | जनजाति | | | | अन्य | | | |
| | | | छात्रा | छात्र | जम्मा | % | छात्रा | छात्र | जम्मा | % | छात्रा | छात्र | जम्मा | % |
| ०६५ | हिउमावि | ८२ | २ | १ | ३ | ३.६५ | ११ | ४ | १५ | १८.२ | ४८ | १६ | ६४ | ७८.०५ |
| | देवी मा.वि. | | | | | | | | | | | | | |
| ०६६ | हिउमावि | १०३ | ३ | १ | ४ | ३.८८ | २१ | ४ | २५ | २४.२७ | ५३ | २१ | ७४ | ७१.८४ |
| | देवी मा.वि. | ६७ | ४ | – | ४ | ५.९७ | १७ | १ | १८ | २६.८६ | ३५ | १० | ४५ | ६७.१६ |
| ०६७ | हिउमावि | १४५ | ८ | ३ | ११ | ७.५८ | ३९ | २० | ५९ | ४०.६८ | ५३ | २२ | ७५ | ५१.७२ |
| | देवी मा.वि. | ७५ | ४ | २ | ६ | ८ | १९ | ३ | २२ | २९.३३ | ३६ | ११ | ४७ | ६२.६७ |
| | | ४७२ | २१ | ७ | २८ | ५.९३ | १०७ | ३२ | १३९ | २९.४५ | २२५ | ८० | ३०५ | ६४.६२ |

निम्न माध्यमिक तह


| शैक्षिक सत्र | विद्यालय | जम्मा | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | % | छात्रा | छात्र | जम्मा | % | छात्रा | छात्र | जम्मा | % |
| ०६५ | हिउमावि | | | | | | | | | | | | | |
| | देवी मा.वि. | ३१ | १ | ० | १ | ३.२३ | ९ | २ | ११ | ३५.४८ | १४ | ५ | १९ | ६१.२९ |
| ०६६ | हिउमावि | ४५ | २ | ० | २ | ४.४४ | ७ | १ | ८ | १७.७८ | २५ | १० | ३५ | ७७.७८ |
| | देवी मा.वि. | ५१ | ३ | १ | ४ | ७.८४ | १३ | २ | १५ | २९.४१ | २० | १२ | ३२ | ६२.७५ |
| ०६७ | हिउमावि | ६९ | ४ | ० | ४ | ५.८ | २१ | ३ | २४ | ३४.७८ | २४ | १७ | ४१ | ५९.४२ |
| | देवी मा.वि. | ६६ | ३ | १ | ४ | ६.०६ | १३ | ७ | २० | ३०.३० | ३१ | ११ | ४२ | ६३.६४ |
| | | २६२ | १३ | २ | १५ | ५.७२ | ६३ | १५ | ७८ | २९.७७ | १२४ | ५५ | १७९ | ६४.५० |

स्रोत : विद्यार्थी भर्ना अभिलेख (२०६५-०६७)


तालिकाको दलित, जनजाति र अन्य विद्यार्थीहरूको संख्याको समष्टिलाई निम्न स्तम्भ चित्रमा देखाईएको छ । प्रस्तुत स्तम्भ चित्रले विद्यार्थीहरुको जातजातिगत सहभागितालाई स्पष्ट पार्दछ ।

स्तम्भ चित्र २ :  जातजाति अनुसार विद्यार्थी भर्ना विवरण

माध्यमिक तह




**निम्न माध्यमिक तह**




माथिको तालिका अनुसार शैक्षिक सत्र २०६५ मा माध्यमिक तहमा एउटा मात्र खुला विद्यालयमा विद्यार्थीहरू भर्ना भएका थिए । विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये दलित छात्रा २ जना (२.४४%) र १ छात्र (१.२१%) गरी जम्मा ३ जना (३.६५%) मात्र रहेको पाइयो । जनजाति छात्रा ११ जना (१३.४१%) र छात्र ४ जना (४.८९%) गरी १५ जना (१८.२९%) तथा अन्य जातका छात्रा ४८ (५८.५३%) र छात्र १६ जना (१९.५१%) विद्यार्थी गरी जम्मा ६४ जना (७८.०४%) विद्यार्थी भर्ना भएको पाइयो । यसै गरी निम्न माध्यमिक तह तर्फ दलित १ जना छात्रा (३.२३%), जनजाति छात्रा ९ जना (२९.०३%) र छात्र २ जना (६.४५%), अन्य छात्रा १४ जना (४५.१६%) र छात्र ५ जना (१६.१२%) विद्यार्थीहरू भर्ना भई अध्ययन गरेको पाइयो ।

शैक्षिक सत्र २०६६ को माध्यमिक तहमा दलित छात्रा ७ जना (४.१२%) छात्र १ जना मात्र (०.५८%) गरी ८ जना (४.७०%), जनजाति विद्यार्थी तर्फ छात्रा ३८ जना (२२.३५%) र छात्र (२.९४%) गरी ४३ जना (२५.२९%) तथा अन्य छात्रा ८८ जना (५१.७६%) र छात्र ३१ जना (१८.२३%) गरी १११९ जना (७०%) विद्यार्थी भर्ना भएको पाइयो । यसै गरी निम्न माध्यमिक तहको खुला विद्यालय तर्फ शैक्षिक सत्र २०६६ मा दलित छात्रा ५ जना (५.२%), छात्र १ जना (०.०४%), जनजाति छात्रा २० जना (२०.८३%) र छात्र ३ जना (३.१२%) गरी २३ जना (२३.९५%) विद्यार्थी भर्ना भइ अध्ययन गरेको पाइयो । अन्य समूहका विद्यार्थीहरूमा छात्रा ४५ जना (४६.८७%) र छात्र २२ जना (२२.९१%) विद्यार्थी भर्ना भएको पाइयो ।

शैक्षिक सत्र २०६७ मा खुला विद्यालयमा भर्ना भएका विद्यार्थीहरू मध्ये माध्यमिक तहमा दलित छात्रा १२ जना (५.४५%) र छात्र ५ जना (२.२७) गरी जम्मा १७ जना (७.७२%), जनजाति छात्रा ५८ जना (२६.३६%) र छात्र २३ जना (१०.४५%) गरी ८१ जना (३६.८१%) विद्यार्थी भर्ना भएका छन् । अन्य समूहका विद्यार्थी तर्फ छात्रा ८९ जना (४०.४५%) र छात्र ३३ जना (१५%) गरी जम्मा १२२ जना (५५.४५%) विद्यार्थी भर्ना भएको पाइयो । यसै गरी निम्न माध्यमिक तर्फ दलित समूहका छात्रा ७ जना (५.१८%) र छात्र १ जना (०.७४%) गरी जम्मा ८ जना (५.९२%), जनजाति समूहका छात्रा ३४ जना (२५.१८%) र छात्र १० जना (७.४०%) गरी जम्मा ४४ जना विद्यार्थी (३५.५९%) तथा अन्य समूहका ५५ जना (४०.७४%) र छात्र २८ जना (२०.७४%) गरी जम्मा ८३ जना (६१.४८%) विद्यार्थीहरू भर्ना भएको पाइयो । दलित विद्यार्थी, जनजाति तथा छात्राहरूको संख्यामा वर्षै पिच्छे क्रमसः वृद्धि भइरहेको पाइयो । यसले देशका सबै नागरिकलाई शिक्षा प्रदान गर्ने राष्ट्रिय प्रतिवद्धतालाई सकारात्मक प्रभाव पारेको देखिन्छ ।

पाउरो फ्रेरे (सन १९७०) का अनुसार वर्गीय समाजको अवधारणा अनुसार उत्पिडीत सर्वहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत बनाउने सिद्धान्त सचेतीकरणको सिद्धान्त हो । यस सिद्धान्त अनुसार मार्क्सवादी अवधारणामा रही समाजको वर्गीकरण र विश्लेषण गरिन्छ । नेपाली समाज वर्गीय र जातीय समाज हो । यहांका अधिकांश मानिसहरू गरीवि र शोषणको मारमा परेका छन । शिक्षामा लगानी गर्ने रकमको अभाव, चेतनाको कमी आदि विभिन्न कारणले औपचारिक शिक्षाका निम्न माध्यमिक तथा माध्यमिक तह पुरा गर्न नसकी निरास भएर वसेका

छन् । नेपालमा खुला विद्यालय शिक्षाको औपचारिक सुरूवात पछि दलित, उत्पिडीत, जनजाति साथै शैक्षिक र सामाजिक रूपले पिछडिएका समुदायका विद्यार्थी भर्ना भएका छन् । खुला विद्यालयमा भर्ना हुने कुल ४७२ विद्यार्थी मध्ये दलित २८ जना (५.९३%) मात्र रहेता पनि जनजातिको संख्या १३९ जना (२९.४५%) र अन्यको संख्या ३०५ (६४.६२%) रहेको पाइयो । यस तथ्यलाई सचेतीकरणको सिद्धान्तका आधारमा व्याख्या गर्दा खुला विद्यालयमा विभिन्न जातजाति (दलित, जनजाति, उत्पिडीत) का विद्यार्थी भर्ना भएको कुराले सबै जातजातिका मानिसलाई सचेत बनाउँदै लगेको पाइन्छ । साथै यसले सबै नागरिकलाई आफ्नो पेशामै रहेर पनि शिक्षा प्राप्त गर्न सकिने खुला शिक्षाले सबैका लागि शिक्षा प्राप्त गर्ने सुअवसर प्रदान गर्न कोषेढुंगा हुने देखिन्छ ।

## ४.२ खुला विद्यालयले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा प्रकाशित शै.सत्र २०६७ को औपचारिक शिक्षा तर्फको विद्यालयस्तरीय तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ । यसमा औपचारिक शिक्षाको शैक्षिक क्षतिलाई न्युनीकरण गर्दै विभिन्न कारणले विद्यालय परित्याग गरि बसेका तर आफ्नो पेशा व्यावसाय सञ्चालन गर्न थप शिक्षाको आवश्यकता भएकाहरूलाई खुला विद्यालयले के कति मात्रामा विद्यालय शिक्षाको दोश्रो मौका प्रदान गरेको छ ? अध्ययन गर्न र खुला विद्यालयलाई सबैका लागि शिक्षा कार्यक्रमको पुरक कार्यक्रमको रूपमा विकास गर्न कुन कुन क्षेत्रमा सुधार गर्नु आवश्यक छ भनी हेर्न खोजिएको छ ।

तालिका ४ :  औपचारिक शिक्षामा शैक्षिक क्षति

| तह | विद्यार्थी संख्या | कक्षा छोड्ने | | अनुत्तीर्ण | | जम्मा | कक्षा दोहोऱ्याउने | | विद्यालय छोड्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | % | संख्या | % | संख्या | | % | संख्या | |
| प्राथमिक | ४९५१९५६ | ६ | २९७११७ | १८.१ | ८९६३०४ | ११९३४२१ | १२.१ | ५९९१८६ | ५९४२३५ |
| नि.मा | १६९९९२७ | ६.४ | १०८७९५ | १२.७ | २१५८९० | ३२४६८५ | ६.३ | १०७०९५ | २१७५९० |
| मा.वि | ८११९१० | ८.७ | ७०६३६ | १२.५ | १०१४८८ | १७२१२४ | ३.८ | ३०८५२ | १४१२७२ |

स्रोतः www.moe.gov.np, विद्यालय स्तरीय तथ्याङ्क २०६७

माथिको तालिका अध्ययन गर्दा शै.स. २०६७ को प्राथमिक तहमा कुल विद्यार्थी ४९५१९५६ भर्ना भएको देखिन्छ । त्यस मध्ये २९७११७ (६%) विद्यार्थीले बीचैमा कक्षा छोडेको पाइयो । त्यस्तै वार्षिक परीक्षामा ८९६३०४ जना ( १८.१%) विद्यार्थी अनुत्तीर्ण भए । कक्षा छोड्ने र अनुत्तीर्ण हुनेको योगफल ११९३४२१ हुन आउंछ । यस मध्ये ५९९१८६ जना विद्यार्थी पुनः कक्षा दोहोऱ्याउँदै विद्यालय शिक्षामा भर्ना हुन आएको देखिन्छ । यसबाट खुद विद्यालय शिक्षा परित्याग गर्नेको संख्या ५९४२३५ हुन आउंछ । निम्न माध्यमिक तहमा जम्मा भर्ना भएका १६९९९२७ जना विद्यार्थी मध्ये १०८७९५ जना (६.४%) विद्यार्थीले बीचैमा कक्षा छोडे भने २१५८९० जना (१२.७%) विद्यार्थी अनुत्तीर्ण भएको देखन्छ । कक्षा छोड्ने र परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीको संख्या ३२४६८५ रह्यो । यी मध्ये १०७०९५ जना विद्यार्थीले पु:न कक्षा दाहोऱ्याए भन २१७५९० जना विद्यार्थीले विद्यालय शिक्षा नै परित्याग गरेको पाइयो ।

यसै गरी माध्यमिक तहमा शै.स. २०६७ मा भर्ना भएका ८११९१० जना विद्यार्थी मध्ये ७०३३६ (८.७%) विद्यार्थीले बीचैमा कक्षा छोडे भने १०१४८८ जना(१२.५%) विद्यार्थी अनुत्तीर्ण भएको पाइयो । कक्षा छोड्ने र अनुत्तीर्ण हुनेको जम्मा १७२१२४ जना विद्यार्थी मध्ये ३०८५२ जनाले मात्र कक्षा दोहोऱ्याउने काम गरे । यसबाट खुद विद्यालय शिक्षा परित्याग गर्ने १४१२७२ जना विद्यार्थी रहेको पाइयो ।

यो शोधकार्य निम्न माध्यमिक र माध्यमिक तह सम्म मात्र सीमित छ । शै.स. २०६७ मा यस शोधकार्यको अध्ययन क्षेत्र भित्र खुला विद्यालयको निम्न माध्यमिक तहमा जम्मा १३५ जना विद्यार्थी भर्ना भएको पाइयो । औषतमा प्रति विद्यालय विद्यार्थी संख्या ६८ पर्न जान्छ । देश भरि सञ्चालनमा रहेका ५२ वटा खुला विद्यालयको विद्यार्थी संख्या ३५३६ जना हुन जाने देखिन्छ । औपचारिक शिक्षाबाट विद्यालय शिक्षा परित्याग गर्ने विद्यार्थी संख्या २१७५९० जना मध्ये ३५३६ जना (१.६३%) विद्यार्थी खुला विद्यालयमा भर्ना हुन आएको देखिन्छ । त्यसै गरी माध्यमिक तहमा २ वटा खुला विद्यालयमा २२० जना विद्यार्थी भर्ना भएको पाइयो । जसको औषत प्रति विद्यालय ११० हुन जान्छ । ५२ वटा खुला विद्यालयमा औषत ११० जनाका दरले ५७२० हुन जान्छ । शैक्षिक  सत्र २०६७ मा औपचारिक विद्यालय शिक्षा परित्याग गर्ने जम्मा ५७२० (४.०५%) खुला विद्यालयमा भर्ना भएको प्रस्तुत तथ्यांकले पुष्टि गरेको छ । यसरी

विभिन्न कारणले औपचारिक विद्यालय शिक्षा परित्याग गरी त्यसै बसेका वा विभिन्न पेशा व्यवसायमा लागेकाहरु खुला विद्यालयमा थप शिक्षा प्राप्तिको लागि भर्ना भएको पाइन्छ ।

राष्ट्रिय रुपमा विद्यालय परित्याग गर्नेहरुलाई कति मात्रामा खुला विद्यालयले पुःन शिक्षाको दायरामा ल्याएको छ भन्ने हेरिसके पछि झापा जिल्लाको स्थिति के छ ? भनी हेर्ने प्रयास गरिएको छ । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ :  झापा जिल्लाको औपचारिक शिक्षामा शैक्षिक क्षति

| तह | विद्यार्थी संख्या | कक्षा छोड्ने | अनुत्तीर्ण | जम्मा | कक्षा दोहोऱ्याउने | विद्यालय छोड्ने |
|---|---|---|---|---|---|---|
| प्राथमिक | ८१८८४ | ४९१३ | १५६३९ | २०५५२ | ९९०८ | ११६४४ |
| नि.मा | ४२२०१ | २७०० | ५३५९ | ८०५९ | २६५८ | ५४०१ |
| मा.वि | २०७१७ | १८०२ | २५८९ | ४३९१ | ७८८ | ३६०३ |

स्रोत : संक्षिप्त शैक्षिक झलक:२०६७, जिल्ला शिक्षा कार्यालय, झापा

झापा जिल्लामा सञ्चालनमा रहेका २ वटा खुला विद्यालयको शै.स. २०६७ मा नि.मा. तहको विद्यार्थी संख्या १३५ जना रहेको छ । शिक्षा परित्याग गर्ने विद्यार्थी संख्या ५४०१ जना मध्ये १३५ जना (२.५%) विद्यार्थी खुला विद्यालयमा भर्ना हुन आएको देखिन्छ । औपचारिक शिक्षाबाट  माध्यमिक तहको विद्यालय शिक्षा परित्याग गर्ने विद्यार्थी संख्या ३६०३ जना मध्ये  २ वटा खुला विद्यालयमा २२० जना (६.११%) विद्यार्थी भर्ना भएको पाइयो । ( संक्षिप्त शैक्षिक झलक:२०६७, जिल्ला शिक्षा कार्यालय, झापा )

यसरी एक पटक विद्यालय शिक्षामा प्रवेश गरी विविध कारणले विद्यालय शिक्षा नै परित्याग गर्ने निम्न माध्यमिक तहका २१७५९० जना मध्ये १.६३% तथा माध्यमिक तहमा औपचारिक विद्यालय शिक्षा परित्याग गर्ने १४११७२ जना मध्ये ४.०५% विद्यार्थीलाई खुला विद्यालयले पुःन शिक्षा प्राप्तिको दोश्रो अवसर प्रदान गरेको छ । प्रचार प्रसारको कमी, आर्थिक र भौतिक सुविधाको कमी, कडा पाठ्यक्रमका वावजुद खुला विद्यालयले औपचारिक शिक्षा परित्याग गर्नेहरूलाई आकर्षण गरिरहेको पाइएको छ । खुला विद्यालयका समस्यालाई समयमै समाधान गरी विद्यार्थीलाई पायक पर्ने गरी समय व्यवस्थापन गर्न सकेमा खुला विद्यालय शिक्षा कार्यक्रम सबैका लागि शिक्षा कार्यक्रमको प्रक्षेपित लक्ष्य पुरा गर्न महत्वपूर्ण साझेदार बन्ने कुरा निश्चित छ ।

## ४.३ खुला विद्यालय सञ्चालनको वर्तमान अवस्था

अध्ययन क्षेत्र भित्र रहेका २ वटै खुला विद्यालयका लागि विद्यालय सञ्चालनको अवस्था वारे जानकारीमूलक १३ वटा मापक रहेको उक रूजुसूची तयार गरी शोधकर्ता स्वयम् विद्यालयमा उपस्थित भई भरिएको थियो । उक्त रूजुसूची र मापकहरूको उपस्थित रहे नरहेको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ : खुला विद्यालय सञ्चालनको वर्तमान अवस्था (रूजुसूची)

| क.सं. | रूजु गरेको विवरण | श्री हिमालय उमावि दमक | | श्री देवी मावि विर्तामोड | |
|---|---|---|---|---|---|
| १. | विद्यार्थी भर्ना अभियान | छ | छैन | छ | छैन |
| २. | खुला विद्यालय स्थापनाको उद्धेश्य अनुसार विद्याथी भर्ना | | ✓ | | ✓ |
| ३. | योग्यता प्राप्त शिक्षकव्यवस्था | ✓ | | ✓ | |
| ४. | विद्यार्थी परामर्स कार्यक्रम | ✓ | | | ✓ |
| ५. | विद्यार्थी अभिलेख | ✓ | | ✓ | |
| ६. | विद्यार्थीको नियमित उपस्थिति | | ✓ | | ✓ |
| ७. | आन्तरिक मूल्याङ्कनको व्यवस्था | ✓ | | ✓ | |
| ८. | पृष्ठपोषण कार्यक्रम | ✓ | | ✓ | |
| ९. | कार्यतालिकाको निर्माण | ✓ | | ✓ | |
| १०. | कार्यतालिकाको निर्माणमा विद्यार्थी सहभागिता | ✓ | | | ✓ |
| ११. | विद्यार्थीमा आर्थिक व्ययभार | | ✓ | | ✓ |
| १२. | पाठ्यपुस्तकको उपलव्धता | | ✓ | | ✓ |
| १३. | पाठ्यक्रम कार्यान्वयन | ✓ | | ✓ | |
| १४. | नियमित सम्पर्क कक्षा | ✓ | | | ✓ |
| १५. | १ महिनामै विद्यार्थी भर्ना बन्द | | ✓ | | ✓ |
| १६. | २ महिनामै विद्यार्थी भर्ना बन्द | | ✓ | | ✓ |

स्रोत: विद्यालय अभिलेख २०६८

माथिको तालिकामा प्रस्तुत गरीएको रूजुसूचीले खुला विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै धेरै गर्न बाँकी रहेको देखाउँछ । खुला विद्यालयको विद्यार्थी भर्ना प्रकृया, सम्पर्क कक्षा सञ्चालनका बारेमा अझै पनि प्रचार प्रसारको कमीका कारण थाहा छैन । यसलाई अभियानकै रूपमा अगाडि बढाउन सकेमा विद्यालय छोडेर वसेकाहरू पुनः थप शिक्षा प्राप्त गर्न खुलाविद्यालयमा आउेन कुरा निश्चित छ । जसले एकातिर अनौपचारिक माध्यमबाटै मानव स्रोतको विकास गरिरहेको हुन्छ भने अर्कातिर सबैलाई सर्वसुलभ शिक्षा प्राप्त गर्न मद्दत गरिरहेको हुन्छ ।

## ४.४ शैक्षिक र प्रशासनिक कार्य सञ्चालन

यस शोध कार्यको अध्ययन क्षेत्र भित्र रहेका विद्यालयहरूमा शैक्षिक र प्रशासनिक कार्य सञ्चालन सम्बन्धमा सोधिएका विभिन्न प्रश्नहरूको उत्तर विभिन्न व्यक्तिहरूबाट निम्नानुसार पाइयो ।

### ४.४.१ सम्पर्क कक्षाको समय निर्धारण

कक्षा ८ र १० मा अध्ययन गर्ने खुला विद्यालयका विद्यार्थीहरूका लागि एक वर्षमा १५ वटा सम्पर्क कक्षाको व्यवस्था गरिएको पाइयो । सबै सम्पर्क कक्षाहरु शनिबार दिवा समयमा सञ्चालन हुने गरेको पाइयो । सम्पर्क कक्षाको समय निर्धारण कसरी हुने गरेको छ ? भनी शोधकार्य क्षेत्रका २ जना प्र.अ./संयोजक, २० जना सहभागी, २८ जना सहजकर्तालाई प्रश्नावलीको आधारमा प्रश्न गर्दा निम्न अनुसार जवाफ प्राप्त भयो ।

तालिका ७ : सम्पर्क कक्षा समय निर्धारण

| क्र.सं. | विवरण | संयोजक | सहजकर्ता | सहभागी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको समय हेरेर | | | | | |
| २ | विद्यार्थीको समय हेरेर | | | | | |
| ३ | शिक्षक विद्यार्थी सहमती | २ | २८ | १६ | ४६ | ९२ |
| ४ | विद्यालयले तोके अनुसार | | | ४ | ४ | ८ |

स्रोत : सर्वेक्षणबाट प्राप्त मत

माथिको तालिका अनुसार सम्पर्क कक्षाको समय शिक्षक र विद्यार्थीको सहमति अनुसार निर्धारण गरिन्छ भन्ने पक्षमा मत ४६ जना (९२%) र विद्यालयले तोके अनुसार हुन्छ भन्ने

पक्षमा ४ जनाको मत (८%) रहेको पाइयो । यस तथ्यबाट खुला विद्यालयहरूमा सम्पर्क कक्षा सञ्चालन गर्नका लागि समय निर्धारण सहमति अनुसार नै हुने गरेको पाइयो ।

पाउलो फ्रेरे (सन १९७०) को सचेतीकरणको सिद्धान्त अनुसार व्यक्तिले आफ्नो वरिपरिको वस्तुस्थितिको व्यक्तिगत र सामूहिक रूपमा अध्ययन र विश्लेषण गर्ने, विश्लेषण पछि प्राप्त निष्कर्षको आधारमा सामुहिक कार्य गर्ने गर्दछन् । यसै आधारमा माथिको तथ्यलाई विश्लेषण गर्दा विभिन्न पेशा वा व्यवसायमा संलग्न विद्यार्थीहरू खुला विद्यालयमा भर्ना हुन आएका हुन्छन् । सम्पर्क कक्षामा सहभागी हुने समयको निर्धारण उनीहरूकै सहमतिमा समय निर्धारण भएमा उनीहरूको सम्पर्क कक्षामा उपस्थिति दर बढ्न जान्छ । यही कुरालाई मध्यनजर गरेर खुला विद्यालयले सम्पर्क कक्षाको समय निर्धारण शिक्षक विद्यार्थीको सहमतिबाट गरी सबैलाई खुला विद्यालय प्रति आकर्षण गरेको कुरा पुष्टि हुन्छ ।

### ४.४.२ परीक्षा र मूल्याङ्कन

अध्ययन क्षेत्रभित्र परेका खुला विद्यालयहरूमा सम्पर्क कक्षा सञ्चालन गरि सकेपछि आन्तरिक मूल्याङ्कन कसरी हुने गरेको छ ? भनी सहजकर्ता २८ जना, सहभागी २० जना र संयोजक २ जनालाई वेग्लावेग्लै प्रश्न गर्दा उनीहरूको मत निम्नानुसार प्राप्त भयो ।

तालिका ८: परीक्षा र मूल्याङ्कन

| क्र.सं. | परीक्षाका प्रकार | संयोजक | सहजकर्ता | सहभागी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कक्षा कार्य | | | १ | २ | २ |
| २ | गृह कार्य | | | १ | २ | २ |
| ३ | एकाई परीक्षा | | | २ | ४ | ४ |
| ४ | नियमितता | | | १ | २ | २ |
| ५ | माथिका सबै | २ | २८ | १५ | ४५ | ९० |

स्रोत : प्रश्नावलीबाट प्राप्तमत (२०६८)

माथिको तालिका अनुसार खुला विद्यालयको आन्तरिक मूल्याङ्कन विविध मूल्याङ्कनका साधनहरूबाट हुने गरेको पाइयो । प्राप्तमत परिणाम अनुसार कक्षा कार्यबाट मूल्याङ्कन हुन्छ भन्ने मत २%, गृहकार्यबाट हुन्छ भन्ने २%, एकाइ परीक्षाबाट हुन्छ भन्ने ४%, नियमितताबाट हुन्छ भन्ने २% र माथि उल्लेख भएका सबै साधनबाट आन्तरिक मूल्याङ्कन हुन्छ भन्ने ९०% मत प्राप्त भयो ।

शिक्षाविद हार्विसन (सन १९७०) का अनुसार "मानव संसाधन विकास हुनु भनेको चिन्तनमा विकास हुनु हो" । मानिसको चिन्तनको विकास गर्नका लागि उसलाई शिक्षा, तालिम र अन्तरक्रियाको आवश्यकता पर्दछ । शिक्षा लिने र दिने क्रममा के कस्ता कमी कमजोरी रहे, सिकाइ भयो वा भएन भनी लेखाजोखा गर्न परीक्षा र मूल्याङ्कनको आवश्यकता पर्दछ । मूल्याङ्कन प्रकृया पछि मात्र व्यक्तिमा के कति ज्ञान, सीप प्राप्त भयो भन्ने कुरा हुन्छ । खुला विद्यालय शिक्षा कार्यक्रम भएकोले यसमा औपचारिक शिक्षाको जस्तो नियमित कक्षा शिक्षण हुदैन । तोकिएको समयमा सम्पर्क कक्षाहरू सञ्चालन भएर त्यस मार्फत विद्यार्थीले नजानेका नबुझेका कुराहरूमा शिक्षकबाट सहयोग गर्ने गरिन्छ । यसै क्रममा सम्पर्क कक्षाहरू सञ्चालन गर्दा आन्तरिक मूल्याङ्कनका विविध साधनहरू कक्षाकार्य, गृहकार्य, एकाई परीक्षा र नियमिततालाई आधार मानेर मूल्याङ्कन गर्ने गरेको तथ्य प्राप्त भयो । यस कार्यले विद्यार्थीका कमी कमजोरी थाहपाई सुधार गर्ने, विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गर्ने कार्य गर्ने हुनाले मानव संसाधन विकासमा सहयोग पुऱ्याई रहेको छ । सिकाइ उत्प्रेरणायुक्त र मनोरञ्जक भएमा भर्ना भएका विद्यार्थीको सिकाइ उपलब्धी राम्रो हुने र औपचारिक शिक्षा छोडेर निम्न माध्यमिक र माध्यमिक तह पार गर्न नसकी बसिरहेकाहरू पनि खुला विद्यालय प्रति आकर्षित हुन्छन् । यसले सबैलाई शिक्षा उपलब्ध गराउने कार्यक्रमलाई टेवा पुग्दछ । यसको प्रत्यक्ष प्रभाव मानव संसाधन विकासमा पर्दछ । मानव संसाधनको विकास भएपछि मानिस आफैले आफ्ना आवश्यकताहरू एक एक गरी पुरा गर्दै जान्छ । मास्लोको अभिप्रेरणा/आवश्यकताको श्रृंखला सम्बन्धी सिद्धान्तको आधारबाट हेर्दा पनि यस कार्यले सकारात्मक बाटो अंगालेको छ ।

### ४.५ विद्यार्थीको सिकाइ उपलब्धी विवरण

यस शोध कार्यको अध्ययन क्षेत्र भित्र परेका २ वटा माध्यमिक र निम्न माध्यमिक तहका खुला विद्यालयमा भर्ना भई शैक्षिक सत्र २०६५, २०६६ र २०६७ सालमा एस.एल.सी. र निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल भएका विद्यार्थीको शैक्षिक उपलब्धी सम्बन्धी विवरण निम्नानुसार पाइयो ।

तालिका ९ : विद्यार्थीको सिकाइ उपलब्धी विवरण

| माध्यमिक तह | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शैक्षिक सत्र | विद्यालय | भर्ना संख्या | परीक्षामा सामेल | | | उत्तीर्ण संख्या | | | विद्यालय छोड्ने | |
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | संख्या | प्रतिशत |
| ०६५ | हिमालय उ.मा.वि. | ८२ | ५८ | १७ | ७५ | ३० | ५ | ३५ | ७ | ८.५४ |
| | देवी मा.वि. | | | | | | | | | |
| ०६६ | हिमालय उ.मा.वि. | १०३ | ७० | २४ | ९४ | ४० | १६ | ५६ | ९ | ८.७४ |
| | देवी मा.वि. | ६७ | ५४ | १० | ६४ | ३० | ७ | ३७ | ३ | ४.४८ |
| ०६७ | हिमालय उ.मा.वि. | १४५ | ९५ | ४० | १३५ | ९० | ३५ | १२५ | १० | ६.९० |
| | देवी मा.वि. | ७५ | ५७ | १३ | ७० | ५५ | १० | ६५ | ५ | ६.६७ |


निम्न माध्यमिक तह


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६५ | हिमालय उ.मा.वि. | | | | | | | | | |
| | देवी मा.वि. | ३१ | २२ | ७ | २९ | २० | ७ | २७ | २ | ६.४५ |
| ०६६ | हिमालय उ.मा.वि. | ४५ | ३० | ११ | ४१ | ३० | १० | ४० | ४ | ८.८९ |
| | देवी मा.वि. | ५१ | ३४ | १३ | ४७ | ३४ | १३ | ४७ | ४ | ७.८४ |
| ०६७ | हिमालय उ.मा.वि. | ६९ | ४८ | १५ | ६३ | ४७ | १४ | ६१ | ६ | ८.७ |
| | देवी मा.वि. | ६६ | ४७ | १७ | ६४ | ४५ | १५ | ६० | २ | ३.०३ |

स्रोत : परीक्षा मार्कलेजर ०६५–०६७

स्तम्भ चित्र ३ :  विद्यार्थीका सिकाइ उपलब्धी विवरण

माथिको तालिकामा प्रस्तुततथ्यांकलाई निम्न स्तम्भ चित्रमा देखाई स्पष्ट बनाउने प्रयास गरिएको छ ।




माथिको तालिका अनुसार माध्यमिक तहको खुला विद्यालयमा २०६५ सालमा हिमालय उ.मा.वि. दमकमा मात्र एस.एल.सी. परीक्षामा सामेल भएको पाइयो । विद्यालयमा भर्ना भएका ८२ जना विद्यार्थी मध्ये ७५ जना परीक्षामा सामेल भएकोमा छात्रा ३० जना (४०%) र छात्र ५ जना (६.६७%) विद्यार्थी उत्तीर्ण भएको पाइयो । यसै गरी नि.मा.वि. तहको खुला विद्यालय शिक्षा कार्यक्रममा देवी मा.वि. विर्तामोडमा भर्ना भएका ३१ जना मध्ये २९ जना मात्र परीक्षामा सामेल भएको पाइयो । त्यसमध्ये छात्रा २० जना (६८.९७%) र छात्र ७ जना (२४.१४%) विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

शैक्षिक सत्र २०६६ मा दुवै विद्यालयका विद्यार्थीहरू एस.एल.सी. र कक्षा ८ को परीक्षामा सामेल भएका थिए । दुवै विद्यालयमा भर्ना भएका १७० जना विद्यार्थी मध्ये छात्रा १२४ र छात्र ३४ जना विद्यार्थी एस.एल.सी. परीक्षामा सामेल भएका थिए । त्यसमध्ये ७० जना (४४.३०%) र छात्र २३ जना (१४.५५%) गरी जम्मा ९३ जना (५८.८६%) विद्यार्थी उत्तीर्ण भएको पाइयो । निम्न माध्यमिक तह तर्फ कुल भर्ना भएका ९६ जना विद्यार्थी मध्ये छात्रा ६४ र छात्र २४ गरी ८८ जना परीक्षामा सामेल भएका थिए । सामेल भएका परीक्षार्थी मध्ये छात्रा ६४ (७२.७३%) र छात्र २३ जना (२६.१४%) उत्तीर्ण भएको पाइयो ।

त्यसै गरी शैक्षिक सत्र २०६७ मा दुवै विद्यालयको माध्यमिक तहमा भर्ना भएका २२० विद्यार्थी मध्ये १५२ जना छात्रा र ५३ जना छात्र मात्र परीक्षामा सामेल भए । परीक्षामा सम्मिलित विद्यार्थी मध्ये छात्रा १४५ (७०.७३%) र छात्र ५३ जना (२५.८५%) विद्यार्थीले मात्र एस.एल.सी. उत्तीर्ण गरेको पाइयो । निम्न माध्यमिक तहमा भर्ना भएका कुल विद्यार्थी १३५ जना मध्ये छात्रा ९५ जना र छात्र ३२ जना गरी १२७ जना परीक्षामा सामेल भए । कक्षा ८ को जिल्ला स्तरीय वार्षिक परीक्षामा सामेल भएका परीक्षार्थी मध्ये छात्रा ९२ (७२.४४%) र छात्र ३२ जना (२५.१४%) विद्यार्थीले निम्न माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेको पाइयो ।

हार्विसन (सन १९७०) का अनुसार मानव संसाधन विकास गर्नु भनेको मानिसको चिन्तनमा विकास गराउनु हो । यस प्रकारको मानव स्रोत विकासले सामाजिक परिवर्तन गर्दै राष्ट्रिय विकासमा योगदान पुऱ्याउँछ । मानव संसाधन विकासको माध्यम अनौपचारिक शिक्षा हुन सक्दछ । यस चिन्तनको आधारमा माथिको तालिका अनुसार प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा खुला विद्यालय शिक्षा एउटा अनौपचारिक शिक्षा कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय तहको शिक्षा पुरा गर्न नसकेर त्यसै बसेका व्यक्तिहरूलाई विद्यालय तहको शिक्षा पुरा गर्न सहयोग गरी सबैका लागि शिक्षा सुनिश्चित गर्न मद्दत गरिरहेको प्रष्ट छ । औपचारिक विद्यालय शिक्षाका लागि लिइने एस.एल.सी. र कक्षा ८ को परीक्षामा खुला विद्यालय तर्फका सहभागीहरूलाई पनि सामेल गरिएको छ । तुलनात्मक रूपमा हेर्दा एस.एल.सी.को राष्ट्रिय नतीजा भन्दा खुला तर्फको नतीजा हाराहारीमा नै देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने खुला विद्यालय शिक्षा कार्यक्रमले एकातिर मानव संसाधन विकासमा सहयोग पुऱ्याइरहेको छ भने अर्कातिर आफ्नो फूर्सद अनुसार शिक्षा लिने अवसर उपलब्ध गराएर सबैका लागि शिक्षा

कार्यक्रमलाई सुनिश्चित गर्दै औपचारिक शिक्षाको पुरकको भूमिका खेलिरहेको छ । त्यसै गरी खुला विद्यालय शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीहरू विद्यालय तह पुरा गर्न नसकेका, पिछडिएका, दलित, जनजाति र अन्य सबै वर्गका नियमित कक्षा नलिई सम्पर्क कक्षाको माध्यमबाट सामूहिक वा व्यक्तिगत रूपमा अध्ययनमा सहभागी भई परीक्षामा सामेल भई उल्लेखित नतीजा निकाल्न सफल हुनु पाउरो फ्रेरे (सन् १९७०) को सचेतीकरणको सिद्धान्तको औचित्य पुष्टि भएको छ ।

### ४.५.१ श्रेणी अनुसार सिकाइ उपलब्धी विवरण

अध्ययन क्षेत्र भित्र परेका दुइवटा खुला विद्यालयको एस.एल.सी. परीक्षाको श्रेणी अनुसारको सिकाइ उपलब्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १० : श्रेणी अनुसार सिकाइ उपलब्धी विवरण

माध्यमिक तह

| शै.स. | विद्यालय | उत्तीर्ण संख्या जम्मा | जम्मा % | प्रथम श्रेणी | | | | द्वितीय श्रेणी | | | | तृतीय श्रेणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा | जम्मा % | छात्रा | छात्र | जम्मा | जम्मा % | छात्रा | छात्र | जम्मा | जम्मा % |
| ०६५ | हिमालय | ३५ | ४२.६८ | २ | – | २ | २.६७ | २४ | ३ | २७ | – | ४ | २ | ६ | ८ |
| | देवी | | | | | | | | | | | | | | |
| ०६६ | हिमालय | ५६ | ५६.५७ | १ | १ | २ | २.१३ | ३६ | १४ | ५० | ५३.१९ | ३ | १ | ४ | ४.२६ |
| | देवी | ३७ | ५७.८१ | १ | – | १ | १.५६ | २६ | ७ | ३३ | ५१.५६ | ३ | – | ३ | ४.६९ |
| ०६७ | हिमालय | १२५ | ९२.५९ | ७ | २ | ९ | ६.२१ | ७२ | ३० | १०२ | ७५.५६ | ११ | ३ | १४ | १०.३७ |
| | देवी | ६५ | ८६.६७ | २ | १ | ३ | ४.२९ | ४६ | ५ | ५१ | ७२.८६ | ७ | ४ | ११ | १५.७१ |

स्रोत : एस.एल.सी. मार्क लेजर

निम्न माध्यमिक तह


| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६५ | हिमालय | | | | | | | | | | | | | | |
| | देवी | २७ | ९३.१० | ४ | १ | ५ | १७.२४ | १२ | ६ | १८ | ६२.५२ | ४ | – | ४ | १३.७९ |
| ०६६ | हिमालय | ४० | ९७.५६ | ६ | २ | ८ | १९.५१ | १७ | ७ | २४ | ५८.५४ | ७ | १ | ८ | १९.५१ |
| | देवी | ४७ | १०० | ५ | २ | ७ | १४.८९ | २२ | ८ | ३० | ६३.८३ | ७ | ३ | १० | २१.२८ |
| ०६७ | हिमालय | ६१ | ९८.८३ | १० | ३ | १३ | २०.६३ | २९ | ७ | ३६ | ५७.१४ | ८ | ४ | १२ | १९.०५ |
| | देवी | ६० | ९३.७५ | ११ | ४ | १५ | २३.४४ | २४ | ७ | ३१ | ४८.४४ | १० | ४ | १४ | २१.८८ |

स्रोत : जिल्ला स्तरीय परीक्षाको मार्कलेजर


माथिको तालिकामा प्रस्तुत तथ्याङ्कहरूलाई स्तम्भ चित्रमा निम्न अनुसार प्रस्तुत गएिको छ ।

स्तम्भ चित्र ४ :   श्रेणी अनुसार सिकाइउपलब्धी विवरण

माध्यमिक तह




**निम्न माध्यमिक तह**




माथिको तालिका अनुसार शैक्षिक सत्र २०६५ मा एस.एल.सी. परीक्षामा संलग्न ७५ जना विद्यार्थी मध्ये ३५ जन (४६.६६%) विद्यार्थी मात्र उत्तीर्ण भए । जसमा छात्रा तर्फ ३० जना (४०%) र छात्र ५ जना (६.६६%) विद्यार्थी उत्तीर्ण भएको पाइयो । श्रेणीगत आधारमा हेर्दा छात्रा २ जना (२.६६%) प्रथम श्रेणीमा, द्वितीय श्रेणीमा छात्रा २४ र छात्र ३ गरी २७ जना (३६%) र तृतीय श्रेणीमा छात्रा ४ र छात्र २ गरी ६ जना (८%) उत्तीर्ण भएको पाइयो । निम्न माध्यमिक तर्फ २९ जना विद्यार्थी मध्ये २७ जना (९३.१०%) विद्यार्थी उत्तीर्ण भए । जसमा प्रथम श्रेणीमा छात्रा ४ र छात्र १ गरी ५ जना (१७.२४%), द्वितीय श्रेणीमा छात्रा १२ र छात्र ६ जना गरी १८ जना (६५.५२%) तथा तृतीय श्रेणीमा छात्रा ४ जना (१३.७९%) विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

शैक्षिक सत्र २०६६ को एस.एल.सी. परीक्षामा सामेल भएका १५८ जना विद्यार्थी मध्ये ९ जना(५८.८६%) उत्तीर्ण भएको पाइयो । उत्तीर्ण भएका विद्यार्थीहरूमा छात्रा २ र छात्र १ गरि ३ जना (१.९०%) प्रथम श्रेणीमा, छात्रा ६२ र छात्र २१ गरी ८३ जना (५२.५३%) दोस्रो श्रेणीमा तथा छात्रा ६ र छात्र १ गरी ७ जना (४.४३%) तृतीय श्रेणीमा उत्तीर्ण भएको पाइयो । निम्न माध्यमिक तह उत्तीर्ण परीक्षामा प्रथम श्रेणी तर्फ छात्रा ११ र छात्र ४ गरी जम्मा १५ जना विद्यार्थी (१७.०५%), दोस्रो श्रेणीमा छात्रा २९ र छात्र १३ गरी ४२ जना (४७.७२%) तेस्रो श्रेणीमा छात्रा १४ र छात्र ४ गरी १८ जना (२०.४५%) विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

यसै गरी शैक्षिक सत्र २०६७ को एस.एल.सी. परीक्षामा छात्रा १४५ र छात्र ४५ गरी १९० जना (९२.६८%) विद्यार्थी उत्तीर्ण भएकोमा प्रथम श्रेणीमा छात्रा ९ र छात्र ३ गरी १२ जना (५.८५%), दोश्रो श्रेणीमा छात्रा ११८ र छात्र ३५ गरी १५३ जना (७४.६३%) तथा तेश्रो श्रेणीमा छात्रा १८ र छात्र ७ गरी जम्मा २५ जना (१२.२०%) विद्यँर्थी उत्तीर्ण भएको पाइयो । निम्न माध्यमिक तह तर्फ १२७ जना विद्यार्थ मध्ये १२१ जना (९५.२७%) विद्यार्थीले सहजै कक्षा ८ उत्तीर्ण गरे । श्रेणीगत आधारमा हेर्दा प्रथम श्रेणीमा छात्रा २१ र छात्र ७ गरी २८ जना विद्यार्थी (२२.०४%), दोश्रो श्रेणीमा छात्रा ५३ र छात्र १४ गरी ६७ जना (५२.७५%) तथा तेश्रो श्रेणीमा छात्रा १८ र छात्र ८ गरी २६ जना (२०.४७%) विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

विद्यार्थीहरूले परीक्षामा कस्तो नतीजा निकाल्छन् भन्ने कुरा सम्पर्क कक्षाको सिकाइसँग अन्तर्सम्बन्धित हुन्छ । सिकाइ राम्रो वा नराम्रो कस्तो हुने भन्ने कुरा विद्यार्थीको विषयवस्तु प्रतिको लगनशीलतामा भर पर्दछ । यदि विद्यार्थीहरू विषयवस्तु प्रति सकारात्मक र उत्प्रेरित भई लगनशीलताका साथ अध्यायनमा लाग्ने हो भने परीक्षाको नतीजा पक्कै राम्रो हुन्छ । परीक्षाको नतीजा राम्रो आएमा भर्ना भएका सबै सफल हुने र भर्ना हुन बाँकी रहेकाहरूलाई पनि खुला विद्यालयमा भर्ना भई अध्ययन गर्न उत्प्रेरणा मिल्दछ । माथिको तालिका र चित्रबाट प्राप्त नतीजालाई मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तका आधारमा विश्लेषण गर्दा विविध कारणले विद्यालय शिक्षा परित्याग गरी विभिन्न पेशा व्यवसायमा लागेकाहरूलाई दैनिक जीवनमा आई पर्ने समस्यासँग जुध्नका लागि थप शिक्षाको आवश्यकता महसुस गरी खुला विद्यालयमा भर्ना भई अध्ययन गर्न उत्प्रेरित हुन्छन् भन्ने कुराले आवश्यकताको सिद्धान्तलाई पुष्टि गर्दछ । प्रथम र तृतीय श्रेणीमा कम र द्वितीय श्रेणीमा बढी विद्यार्थी उत्तीर्ण हुनु गुणका

हिसावले मध्यम देखिन्छ । समग्रमा परीक्षामा विद्यार्थी उत्तीर्ण हुनु सकारात्मक उत्प्रेरणा हो । विद्यालय तह पुरा गर्न नसकेका विद्यार्थीहरूले खुला विद्यालयमा अध्ययन गरी उत्तीर्ण हुन यसको सवल पक्ष हो । यसले सबैलाई समान अवसर प्रदान गरी सर्व सुलभ शिक्षा उपलब्ध गराउन सकारात्मक प्रभाव पारेको तथ्य पुष्टि हुन्छ ।

## ४.५.२ जातजाति अनुसार सिकाइ उपलब्धी विवरण

अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरूबाट एस.एल.सी. र कक्षा ८ को जिल्लास्तरीय परीक्षामा सामेल भई उत्तीर्ण भएका विद्यार्थीहरूको जातजातिको अवस्था के रहेछ भनी तथ्याङ्क संकलन गर्दा निम्न अनुसार पाइयो ।

तालिका ११ : जातजाति अनुसार सिकाइ उपलब्धी विवरण

| माध्यमिक तह | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शै.स. | विद्यालय | परीक्षामा सामेल | दलित | | | | जनजाति | | | | अन्य | | | |
| | | | छात्रा | छात्र | जम्मा | जम्मा % | छात्रा | छात्र | जम्मा | जम्मा % | छात्रा | छात्र | जम्मा | जम्मा % |
| ०६५ | हिमालय | ७५ | १ | १ | २ | | ५ | २ | ७ | | २४ | २ | २६ | |
| | देवी | – | – | – | – | | – | – | – | | – | – | – | |
| ०६६ | हिमालय | ९४ | १ | – | १ | | ९ | ४ | १३ | | ३० | १२ | ४२ | |
| | देवी | ६४ | २ | – | २ | | ७ | १ | ८ | | २१ | ६ | २७ | |
| ०६७ | हिमालय | १३५ | ५ | १ | ६ | | २४ | ११ | ३५ | | ६१ | २३ | ८४ | |
| | देवी | ७० | २ | २ | ४ | | १० | १ | ११ | | ४३ | ७ | ५० | |


स्रोत : एस.एल.सी. परीक्षाको मार्क लेजर


| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६५ | हिमालय | – | – | – | – | | – | – | – | | – | – | – | |
| | देवी | २९ | – | – | – | | ५ | १ | ६ | २०.६९ | १७ | ६ | २३ | ७९.३१ |
| ०६६ | हिमालय | ४१ | १ | – | १ | २.४४ | ४ | – | ४ | ९.७६ | २५ | १० | ३५ | ८५.३७ |
| | देवी | ४७ | २ | – | २ | ४.२६ | ६ | १ | ७ | १४.८९ | २६ | १२ | ३८ | ८०.८५ |
| ०६७ | हिमालय | ६३ | २ | – | २ | ३.१७ | १२ | – | १२ | १९.०५ | ३३ | १४ | ४७ | ७४.६० |
| | देवी | ६४ | १ | १ | २ | ३.१३ | ६ | ४ | १० | १५.६३ | ३८ | १० | ४८ | ७५.०० |

स्रोत : जिल्ला स्तरीय परीक्षाको मार्कलेजर (२०६५-०६७)

स्तम्भ चित्र ५ : जातजाति अनुसार सिकाइ उपलब्धी विवरण

उपर्युक्त तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा स्तम्भ चित्रमा राखी हेर्दा निम्न अनुसार रहेको पाइयो ।




माथिको तालिका अनुसार अध्ययन क्षेत्रभित्र रहको २ वटा खुला विद्यालयबाट एस.एल.सी. परीक्षामा सामेल भई उत्तीर्ण भएका विद्यार्थीलाई जातजातिका अनुसार विश्लेषण गर्दा परीक्षामा सामेल भएका मध्ये शैक्षिक सत्र २०६५ मा दलित छात्रा १ र छात्र १ गरी २ जना (२.६७%), जनजाति समूहका छात्रा ५ र छात्र २ गरी ७ जना (९.३३%) तथा अन्य समूहका छात्रा २४ र छात्र २ गरी २६ जना (३७.३३%) विद्यार्थी उत्तीर्ण भएको पाइयो । कक्षा ८ को जिल्लास्तरीय परीक्षामा सामेल भएका २९ जना मध्ये दलित विद्यार्थीहरू तर्फ कोही पनि

उत्तीर्ण भएनन् । जनजाति छात्रा ५ जना र छात्र १ जना गरी ६ जना (२०.६८%) तथा अन्य समूहका छात्रा १५ र छात्र ६ जना गरी २१ जना (७२.४१%) विद्यार्थी उत्तीर्ण भएको कुरा तथ्याङ्कबाट पुष्टि भयो ।

शैक्षिक सत्र २०६६ मा खुला विद्यालयको माध्यमिक तहमा परीक्षामा सामेल भएका १५८ जना मध्ये दलित छात्रा ३ जना (१.९०%), जनजाति समूहमा छात्रा १६ र छात्र ५ जना गरी २१ जना (१३.२९%) तथा अन्य समूहका विद्यार्थीमा छात्रा ५१ र छात्र १८ गरी जम्मा ६९ जना (४३.६७%) विद्यार्थी उत्तीर्ण भएको पाइयो । यसै गरी खुला विद्यालयको निम्न माध्यमिक तहमा जम्मा ८८ जना विद्यार्थी कक्षा ८ को परीक्षामा सामेल भएका मध्ये दलित समूहका छात्रा ३ जना (३.४१%), जनजाति समूहका छात्रा १० जना र छात्र १ गरी ११ जना (१२.५%) तथा अन्य समूहका छात्रा ५१ र छात्र २२ गरी ७३ जना (८२.९५%) उत्तीर्ण भएको पाइयो ।

यसै गरी शैक्षिक सत्र २०६७ को एस.एल.सी. परीक्षामा २०५ जना विद्यार्थी सामेल भएकोमा दलित छात्रा ७ र छात्र ३ गरी १० जना (४.८८%), जनजाति छात्रा ३४ र छात्र १२ गरी ४६ जना (२२.४४%) तथा अन्य समूहका विद्यार्थी मध्ये छात्रा १०४ र छात्र ३० गरी जम्मा १३४ जना (६५.३६%) विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । खुला विद्यालयकै निम्न माध्यमिक तहमा दलित छात्रा ३ र छात्र १ गरी ४ जना (३.१५%), जनजाति छात्रा १८ र छात्र ४ गरी २२ जना (१७.३२%) र अन्य छात्रा ७१ र छात्र २४ गरी जम्मा ९५ जना (७४.८%) विद्यार्थीले सहजै कक्षा ८ पार गरेको पाइयो ।

पाउलो फ्रेरे (सन् १९७०) का अनुसार वर्गीय समाजको अवधारणा अनुसार उत्पिडित र पछाडि परेका वर्गका मानिसलाई शिक्षाको माध्यमबाट सचेत बनाउने सिद्धान्त नै सचेतीकरणको सिद्धान्त हो । यसरी सचेत भएका व्यक्तिले सामूहिक अध्ययन गर्ने, आफ्नो समूहमा छलफल गरी सामूहिक रूपमा निर्णयमा पुग्ने गर्दछन् । यस सिद्धान्तले गरीव, निमूखा र शक्तिहीनहरूलाई “धन होइन न्याय चाहियो” भनी माग्नका लागि तयार पार्दछ । यस सन्दर्भमा माथिको तथ्याङ्कको नतीजालाई विश्लेषण गर्दा खुला विद्यालयमा निशुल्क रूपमा अध्ययन गर्न भर्ना भएका पिछडिएका, दलित, जनजाति र अन्य विद्यार्थीहरू मध्ये दलित विद्यार्थीको परीक्षा नतीजा कमजोर देखिएता पनि जनजाति विद्यार्थीहरू उल्लेख्य रूपमा उत्तीर्ण भएकोले उनीहरूका लागि उच्च शिक्षाको ढोका खुलेको छ । उनीहरू सचेत बन्दै गएका छन् ।

यसकारण फ्रेरेको सिद्धान्त अनुसार खुला विद्यालय शिक्षा कार्यक्रमले पछाडि परेका र कमजोर वर्गका मानिसहरूलाई न्याय प्रदान गरेको प्रष्ट हुन्छ । माथिको तथ्याङ्कमा भर्ना हुने, परीक्षामा सामेल हुने र उत्तीर्ण हुनेको संख्या सानै देखिएता पनि विद्यालय छोडेर घर मै वसेका वा अन्य पेशामा लागेका व्यक्तिहरू क्रमसः खुला विद्यालय तिर आकर्षित हुँदै गएको पाइएको छ । यसले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष पुरा गर्न सहयोग गर्ने कुरामा द्विविधा छैन ।


## ४.६ सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन


औपचारिक विद्यालय र खुला विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गर्दा निम्नानुसार पाइयो ।

तालिका १२ : सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन

| माध्यमिक तह | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शैक्षिक सत्र | विद्यालय | औपचारिक तर्फ | | | अनौपचारिक तर्फ | | |
| | | जम्मा विद्यार्थी | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत | जम्मा विद्यार्थी | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
| २०६५ | हिमालय | १६५ | ११५ | ६९.६ | ७५ | ३५ | ४६.६७ |
| | देवी मा.वि. | ७२ | २७ | ३७.५ | – | – | – |
| २०६६ | हिमालय | १८५ | १२० | ६४.८ | ९४ | ५६ | ५९.५७ |
| | देवी मा.वि. | १२० | ८४ | ७० | ६४ | ३० | ४६.८८ |
| २०६७ | हिमालय | २२१ | १६० | ७२.४० | १३५ | १२५ | ९२.५९ |
| | देवी मा.वि. | ११३ | ६५ | ५७.५ | ७० | ६५ | ९२.८६ |
| | औषत | १४६ | ९६ | ६१.९६ | ८८ | ६२.२ | ६७.७१ |
| स्रोत : एस.एल.सी. परीक्षाको मार्कलेजर (०६५-०६७) | | | | | | | |
| निम्न माध्यमिक तह | | | | | | | |
| २०६५ | हिमालय | १२७ | ७१ | ५५.९१ | – | – | – |
| | देवी मा.वि. | ११४ | ७७ | ६७.५४ | २९ | २७ | ९३.१० |
| २०६६ | हिमालय | १३९ | १०५ | ७५.५४ | ४१ | ४० | ९७.५६ |
| | देवी मा.वि. | १०७ | ६६ | ६१.६८ | ४७ | ४७ | १०० |
| २०६७ | हिमालय | १६५ | १०७ | ६४.८५ | ६३ | ६१ | ९६.८३ |
| | देवी मा.वि. | १५१ | ११९ | ७८.८१ | ६४ | ६० | ९३.७५ |
| | औषत | १३४ | ९१ | ६७.३८ | ४९ | ४७ | ९६.२४ |
| स्रोत : कक्षा ८ को मार्कलेजर (०६५-०६७) | | | | | | | |

वृत्त चित्र ६ :  सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन




माथिको तालिकाको आधारमा व्याख्या र विश्लेषण गर्दा शैक्षिक सत्र २०६५ मा हिमालय उ.मा.वि. दमकमा मात्र माध्यमिक तहको खुला विद्यालय थियो । सो वर्ष उक्त विद्यालयबाट औपचारिक र खुला दुवै तर्फबाट विद्यार्थीहरू एस.एल.सी. परीक्षामा सामेल भए । परीक्षाको नतीजा अनुसार औपचारिक तर्फ ६९.६% र खुला विद्यालय तर्फ ४६.६७% विद्यार्थी उत्तीर्ण

भएको पाइयो । निम्न माध्यमिक तर्फ श्री देवी मा.वि. विर्तामोडबाट औपचारिक तिर ६७.५४% र खुला विद्यालय तर्फ ९३.१०% विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

शैक्षिक सत्र २०६६ मा दुवै विद्यालयबाट औपचारिक र खुला विद्यालय तर्फ विद्यार्थीहरू एस.एल.सी. परीक्षामा सामेल भए । परीक्षाफल प्रकाशित हुँदा औपचारिक तर्फ ६६.८९% विद्यार्थी उत्तीर्ण भए भने खुला विद्यालय तर्फ ५४.४३% विद्यार्थी मात्र उत्तीर्ण भएको देखिन्छ । विद्यालयगत रूपमा हेर्ने हो भने हिमालय उ.मा.वि. दमकमा औपचारिक तर्फ ६९.६% र खुला तर्फ ५९.५७% विद्यार्थी उत्तीर्ण भएको पाइयो । श्री देवी मा.वि. विर्तामोडमा औपचारिक तर्फ ७०% र खुला तर्फ ४६.८८% विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । निम्न माध्यमिक तर्फ हिमालय उ.मा.वि. दमकमा औपचारिक तर्फ ७५.५४% र खुलातर्फ ९७.५६% तथा देवी मा.वि. विर्तामोडमा औपचारिक तर्फ ६१.६८% र खुला तर्फ शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएको विद्यालय अभिलेखबाट थाह पाइयो ।

शैक्षिक सत्र २०६७ मा हिमालय उ.मा.वि. दमकको माध्यमिक तर्फ औपचारिकमा ७२.४०% र खुला तर्फ ९२.५९% तथा देवी मा.वि. विर्तामोडमा औपचारिक तर्फ ५७.५% र खुला तर्फ ९२.८६% विद्यानर्थीले एस.एल.सी. उत्तीर्ण गरेको पाइयो । दुइवटै विद्यालयको ३ वर्षको औषत हेर्दा औपचारिक तर्फ ६१.९६% र खुला तर्फ ६७.७१% रहेको पाइयो । यसै गरी निम्न माध्यमिक तर्फ हिमालय उ.मा.वि. दमकमा औपचारिक तर्फ ६४.८५% र खुला तिर ९६.८३% तथा देवी मा.वि. विर्तामोडमा औपचारिक तर्फ ७८.८१% र खुला तिर ९३.७५% विद्यार्थीले कक्षा ८ उत्तीर्ण गरेको पाइयो । दुवै विद्यालय ३ वर्षकै औषत उपलब्धी हेर्दा औपचारिक तर्फ ६७.३८% र खुला तर्फ ९६.२४% रहेको पाइयो । माथिको बृत्त चित्रलाई विश्लेषण गर्दा औपचारिक तर्फ प्रत्येक ६१ जना विद्यार्थीमा ३९ जना उत्तीर्ण हुन्छन भने २२ जना अनुत्तीर्ण हुंदा रहेछन । त्यसै गरी अनौपचारिक तर्फ ५८ जना विद्यार्थीमा ४२ जना उत्तीर्ण हुन्छन भने १६ जना अनुत्तीर्ण हुंदा रहेछन । यस बाट पनि अनौपचारिक शिक्षाको प्रभावकारिता राम्रो देखिन्छ ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा खुला विद्यालय सुरूका वर्षमा भन्दा पछिल्ला वर्षमा क्रमसः विद्यार्थीको सिकाइ उपलब्धी वृद्धि भएको देखिन्छ । यसो हुनुमा विद्यालयहरूको शैक्षिक, प्रशासनिक कार्यमा क्रमसः निखारपन आउनु हो । खुला विद्यालय तर्फको नजिता राम्रो हुनुमा

लामो समयदेखि विद्यालय छोडी बसेका विद्यार्थीहरूमा बदलिदो परिवेश अनुसार पहिला लिएको शिक्षाले मात्र नपुगी थप शिक्षा आर्जन गर्न खुला विद्यालय सञ्चालन हुँदा त्यस तर्फबाट थप शिक्षा लिई आवश्यकता पुरा गर्न सकिन्छ भन्ने अभिप्रायबाट उत्प्रेरित भई खुला विद्यालयमा भर्ना भएका विद्यार्थी बढी उत्तीर्ण भएको पाइयो । यसमा मास्लो (सन् १९७०) को अभिप्रेरणाको सोपान सिद्धान्तले काम गरेका पाइयो ।

## ४.७ शिक्षक विवरण

शिक्षणमा शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षकले तोकिएको विषयवस्तु पढाएर मात्र हुँदैन, विद्यार्थीलाई बुझाउन पनि सक्नु पर्दछ । शिक्षक सदा सक्षम, तयार र अद्यावधिक रहनु पर्दछ । यसका लागि शिक्षक तालिम कार्यक्रमको ठूलो भूमिका रहन्छ । एउटा तालिम अप्राप्त शिक्षकले भन्दा तालिम प्राप्त शिक्षकले गरेको शिक्षक प्रभावकारी हुन्छ । विद्यार्थी विद्यालय भर्ना भएपछि अध्ययनलाई निरन्तरता दिने वा विचैमा कक्षा छोड्ने भन्ने कुरामा शिक्षकको शिक्षणले पनि ठूलो भूमिका खेल्दछ । त्यसकारण खुला विद्यालय शिक्षा कार्यक्रममा शिक्षक/सहजकर्ताको योग्यता र तालिमको अवस्था कस्तो रहेछ भनी विद्यालयका शिक्षकहरूको अभिलेख हेर्दा निम्नानुसार पाइयो ।

तालिका १३ : शिक्षक विवरण

| विद्यालय | शिक्षक संख्या | शैक्षिक योग्यता | | | तालिम प्राप्त | तालिम प्राप्त % | तालिम अप्राप्त | तालिम अप्राप्त % |
|---|---|---|---|---|---|---|---|---|
| | | IA | BA | सो भन्दा माथि | | | | |
| हिमालय उ.मा.वि. | १५ | ३ | ५ | ७ | १३ | ८६.६ | २ | १३.४ |
| देवी मा.वि. | १३ | २ | ७ | ४ | १२ | ९२.३ | १ | ७.७ |
| जम्मा | २८ | ५ | १२ | ११ | २५ | ८९.२९ | ३ | १०.७१ |

स्रोत : विद्यालय शिक्षक अभिलेख २०६७

अध्ययन क्षेत्रभित्र परेका २ वटा खुला विद्यालयहरूमा शैक्षिक कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्ने २८ जना शिक्षकहरू मध्ये ५ जना शिक्षक IA वा सो सरह, १२ जना शिक्षक वी.ए. वा सो सरह र ११ जना शिक्षक सो भन्दा माथि रहेको पाइयो । यी दुवै विद्यालयहरूमा निम्न माध्यमिक तहको खुला शिक्षा कार्यक्रम सञ्चालनमा रहेकोले आई.ए. वा सो सरहका शिक्षकले निम्न माध्यमिक तहको सहजकर्ताको रूपमा काम गरेको पाइयो । सहजकर्ता (शिक्षकहरू) २८ जना मध्ये २५ जना (८९.२९%) शिक्षकहरू तालिम प्राप्त रहेको पाइयो । तालिम प्राप्त

शिक्षकहरू पनि औपचारिक शिक्षणका लागि तालिम लिएका तर खुला शिक्षा शिक्षणका लागि तालिम नलिएका हुनाले सम्पर्क कक्षा सञ्चालनमा उनीहरूलाई विभिन्न समस्या आउने गरेको पाइयो ।

हार्विसन (सन १९७०) को मानव स्रोत विकासको चिन्तन अनुसार मानव संसाधन विकास हुनु भनेको मानिसको चिन्तनमा विकास हुनु हो । मानिसको चिन्तनमा विकास भएपछि स्रोत र साधनको पहिचान गरी उ आफैंले प्रयोग गर्न सक्दछ । यस तथ्यको आधारमा माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा मानिसको चिन्तनमा विकास हुनलाई गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । तालिम अप्राप्त शिक्षकले गरेको शिक्षण भन्दा तालिम प्राप्त शिक्षकले गरेको शिक्षण विद्यार्थीका लागि रूचीकर हुन्छ । शिक्षकले शिक्षण गर्नु भनेको विद्यार्थीले बुझ्नु हो । विद्यार्थीले बुझेमा सबै विद्यार्थी परीक्षामा उत्तीर्ण हुन्छन् । यसो भएमा विद्यालय छोडेर त्यसै वसेकाहरूलाई खुला विद्यालयमा भर्ना भई अध्ययन गर्न प्रेरणा मिल्दछ । यसले सबैका लागि शिक्षा कार्यक्रमलाई सहयोग पुग्दछ । अध्ययन क्षेत्र भित्र रहेका दुइवटै विद्यालयमा कार्यरत शिक्षक मध्ये आवश्यक न्युनतम् योग्यता पुगेका शिक्षकहरू १७ जना (६०.७१%) र माथिल्लो योग्यता भएका ११ जना (३९.२९%) शिक्षकहरू रहेको पाइयो । यो कुरा सकारात्मक छ । कुल शिक्षक मध्ये २५ जना (८९.२९%) शिक्षक तालिम प्राप्त भएको कुरा राम्रो भएता पनि हालसम्म जना (१०.७१%) शिक्षक तालिम अप्राप्त रहेको कारण गुणस्तरीय शिक्षा दिनका लीगि केही समस्या नै रहेको पाइयो ।

## ४.८ खुला विद्यालय सञ्चालनमा देखिएका समस्याहरु

खुला विद्यालय शिक्षा कार्यक्रम सञ्चालनका सम्बन्धमा समस्याहरू रहेका छन् वा छैनन् भनी संयोजक, सहजकर्ता, सहभागी र अनौपचारिक शिक्षा हेर्ने जिल्ला शिक्षा कार्यालयका वि.नि. समेत गरी ५१ जनालाई प्रश्नावली भर्न लगाई प्राप्त मत परिणाम निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४ : खुला विद्यालय सञ्चालन सम्बन्धी समस्याहरू

| क.सं. | समस्याहरू | संयोजक | सहजकर्ता | विद्यार्थी | निरीक्षक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रसस्त छन | २ | २० | १४ | १ | ३६ | ७०.५९ |
| २ | सामान्य छन | – | ५ | ४ | – | ९ | १७.६५ |
| ३ | थोरै छन् | – | ३ | २ | – | २ | ३.९२ |
| ४ | समस्या छैनन् | – | – | – | – | – | – |

स्रोत : प्रश्नावलीबाट प्राप्त मत २०६८

माथिको तालिका अनुसार खुला विद्यालय सञ्चालनमा प्रसस्त समस्या छन् भन्ने संख्या ३६ जना (७०.५९%), सामान्य छन् भन्ने संख्या ९ जना (१७.६५%), थोरै छन् भन्ने व्यक्तिको संख्या २ जना (३.९२%) पाइयो भने समस्या छैनन् भन्नेमा कसैको मत रहेको पाइएन । खुला विद्यालय सञ्चालनमा समस्या छैन भन्ने बुँदामा कसैको मत नरहनु भनेको यसमा समस्याहरू छन् । ती समस्याहरू समयमै उचित रूपमा सम्वोधन गर्न सकेमा खुला विद्यालय शिक्षा कार्यक्रममा प्रभावकारिता आउँछ । जसको परिणामा स्वरूप सबैलाई सर्वसुलभ शिक्षा प्रदान गर्नमा एउटा उत्तम विकल्प बन्न सक्दछ ।

खुला विद्यालय शिक्षा कार्यक्रममा प्रसस्त समस्याहरू छन् भनी जानकारी प्राप्त भए पछि ती समस्याहरू के के रहेछन् भनी पुनः संयोजक, सहजकर्ताहरू, सहभागीहरू र निरीक्षक समेत ५१ जनालाई प्रश्न राख्दा पाठ्यक्रम, आर्थिक, प्रचार प्रसारमा कमी, विद्यार्थीको न्युन उपस्थिति, शैक्षिक सामग्रीको कमी, परीक्षा र मूल्याङ्कन प्रणालीमा समस्या, निरीक्षण अनुगमनमा कमी जस्ता समस्याहरूको विवरण प्राप्त भयो । प्राप्त समस्याहरूको सूची लाई तालकामा राखी हेर्दा प्रत्येक समस्यामा कति जनाले आफ्नो मत व्यक्त गरे त्यसको संख्या र प्रतिशत समेत तालिकामा देखाइएको छ ।


तालिका १२ : खुला विद्यालय सञ्चालनमा देखिएका समस्याहरूको विवरण

| क.सं. | समस्याको विवरण | संयोजक | सहजकर्ता | विद्यार्थी | निरीक्षक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम | २ | २८ | २० | १ | ५१ | १०० |
| २ | आर्थिक | २ | २८ | १६ | – | ४७ | ९२.१६ |
| ३ | प्रचार प्रसारको कमी | २ | २६ | १८ | – | ४६ | ९०.२० |
| ४ | विद्यार्थीको उपस्थिति | २ | २८ | २० | १ | ५१ | १०० |
| ५ | शैक्षिक सामग्रीको कमी | २ | २८ | २० | – | ५० | ९८.०४ |
| ६ | परीक्षा प्रणाली र मूल्याङ्कन | २ | २२ | १६ | – | ४० | ७८.४३ |
| ७ | निरीक्षण र अनुगमनको कमी | २ | २८ | १६ | १ | ४७ | ९२.१६ |
| ८ | समय कमी | – | १५ | १६ | – | ३१ | ६०.७८ |
| ९ | अन्य | – | २४ | १० | १ | ३५ | ६८.६३ |

स्रोत : प्रश्नावलीबाट प्राप्त मत २०६८

माथिको तालिकाका समस्याहरू खुला विद्यालयका विभिन्न सरोकारबालाहरूले व्यक्त गरेका हुन । यदि यी सबै समस्याहरूको कुल योगफललाई १००% मान्ने हो भने पाठ्यक्रम सम्बन्धी समस्यामा १२, आर्थिकमा १२, प्रचार प्रसारको कमीमा १२, विद्यार्थीको उपस्थितिमा १२, शैक्षिक सामग्रीको कमीमा १२, निरीक्षण र अनुगमनको कमीमा १२, परीक्षा प्रणाली र मूल्याङ्कनमा १०, समय कमीमा ८, अन्यमा ९ प्रातिशत समस्या रहेको तलको वृत्त चित्रले पुष्टि गर्दछ ।

वृत्त चित्र ७ : खुला विद्यालय सञ्चालनमा देखिएका समस्याहरूको विवरण



माथिको तालिकाबाट प्राप्त मतको आधारमा खुला विद्यालय सञ्चालनमा देखिएका समस्याहरू मध्ये पाठ्यक्रम र विद्यार्थीको सम्पर्क कक्षामा न्युन उपस्थिति नै हुन भनी १००% ले मत प्रकट गरेका छन् । शैक्षिक सामग्रीको कमीमा ९८.०४%, आर्थिक र निरीक्षण अनुगमनको कमीमा ९२.१६%, प्रचार प्रसारको कमीमा ९०.२०%, परीक्षा प्रणाली र मूल्याङ्कनमा ७८.४३%, समयको कमीमा ६०.७८% र अन्यमा ६८.६३% समस्याहरूको रहेको पाइयो । भौतिक सुविधा र आर्थिक रूपमा सुसम्पन्न निजी र सार्वजनिक विद्यालयको औपचारिक शिक्षाका लागि तयार पारिएको पाठ्यक्रम नै औपचारिक शिक्षाबाट विद्यालय तह पुरा गर्न नसकी वसेका विद्यार्थीले एकै पटक कक्षा ८ वा १० मा अध्ययन गर्नु पर्दा विद्यार्थीलाई पठनपाठनमा समस्या आई परेको कुरामा सबै एक मत रहेको पाइयो ।

हार्विसन ( सन् १९७० ) का अनुसार "मानिसको चेतनामा विकास भए मानव संसाधनको विकास हुन्छ । मानव संसाधन विकास भए पछि प्राकृतिक स्रोत र साधनको दोहन आफै हुन्छ" । शिक्षाले मानवीय चेतनाको विकास गराउँछ तर शिक्षा दिने र लिने क्रममा बाधा अड्चनहरू अगाडि आए भने त्यसलाई पन्छाएर अगाडि बढ्न सक्नु पर्दछ । त्यसो गर्न सकिएन भने मानव संसाधन विकास सम्भव छैन । यसै सन्दर्भमा माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा औपचारिक प्रकृतिको खुला विद्यालय शिक्षा कार्यक्रमबाट मानव संसाधन विकास गर्ने क्रममा बाधा अड्चनको रूपमा उल्लेख भएका थुप्रै समस्याहर पहिचान गर्न सफल भएको पाइयो । समस्याहरू पत्ता लागि सके पछि तिनीहरूको समाधान क्रमसः हुदै जाने निश्चित छ । यस कार्यबाट मानव संसाधन विकासमा सकारात्मक सहयोग पुग्ने देखिन्छ ।

## ४.९ खुला विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

के खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष पुरा गर्न सहयोग पुऱ्याउला ? भनी अध्ययन क्षेत्र भित्र रहेका संयोजक दुई, सहजकर्ता २८, सहभागी २० र वि.नि. १ लाई प्रश्नावली मार्फत प्रश्न राखिएको थियो । त्यसमा उहांहरू सबै सहयोग पुऱ्याउँछ मत प्रकट गर्नु भएको छ । यसकालागि उहांहरूले केही सुझाव पनि राख्नु भएको छ जो निम्नानुसार छ ।

तालिका १६ : खुला विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

| क्र.सं. | राखिएका सुझाव | संयोजक | सहजकर्ता | सहभागी | वि.नि. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | निशुःक पाठ्यपुस्तक | २ | २८ | २० | १ | ५१ | १०० |
| २ | छात्रवृत्तिको व्यवस्था | २ | २८ | २० | १ | ५१ | १०० |
| ३ | छुट्टै पाठ्यक्रम | २ | २८ | २० | १ | ५१ | १०० |
| ४ | परीक्षा प्रणालीमा सुधार | २ | २८ | १६ | १ | ४७ | ९२.१६ |
| ५ | छुट्टै प्शासन | २ | २४ | १३ | – | ३८ | ७४.५१ |
| ६ | प्रचार प्रसारमा वृद्धि | २ | २८ | ६ | १ | ३७ | ७२.५५ |
| ७ | पूर्ण सरकारी स्वामित्व | २ | २८ | २० | १ | ५१ | १०० |
| ८ | सम्पर्क कक्षा संख्यामा वृद्धि | २ | २६ | २० | – | ४८ | ९४.१२ |
| ९ | विविध | २ | २० | १० | १ | ३३ | ६४.७१ |

स्रोत : प्रश्नावलीबाट प्राप्त मत २०६८

माथिको तालिका अनुसार खुला विद्यालयका सरोकारबालाहरूले खुला विद्यालयलाई औपचारिक शिक्षा परित्याग गरि बसेका, अनुत्तीर्ण भएकाहरूलाई पुनः विद्यालय शिक्षाको मूलधारमा ल्याई शिक्षाको दोश्रो मौका प्रदान गर्ने माध्यमको रूपमा विकाश गर्नु पर्दछ । यस बाट सबैका लागि शिक्षा उपलव्ध गराउन सहयोग पुग्दछ । खुला विद्यालय शिक्षा कार्यक्रम सबैका लागि शिक्षा कार्यक्रमको लक्ष पुरा गर्न सहयोग गर्ने सशक्त साधन बन्न सक्दछ । यसका लागि खुला विद्यालयमा पनि निशुल्क पाठ्यपुस्तक, छात्रवृत्तिको व्यवस्था, छुट्टै पाठ्यक्रम र पूर्ण सरकारी स्वामित्व हुनु पर्नेमा सबैले आफ्नो मत प्रकट गरेका छन् । सम्पर्क कक्षा संख्यामा वृद्धिमा ९४.१२%, परीक्षा प्रणालीमा सुधारमा ९२.१६%, छुट्टै प्रशासनमा ७४.५१%, प्रचार प्रसारमा वृद्धिमा ७२.५५% र विविधमा ६४.७१% ले प्रश्नावली मार्फत आफ्नो मत प्रकट गरेका छन् । वर्तमान समयमा खुला विद्यालय शिक्षा कार्यक्रम शिसु अवस्थामै छ । तै पनि यसमा सुधार नगरी नहुने क्षेत्रहरू पहिचान भई सकेका छन् । यसमा भुक्तभोगीहरूको विचारको कदर गर्दै समयानुकुल सुधार गर्न सकेमा खुला विद्यालय शिक्षा कार्यक्रमले सबैका लागि शिक्षा कार्यक्रममा सकारात्मक प्रभाव पार्ने निश्चित छ ।

मास्लो (सन् १९४३) का अनुसार एक आवश्यकताको पूर्ति पश्चात त्यो भन्दा उच्चकोटी आवश्यकता पूर्तिका लागि उद्यत रहन्छ । तर यदि उसले लक्षित आवश्यकता प्राप्ति गर्न वाधा अड्चन आयो भने उ निरास हुन सक्दछ । उत्प्रेरित हुदैन । तसर्थ मानवलाई सदा

उत्प्रेरित र आशावान राख्न सहजमार्गको लागि मार्गदर्शन र सहयोग गर्नु पर्दछ । माथिको तालिका अनुसार पनि खुला विद्यालयलाई प्रभावकारी बनाई सबैका लागि शिक्षा कार्यक्रमलाई सुनिश्चित गर्न अझै केही सुधार गर्नु आवश्यक छ भन्ने मत रहेको पाइयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

"खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव" विषयमा गरिएको शोधकार्यका लागि छनोट गरिएका विद्यालयका प्र.अ/संयोजकहरू, सहजकर्ताहरू, विद्यार्थीहरू साथै जिल्ला शिक्षा कार्यालयका अनौपचारिक शिक्षा हेर्ने वि.नि. संग उद्धेश्य अनुरूप अनुसूचीमा उल्लेखित प्रश्नावली मार्फत धारणा संकलन, विद्यालय अभिलेखबाट आवश्यक तथ्याङ्क संकलन, रूजुसूची मार्फत विद्यालय कार्यको रूजु गरी प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गर्दा निम्न अनुसारका तथ्यहरू पत्ता लागेका छन ।

सबै खुला विद्यालयहरू "खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका/निर्देशिका" अनुसार सञ्चालन भएको पाइयो । खुला विद्यालयमा शै.स. २०६५ मा ८२ जना, शै.स. २०६६ मा १७० जना र शै.स. २०६७ मा २२० जना विद्यार्थी भर्ना भएको पाइयो । यसरी क्रमसः वर्षै पिच्छे विद्यार्थी संख्यामा बृद्धि भएको पाइयो । खुला विद्यालयको लक्ष अनुरूपका दलित, आदिबासी, जनजाति, पिछडिएको समुदाय, विपन्न वर्गका छात्र छात्राहरूको उल्लेख्य रूपमा भर्ना भएका रहेछन । यस शैक्षिक कार्यक्रमका लागि २८ जना मा.वि. तथा नि.मा.वि. तहका तहका शिक्षकहरू संलग्न रहेको पाइयो । अन्तरिक मूल्याङ्कन नियमितता, गृहकार्य, एकाइ परीक्षालाई आधार बनाएर त्यसको व्यक्तिगत कार्य सञ्चयिका राखिने गरेको पाइयो । वाह्य मूल्याङ्कन प्रकृया औपचारिक शिक्षाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा र एस.एल.सी. परीक्षामा सामेल गराई लिने गरेको पाइयो ।

साधारण माध्यमिक विद्यालयको कक्षा ८ र १० को पाठ्यक्रमलाई निम्न माध्यमिक र माध्यमिक खुला शिक्षाको पाठ्यक्रमको रूपमा लिइएको पाइयो । सम्पर्क कक्षाहरू नियमित सञ्चालन हुने गरेता पनि सम्पर्क कक्षामा विद्यार्थीहरूको उपस्थिति न्यून हुने गरेको पाइयो । हाल सम्म २ वटा खुला विद्यालयको माध्यमिक तहमा भर्ना भएका ४७२ जना विद्यार्थी मध्ये ४३८ जना विद्यार्थी (९२.७९%) विद्यार्थी परिक्षामा सामेल भएको पाइयो भने ३४ जना विद्यार्थी (७.२१%) विद्यार्थीले बीचैमा कक्षा छोडेको पाइयो । ३ वर्षको एस.एल.सी. परीक्षा र कक्षा ८ को

परीक्षाको उपलव्धी अध्ययन गर्दा एस.एल.सी. परीक्षामा पहिलो वर्ष ३५( ४६.६७% ) जना, दोश्रो वर्ष ९३ ( ५८.८६% ) जना, तेश्रो वर्ष १९० ( ९२.६८% ) जना विद्यार्थी उत्तीर्ण भए । उत्तीर्ण परीक्षार्थी मध्ये प्रथम श्रेणीमा १७ ( ५.३४% ) जना, दोश्रो श्रेणीमा २६३ ( ८२.७% ) जना, तेश्रो श्रेणीमा ३८ ( ११.६४% ) जना विद्यार्थी रहेको पाइयो । खुला विद्यालयको प्रभावकारिता, लोकप्रियता, उपलव्धी जति राम्रो हुन्छ त्यति नै विद्यार्थीहरू खुला विद्यालय मार्फत थप शिक्षा प्राप्त गर्न इच्छुक हुन्छन ।

नेपाल सरकार शिक्षा मन्त्रालयले सन २००९ मा प्रकासन गरेको विद्यालयस्तरीय शैक्षिक तथ्याङ्कलाई हेर्दा आधारभूत तहको कुल भर्ना दर १२३% छ भने माध्यमिक तहको ४०% मात्र छ । यसै गरी खुद भर्ना दर क्रमसः ७३% र २१% पाइन्छ । शिक्षक विद्यार्थीको अनुपात आधारभूत तहमा १:४३ पाइन्छ भने माध्यमिक तहमा १:३९ रहेको पाइन्छ । शैक्षिक क्षतिको दर पनि निकै उच्च रहेको पाइयो । प्राथमिक तहमा कक्षा दोहोऱ्याउने दर १८% छ भने माध्यमिक तहमा ११% रहेको छ । सिकाइ उपलब्धी कक्षा ५ को ५३% छ भने कक्षा ८ को ४६% मात्र रहेको छ । उत्तीर्ण दर प्राथमिक तहमा ८०.९% निम्न माध्यमिक तहमा ८७.३% र माध्यमिक तहमा ८७.५% रहेको छ । उमेरगत रूपमा साक्षरताको स्थिति हेर्नेहो भने १५–२४ वर्षको ७५%, ६ वर्ष माथिको ६९%, र १५ वर्ष माथिको ५६% मात्र रहेको छ ।

सबैका लागि शिक्षा कार्यक्रमले पहिलो ५ वर्ष बितिसक्दा उपर्युक्त शैक्षिक स्थिति हासिल गरेको छ । प्राप्त शैक्षिक तथ्याङ्कहरूको विश्लेषण गर्दा प्रगति उन्मूख देखिएता पनि लक्षमा पुग्न अझै धेरै मेहनत गर्नु पर्ने देखिन्छ । उपर्युक्त तथ्याङ्कले शैक्षिक क्षतिको उच्च दरलाई समयमै सम्बोधन गर्न नसकेमा जस्ता सुकै योजना निर्माण गरे पनि लक्षमा पुग्न नसकिने देखिन्छ । तसर्थ विद्यालय परित्याग गरेकाहरूलाई पुःन विद्यालय शिक्षामा फर्काई सबैका लागि सर्ब सुलभ शिक्षाको प्रत्याभूति गर्ने एक मात्र कार्यक्रम खुला विद्यालय शिक्षा कार्यक्रम रहेको पाइन्छ ।

खुला विद्यालयको स्थापनाका सुरूका दिनहरूमा भन्दा विद्यार्थीको भर्ना हुने क्रममा क्रमसः बृद्धि भएको पाइयो । एक पटक विद्यालय शिक्षामा प्रवेश गरेर विविध कारणले विद्यालय छोडी बिभिन्न पेशा व्यवसायमा लागेका वा घरैमा बसेकाहरूलाई थप शिक्षाको आवश्यकता भएमा खुला विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त गर्दछन । आफ्नो राज्यका नागरिकहरूलाई सहज हुने गरी शिक्षा प्राप्त गर्ने अवसर खुला विद्यालय शिक्षा कार्यक्रमले प्रदान गर्दछ । यसै

प्रसंगमा खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा सकारात्मक प्रभाव पारेको पाइयो ।

यस शिक्षा कार्यक्रममा सहभागीको स्तर अनुसार पाठ्यक्रम कडा हुनु, सम्पर्क कक्षामा सहभागिता कमी हुनु, अंग्रेजी, विज्ञान, गणित विषयमा पाठ बुझ्न र बुझाउन कठिन हुनु, प्रचार प्रसारको कमी हुनु, समयको तालमेल मिलाउन कठिन हुनु, विद्यार्थीको चाप बढे अनुसार विद्यार्थी कोटा कमी हुनु, राज्यले व्यहोर्ने आर्थिक व्ययभार कम हुनु, अनुगमन र मूल्याङ्कन प्रणालीमा कमजोरी देखिनु मूख्य समस्या रहेको पाइयो । खुला विद्यालय सञ्चालनमा जति धेरै समस्याहरू रहन्छन, त्यसले सबैका लागि शिक्षा कार्यक्रममा त्यति नै नकारात्मक असर पार्ने भएकाले विद्यमान समस्यालाई समयमै निरकरण गर्न सकेमा खुला विद्यालय सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य पुरा गर्ने एक सशक्त साधन हुने कुरामा दुइमत नहुने कुरा तथ्याङ्कहरूले पुष्टि गरेको पाइयो ।

## ५.२ निष्कर्ष

“खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव” विषयमा गरिएको शोधकार्यको तथ्याङ्कहरूको विश्लेषण र व्याख्या गर्दा प्राप्त प्राप्तिहरूलाई अध्ययन गरेर निम्न निष्कर्ष निकालिएको छ ।

खुला विद्यालय स्थापना भएको चार वर्ष पुरा गरी पाचौं वर्षमा प्रवेश गरेको छ । यति छोटो अवधिमा प्रचार प्रसारको कमी हुंदा हुंदै पनि यस कार्यक्रमको आवश्यकता र महत्व बढेको छ । औपचारिक शिक्षाबाट विद्यालय तहको शिक्षा पुरा नगरी त्यसै बसेकाहरू, विभिन्न पेशा व्यावसायमा लागेकाहरू जो विद्यालयको नियमित समयमा उपस्थित हुन नसक्ने तर थप शिक्षा प्राप्त गर्न इच्छुकहरूका लागि यो कार्यक्रम सञ्जिीवनी बनेको छ । यो कार्यक्रम कार्यान्वयन पुस्तिका/निर्देशिका अनुसार सञ्चालन भइ रहेको छ । राज्यले सबै नागरिकहरूलाई सर्ब सुलभ शिक्षा उपलव्ध गराउन गरेको राष्ट्रिय प्रतिवद्धता सबैका लागि शिक्षाको लक्ष्य पुरा गर्ने एउटा सशक्त विकल्प बनेर अगाडि बढिरहेको छ ।

खुला विद्यालय शिक्षा कार्यक्रम बिभिन्न कारणबाट औपचारिक शिक्षा लिनबाट बञ्चित दलित, आदिबासी, जनजाति, विपन्न बर्ग र अन्य समूदायका छात्रछात्रालाई लक्षित गरी

सिकाइलाई निरन्तरता दिलाउन ल्याइएको कार्यक्रम भएको हुनाले यस कार्यक्रमले आफ्नो लक्ष्य अनुसार केही प्राप्त गर्न सकेको भएतापनि अझै लक्षित बर्ग सम्म पुऱ्याउन थप प्रयास गर्नु पर्ने आवश्यकता महसुस भएको छ ।

यस कार्यक्रममा विद्यार्थीका लागि तोकिएको पाठ्यक्रम स्तर अनुरूप केही जटिल छ, मूल्याङ्कन प्रणालीमा केही कमी कमजोरी छन तापनि विद्यालयमा भर्ना भइ कक्षा ८ र एस.एल.सी. परीक्षामा सामेल भई औपचारिक शिक्षाको भन्दा राम्रै नतीजा निकाली रहेका छन । यसलाई खुला विद्यालयको उपलब्धी नै मान्नु पर्दछ ।

शिक्षा सम्बन्धी राष्ट्रिय आंकडा अध्ययन गर्ने हो भने कक्षा ६–८ मा १२.७% र कक्षा ९–१० मा १२.३% विद्यार्थी अनुत्तीर्ण हुन्छन । त्यस्तै कक्षा ६–८ मा ६.४% र कक्षा ९–१० मा ८.७% विद्यार्थीले बीचैमा कक्षा गरेको पाइएको छ । यसरी कक्षा छोड्ने र अनुत्तीर्ण हुने विद्यार्थीको तथ्याङ्कलाई एकै ठाउँ राखेर हेर्ने हो भने निम्न माध्यमिक तहमा १९.१% र माध्यमिक तहमा २१% विद्यार्थीले तहगत शिक्षा पुरा गर्न सक्दैनन । औपचारिक शिक्षाको यत्रो भयावह शैक्षिक क्षति हुनुमा विविध कारणहरू हुन सक्दछन । यस्तो शैक्षिक क्षतिलाई न्युनिकरण गर्दै उक्त विद्यार्थीहरूलाई पुःन शिक्षाको दायरामा ल्याउने एक मात्र कार्यक्रम खुला विद्यालय शिक्षा कार्यक्रम हो । शै.स. २०६७ मा यसरी विद्यालय परित्याग गरेका मध्ये निम्न माध्यमिक तहमा १.६३% र माध्यमिक तहमा ४.०५% विद्यार्थी थप शिक्षा प्राप्तिका लागि खुला विद्यालयमा भर्ना भएका छन । तसर्थ खुला विद्यालय शिक्षा कार्यक्रमको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रमलाई प्रत्यक्षतः सकारात्मक प्रभाव पारेको देखिन्छ ।

जुनसुकै कार्यक्रम सञ्चालन गर्दा पनि त्यसमा केही कमी कमजोरीहरू, बाधाअडचनहरू, समस्याहरू आउने गर्दछन । यो कार्यक्रम पनि यी बाट मुक्त छैन । यस कार्यक्रममा पनि थुप्रै समस्याहरू रहेको कुरा तथ्याङ्क संकलनका क्रममा प्राप्त भयो । समस्या पनि समाधान गर्न नसकिने खालका छैनन । सम्बन्धित सरोकारबाला पक्षबाट समाधानका उपायहरू समेत प्राप्त भएका छन । सम्बन्धित क्षेत्रले यस तर्फ समयमै ध्यान दिई प्राथमिताका आधारमा समस्या समाधान गरेमा खुला विद्यालय शिक्षा कार्यक्रममा प्रभावकारिता आई सबैका लागि शिक्षा कार्यक्रमलाई कार्यरूपमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ । यो कार्यक्रम स्थापना देखि हाल सम्म एउटा निर्देशिकाको भरमा सञ्चालन भइरहेको छ । यसलाई राज्यले खुला

विद्यालय सञ्चालन र व्यवस्थापनका लागि ऐन, नियमको तर्जुमा गरी त्यसै अनुसार सञ्चालन गर्नु पर्ने देखिन्छ । समग्रमा भन्नु पर्दा औपचारिक शिक्षा लिनबाट बञ्चित भएर सुशुप्त अवस्थामा बसेकाहरूलाई सचेत गराउने, मानवीय स्रोत विकासमा सहयोग पुऱ्याउने, आफ्नो दैनिक जीवनका समस्या संग जुध्न थप शिक्षाका लागि अभिप्रेरणा जगाउने जस्ता जटिल कार्य खुला विद्यालय शिक्षा कार्यक्रमले गरिरहेको हुनाले यस कार्यक्रमको प्रभावकारिता बढिरहेको छ, सबैका लागि शिक्षा कार्यक्रमलाई सकारात्मक प्रभाव पारिरहेको पुष्टि हुन्छ ।

सबैका लागि शिक्षा कार्यक्रमले पहिलो ५ वर्ष बितिसक्दा उपर्युक्त शैक्षिक स्थिति हासिल गरेको छ । प्राप्त शैक्षिक तथ्याङ्कहरूको विश्लेषण गर्दा प्रगति उन्मूख देखिएता पनि लक्षमा पुग्न अझै धेरै मेहनत गर्नु पर्ने देखिन्छ । उपर्युक्त तथ्याङ्कले शैक्षिक क्षतिको उच्च दरलाई समयमै सम्बोधन गर्न नसकेमा जस्ता सुकै योजना निर्माण गरे पनि लक्षमा पुग्न नसकिने देखिन्छ । तसर्थ विद्यालय परित्याग गरेकाहरूलाई पुःन विद्यालय शिक्षामा फर्काई सबैका लागि सर्ब सुलभ शिक्षाको प्रत्याभूति गर्ने एक मात्र कार्यक्रम खुला विद्यालय शिक्षा कार्यक्रम रहेको पाइन्छ ।

## ५.३ सुझावहरू

"खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव" विषयमा गरिएको शोधकार्यमा अनुसन्धानको क्रममा तथ्याङ्क संकलन गरी विश्लेषण गर्दा सम्बन्धित पक्षबाट बिभिन्न सुझाव प्राप्त भएका छन । खुला विद्यालयका समस्यालाई समाधान गरी यस कार्यक्रमलाई सबैका लागि शिक्षा कार्यक्रमको सशक्त साधन बनाउन देहायका सुझावहरू सिफारिस गरिएका छन ।

### ५.३.१ नीति निर्माता तह

क. खुला विद्यालय शिक्षा कार्यक्रमका लागि व्यावहारिक पाठ्यक्रमको तर्जुमा गर्नु पर्ने देखिन्छ ।

ख. खुला विद्यालय शिक्षा कार्यक्रमका लक्षित बर्ग सम्म पुग्न प्रचार प्रसारलाई व्यापक बनाइनु पर्दछ ।

ग. खुला विद्यालय शिक्षा कार्यक्रमलाई औपचारिक शिक्षा कार्यक्रमको विकल्पको रूपमा प्रस्तुत गर्न सक्नु पर्दछ ।

घ. खुला विद्यालयका लागि वार्षिक बजेट बृद्धि गरिनु पर्दछ ।

ङ. निशुल्क पाठ्यपुस्तक र छात्रबृत्तिको व्यवस्था गरिनु पर्दछ ।

च. पर्याप्त मात्रामा शै.सा. उत्पादन र वितरण गरिनु पर्दछ ।

छ. खुला विद्यालयको संख्या र कोटा बढाउनु पर्दछ ।

ज. विद्यार्थी भर्ना अभियानका आवश्यक सामग्री र बजेट व्यवस्था गरिनु पर्दछ ।

### ५.३.२ जिल्ला शिक्षा कार्यालय तह

क. औपचारिक शिक्षा सरह खुला विद्यालयको लागि PCF शिर्षकमा रकम छुट्याउनु पर्दछ ।

ख. खुला विद्यालयको सञ्चालन र व्यवस्थापनको नियमित  सुपरिवेक्षण गरिनु पर्दछ ।

ग. खुला विद्यालयको लागि छुट्टै भौतिक संरचनाको व्यवस्था गरिनु पर्दछ ।

घ. औपचारिक विद्यालय शिक्षा परित्याग गरी बसेकाहरूको वास्तविक तथ्याङ्क निकाली खुला विद्यालयमा ल्याउन विद्यालय स्वागत तथा भर्ना कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

### ५.३.३ स्रोतकेन्द्र तह

क. स्रोतकेन्द्रले खुला विद्यालयको नियमित निरीक्षण तथा अनुगमन गर्नु पर्दछ ।

ख. स्थानिय निकाय र समूदाय संग समन्वय गरी खुला विद्यालयमा भर्ना हुन चाहने विद्यार्थीलाई भर्नाको सुनिश्चितता हुने गरि कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

ग. खुला विद्यालय सम्बन्धी गोष्ठी बैठकको आयोजना गर्ने तथा स्थानिय सञ्चार माध्यमबाट प्रचार प्रसारलाई व्यापक बनाउनु पर्दछ ।

घ. खुला विद्यालयका सरोकारबालाहरू संगै बसी विद्यमान समस्या सम्बोधन हुने गरी वार्षिक कार्ययोजना तयार गरी लागु गरिनु पर्दछ ।

### ५.३.४ विद्यालय तह

क. खुला विद्यालय शिक्षा कार्यक्रमले लक्षित गरेका विद्यार्थीलाई भर्ना गर्नका लागि प्रचार प्रसार कार्यलाई तिब्रता दिइनु पर्दछ।

ख. योग्यता पुगेका, तालिम प्राप्त र योग्य शिक्षकबाट शिक्षण व्यवस्था मिलाउनु पर्दछ।

ग. विद्यार्थी मैत्री वातावरणको सिर्जना गरिनु पर्दछ।

घ. माथिल्लो निकायबाट प्राप्त समग्रीहरू समयमै सबै विद्यार्थीलाई वितरण गरिन पर्दछ।

ङ. विद्यालय, शिक्षक र विद्यार्थीको सहमतिमा सम्पर्क कक्षाको समय निर्धारण गरिनु पर्दछ।

### ५.३.५ अनुसन्धान तह

क. खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता पत्ता लगाउने

ख. खुला विद्यालय र औपचारिक विद्यालय बीचको अन्तर पत्ता लगाउने

ग. औपचारिक शिक्षामा शैक्षिक क्षति हुनुका प्रमख कारणहरू र समाधानका उपायहरू

घ. सबैका लागि शिक्षा कार्यक्रम र खुला विद्यालयको सम्बन्ध

ङ. सबैका लगि शिक्षा कार्यक्रमका लक्ष पुरा गर्न खुला विद्यालय शिक्षा कार्यक्रममा तत्काल गर्नु पर्ने सुधारात्मक कार्यहरू पत्ता लगाउने।

# सन्दर्भ ग्रन्थ


काफ्ले, वाशुदेव, सिन्हा, रामस्वरुप, श्रेष्ठ, चन्द्र बहादुर, र वस्नेत, सम्झना, (२०६१), ***शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,*** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वाशुदेव र मालाकार, सुनिता, (२०६५), खुला विद्यालय, ***दूरशिक्षा अतिरिक्तांक,*** भक्तपुर : नेपाल सरकार, शैक्षिक जनशक्ति विकास केन्द्र ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर, (२०६३), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** भोटाहिटि, काठमाण्डौ : विद्यार्थी पूस्तक भण्डार ।

खनाल, पेशल ( २०६५), ***अनुसन्धान पद्धति,*** किर्तिपुर, काठमाण्डौ : सनलाइट पव्लीकेशन ।

मालाकार, सुनिता, पोखरेल, कमला, खनाल, तोयानाथ, सिंह, नविनकुमार, भट्टराई, केशर मोहन, र अधिकारी, खुविराम (सं) (२०६३), ***दूरशिक्षा विशेषांक,*** सानाठिमी, भक्तपुर, नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्र ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), ***दुरशिक्षा/तथा खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका,*** सानोठिमी भक्तपुर : लेखक ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), ***खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वियन पुस्तिका/ निर्देशिका,*** सानोठिमी भक्तपुरः लेखक ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, ( २०६६), ***खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वियन पुस्तिका,*** सानोठिमी भक्तपुर : लेखक ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०६३), ***शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,*** भोटाहिटी, काठमाण्डौ : एम.के. पव्लीसर्स एण्ड डिस्ट्रीव्युटर्स ।

शर्मा, गोपीनाथ, ( सं ) (२०५५), ***उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन,*** काठमाण्डौ : मकालु बुक्स एण्ड डिस्टीव्युटर्स ।

Government of Nepal. Ministry of Education . Nepal Education in Figure . At a glance ( 2011) . Available : http/ www. moe.gov.np / .

***झापा जिल्लाको शैक्षिक झलक,*** २०६७, झापा : जिल्ला शिक्षा कार्यालय, ।

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

# अनुरोध पत्र

मिति : २०६८/०३/११

श्रीमान .............................................ज्यू
श्री........................................विद्यालय, .....................

विषयः अनुरोध पत्र ।

त्रिभूवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तरगत एम.एड. दोश्रो वर्षको कोर्ष नं ५९९ को अनुसन्धानात्मक कार्यको शिर्षक “खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव” को लागि आवश्यक तथ्याङ्क यहाँ / यहाँको विद्यालयबाट संकलन गरी खुला विद्यालयको वर्तमान अवस्था, यसले भोग्नु परेका समस्याहरू, समाधानका उपायहरू, खुला विद्यालय शिक्षा कार्यक्रमले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव बारेमा निष्कर्षमा पुग्नु पर्ने भएकाले यहाँले उपलव्ध गराउनु भएको महत्वपुर्ण सूचना/जानकारीले अनुसन्धानात्मक कार्यलाई ठोस निष्कर्षमा पुग्न र अनुसन्धानबाट निष्केको निष्कर्षले खुला विद्यालय शिक्षा कार्यत्रममलाई अझ व्यवस्थित र प्रभावकारीरूपमा सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा सहित यसै साथ संलग्न प्रश्नावली भरी सहयोग गरिदिनु हुन अनुरोध छ । यहाँहरूको महत्वपूर्ण सुझावहरूको लागि प्रार्थनीय छ ।

-------------------------
गणेश कुमार पौड्याल
एम.एड. दोश्रो वर्ष
शैक्षिक योजना तथा व्यवस्थापन
श्री कनकाइ बहुमुखी क्याम्पस, सुरूङ्गा, झापा ।

# अनुसूची–१

## खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

## संयोजक / प्र.अ. लाई सोधिने अन्तरवार्ताका प्रश्नावली

अनुसूची– १

संयोजक / प्र.अ. को नाम विद्यालय

योग्यता

१. खुला विद्यालय सञ्चालन भएको कति वर्ष भयो ?

एक ☐ दुई ☐ तीन ☐ चार ☐ पाँच ☐

२. कुन कुन तहमा खुला विद्यालय सञ्चालनमा छन ?

निम्न माध्यमिक ☐ माध्यमिक ☐ दुवै ☐

३. विद्यार्थी भर्नाका आधारहरू के के हुन ?

.................................................

४. खुला विद्यालय स्थापनाको उद्धेश्य अनुसार विद्यार्थी भर्ना गर्न सकिएको छ ?

छ ☐ छैन ☐

५. कुन पेशामा संलग्न विद्यार्थीहरू खुला विद्यालयमा भर्ना हुने गरेका छन ?

जागिर खाने ☐ व्यापार गर्ने ☐ खेती गर्ने ☐ घरको काम गर्ने ☐

६. सहजकर्ता शिक्षकको व्यवस्था कसरी मिलाउनु भएको छ ?

विद्यालयका शिक्षकबाट ☐ बाहिरबाट ☐ दुवै ☐

७. सम्पर्क कक्षाको समय व्यवस्था कसरी मिलाउनु भएको छ ?

विद्यालयले बनाएको कार्य तालिका अनुसार ☐ शिक्षकको फुर्सदको समय हेरेर ☐

विद्यार्थीको चाहना अनुसार ☐ शिक्षक/विद्यार्थीको सहमति अनुसार ☐

८. खुला विद्यालयबाट कक्षा ८ को जिल्लास्तरीय परीक्षा र एसएलसी परीक्षामा विद्यार्थी सामेल भएको कति वर्ष भयो ? कक्षा ८ ☐ वर्ष एसएलसी ☐ वर्ष

९. विद्यार्थीको आन्तरिक मूल्याङ्कन कसरी गर्ने व्यवस्था मिलाउनु भएको छ ?

कक्षा कार्य ☐ गृहकार्य ☐ एकाइ परीक्षा ☐ विद्यार्थी नियमितता ☐

सबै ☐ अन्य ☐

१०. सम्पर्क कक्षा सञ्चालनमा केही समस्याहरू छन ?

११. समस्या भए कस्ता समस्याहरू छन ?

………………………………………………….

१२. के खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य पुरा गर्न सहयोग पुऱ्याउला ?

………………………………………………….

१३. खुला विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्न के गर्नु पर्ला ?

…………………………………………………………………………………….

# अनुसूची–२

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

सहजकर्ता/ शिक्षकलाई सोधिने अन्तरवार्ताका प्रश्नावली

सहजकर्ताको नामः विद्यालयको नामः

तह शैक्षिक योग्यता : सञ्चालन गर्ने विषय :

१. तपाईंले खुला विद्यालयमा सहजीकरण गर्नु भएको कति वर्ष भयो ? .....वर्ष

२. सम्पर्क कक्षाको समय कसरी मिलाउनु भएको छ ?

विद्यालयले बनाएको कार्य तालिका अनुसार ☐ शिक्षकको फुर्सदको समय हेरेर ☐

विद्यार्थीको चाहना अनुसार ☐ शिक्षक/विद्यार्थीको सहमति अनुसार ☐

३. सम्पर्क कक्षामा विद्यार्थीको उपस्थिति दर कस्तो छ ?

७५% भन्दा माथि ☐ ५०% भन्दा माथि ☐ ५०% भन्दा तल ☐

४. पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

..............................................................................................................

५. तपाईंले कक्षा सञ्चालन गरेको विषयको वाह्य परीक्षाको उपलव्धी स्तर कस्तो छ छ ?

राम्रो ☐ सामान्य ☐ कमजोर ☐

६. सम्पर्क कक्षा सञ्चालन गर्न तपाईंले विद्यालयमा कस्तो सहयोग पाउनु भएको छ ?

राम्रो ☐ सामान्य ☐

७ सम्पर्क कक्षा सञ्चालनमा केही समस्याहरू छन ?

८. समस्या भए कस्ता समस्याहरू छन ?

..........................................................

९. के खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य पुरा गर्न सहयोग पुऱ्याउला ?

..........................................................

१०. खुला विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्न के गर्नु पर्ला ?

..............................................................................................

# अनुसूची–३

## सहभागी/विद्यार्थीलाई सोधिने अन्तरवार्ताका प्रश्नावली

विद्यार्थीको नाम : तह विद्यालय

१. तपाई कुन पेशा/व्यवसायमा संलग्न हुनुहुन्छ ?

व्यपार ☐ जागिर ☐ कृषि ☐ गृहिणी ☐ अन्य ☐

२. तपाई खुला विद्यालयमा भर्ना हुन किन आउनु भएको हो ?

अध्ययनलाई निरन्तरता ☐ फुर्सदको समयको उपयोग ☐ अवसरको फाइदा ☐

३. तपाईको सम्पर्क कक्षाको उपस्थितिको दर कस्तो छ ?

७५% भन्दा माथि ☐ ५०% भन्दा माथि ☐ ५०% भन्दा तल ☐

४. सम्पर्क कक्षामा नियमित उपस्थित हुन नसक्नुका कारणहरू के होलान ?

..........................................................................................................

५. सम्पर्क कक्षामा पढाएको पाठ बुझ्न समस्या छ ?

समस्या छैन ☐ बुझ्न कठिन भएको छ ☐

६. सम्पर्क कक्षामा कस्ता शैक्षिक सामग्री प्रयोग हुने गरेका छन ?

पाठ्यपुस्तक ☐ विद्युतिय सामग्री ☐ सहयोगी पुस्तक ☐ अन्य ☐

७. तपाईहरू जस्तै खुला विद्यालय आउन चाहने सबैलई समेट्न के गर्नु पर्ला ?

..........................................................................................................

८. सम्पर्क कक्षामा सहभागी हुदा समस्याहरू रहेका भए के के होलान ?

..........................................................................................................

९. खुला विद्यालयलाई राम्ररी सञ्चालन गर्न तपाईका सुझावहरू छन कि ?

..........................................................................................................

# अनुसूची–४

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

अनौपचारिक शिक्षा हेर्ने जिल्ला शिक्षा कार्यालयका वि.नि. लाई सोधिने अन्तरवार्ताका प्रश्नावली

विद्यालय निरीक्षकको नाम : जिल्ला शिक्षा कार्यालय, झापा

१. तपाईको जिल्लामा खुला विद्यालय सञ्चालन भएको कति वर्ष भयो ?

...............वर्ष

२. तपाईको जिल्लामा कतिवटा कुन कुन तहका खुला विद्यालय सञ्चालित छन ?

माध्यमिक तहका...........वटा निम्न माध्यमिक तहका ..........वटा

३. खुला शिक्षा सञ्चालन गर्न सरकारी स्तरबाट के कस्ता सहयोग गर्ने गरिन्छ ?

..................... ...................... ............................. ..............................

.................... ...................... ............................. ..............................

४. खुला विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको उपलव्धीस्तर कस्तो छ ?

राम्रो ☐ सन्तोष जनक ☐ न्युन ☐

५. खुला विद्यालयको स्थापना र सञ्चालनले सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य पुरा गर्न सहयोगीको भूमिका खेलेको छ ?

छ ☐ छैन ☐

नभए कारण ........................

६. के खुला विद्यालय स्थापना र सञ्चालनमा कुनै समस्याहरू छन ?

छन ☐ छैनन ☐

७. समस्याहरू भए उल्लेख गरिदिनु होला कि ?

.............................. .................................. ..................................

.............................. ................................. ..................................

८. खुला विद्यालयलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न तपाईका सुझाव के के छन ?

........................... .............................. ........................... ............................

अनसूची ५

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (माध्यमिक तह )

| विद्यालयको नाम | शै.स. २०६५ | | | | | शै.स. २०६६ | | | | | शै.स. २०६७ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा% | छात्र% | छात्रा | छात्र | जम्मा | छात्रा% | छात्र% | छात्रा | छात्र | जम्मा | छात्रा% | छात्र% |
| हिमालय उमावि | | | | | | | | | | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम ( निमा तह )

| विद्यालयको नाम | शै.स. २०६५ | | | | | शै.स. २०६६ | | | | | शै.स. २०६७ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा% | छात्र% | छात्रा | छात्र | जम्मा | छात्रा% | छात्र% | छात्रा | छात्र | जम्मा | छात्रा% | छात्र% |
| हिमालय उमावि दमक | | | | | | | | | | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | |

स्रोतः विद्यार्थी भर्ना अभिलेखः २०६५–२०६७

# अनुसूची–६

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५को जतिगत विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (माध्यमिक तह )

| विद्यालयको नाम | दलीत | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५को जतिगत विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (निम्न माध्यमिक तह )

| विद्यालयको नाम | दलीत | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः विद्यार्थी भर्ना अभिलेखः २०६५

# अनुसूची–७

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६को जतिगत विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (माध्यमिक तह )

| विद्यालयको नाम | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामिङ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६को जतिगत विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (निम्न माध्यमिक तह )

| विद्यालयको नाम | दलीत | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामिङ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः विद्यार्थी भर्ना अभिलेखः २०६६

# अनुसूची–८

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७को जतिगत विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (माध्यमिक तह )

| विद्यालयको नाम | दलीत | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामिोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७को जतिगत विद्यार्थी / सहभागी प्रवाह सर्वेक्षण फारम (निम्न माध्यमिक तह )

| विद्यालयको नाम | दलीत | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामिोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः विद्यार्थी भर्ना अभिलेखः २०६७

# अनुसूची–९

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५को कक्षा छोड्ने र परीक्षा सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | परीक्षामा सामेल | | | | परीक्षामा उत्तीर्ण | | | | कक्षा छोड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि बिर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५ को कक्षा छोड्ने र परीक्षा सम्बन्धी विवरण (निमावि )

| विद्यालयको नाम | परीक्षामा सामेल | | | | परीक्षामा उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत | कक्षा छोड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि बिर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः परीक्षा सम्बन्धी विद्यालय अभिलेख २०६५

# अनुसूची –१०

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६ को कक्षा छोड्ने र परीक्षा सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | परीक्षामा सामेल | | | | परीक्षामा उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत | कक्षा छोड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६ को कक्षा छोड्ने र परीक्षा सम्बन्धी विवरण (निमावि )

| विद्यालयको नाम | परीक्षामा सामेल | | | | परीक्षामा उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत | कक्षा छोड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः परीक्षा सम्बन्धी विद्यालय अभिलेख २०६६

# अनुसूची–११

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७ को कक्षा छोड्ने र परीक्षा सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | परीक्षामा सामेल | | | | परीक्षामा उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत | कक्षा छोड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७ को कक्षा छोड्ने र परीक्षा सम्बन्धी विवरण (निमावि )

| विद्यालयको नाम | परीक्षामा सामेल | | | | परीक्षामा उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत | कक्षा छोड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोत: परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६७

# अनुसूची–१२

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५ को श्रेणीगत उपलव्धी सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | प्रथम श्रेणी | | | | दोश्रो श्रेणी | | | | तेश्रो श्रेणी | | | जम्मा उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्र | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि बिर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५ को श्रेणीगत उपलव्धी सम्बन्धी विवरण (निम्न माध्यमिक )

| विद्यालयको नाम | प्रथम श्रेणी | | | | दोश्रो श्रेणी | | | | तेश्रो श्रोणी | | | जम्मा उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि बिर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६५

# अनुसूची–१३

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६ को श्रेणीगत उपलव्धी सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | प्रथम श्रेणी | | | | दोश्रो श्रेणी | | | | तेश्रो श्रोणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | जम्मा उत्तीर्ण प्रतिशत |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६ को श्रेणीगत उपलव्धी सम्बन्धी विवरण (निम्न माध्यमिक )

| विद्यालयको नाम | प्रथम श्रेणी | | | | दोश्रो श्रेणी | | | | तेश्रो श्रोणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | जम्मा उत्तीर्ण प्रतिशत |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि वितामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोत: परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६६

# अनुसूची–१४

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७ को श्रेणीगत उपलव्धी सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | प्रथम श्रेणी | | | | दोश्रो श्रेणी | | | | तेश्रो श्रोणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | जम्मा उत्तीर्ण प्रतिशत |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि बिर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७ को श्रेणीगत उपलव्धी सम्बन्धी विवरण (निम्न माध्यमिक )

| विद्यालयको नाम | प्रथम श्रेणी | | | जम्मा उत्तीर्ण संख्या | दोश्रो श्रेणी | | | जम्मा उत्तीर्ण प्रतिशत | तेश्रो श्रोणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा | जम्मा उत्तीर्ण प्रतिशत |
| हिमालय उमावि | | | | | | | | | | | | |
| देवी मावि बिर्तामोड | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

स्रोतः परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६७

# अनुसूची–१५

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५ को जातिगत उपलव्धी सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | दलित परीक्षामा सामेल | | | उत्तीर्ण | | | जनजाति परीक्षामा सामेल | | | उत्तीर्ण | | | अन्य परीक्षामा सामेल | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| हिमालय उमावि | | | | | | | | | | | | | | | | | | |
| देवी मावि बितामोड | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६५ को जातिगत उपलव्धी सम्बन्धी विवरण (निम्न माध्यमिक )

| विद्यालयको नाम | दलित परीक्षामा सामेल | | | उत्तीर्ण | | | जनजाति परीक्षामा सामेल | | | उत्तीर्ण | | | अन्य परीक्षामा सामेल | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| हिमालय उमावि | | | | | | | | | | | | | | | | | | |
| देवी मावि बितामोड | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

स्रोतः परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६५

# अनुसूची–१६

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६ को जातिगत उपलव्धी सम्बन्धी विवरण (माध्यमिक )

| विद्यालयको नाम | दलित परीक्षामा सामेल | | | उत्तीर्ण | | | जनजाति परीक्षामा सामेल | | | उत्तीर्ण | | | अन्य परीक्षामा सामेल | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| हिमालय उमावि | | | | | | | | | | | | | | | | | | |
| देवी मावि बितामोड | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६६ को जातिगत उपलव्धी सम्बन्धी विवरण (निम्न माध्यमिक )

| विद्यालयको नाम | दलित परीक्षामा सामेल | | | उत्तीर्ण | | | जनजाति परीक्षामा सामेल | | | उत्तीर्ण | | | अन्य परीक्षामा सामेल | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| हिमालय उमावि | | | | | | | | | | | | | | | | | | |
| देवी मावि बितामोड | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

स्रोतः परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६६

# अनुसूची : १७

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७ को जातिगत उपलव्धी सम्बन्धी विवरण ( माध्यमिक )

| विद्यालयको नाम | दलित परीक्षामा सामेल | | | उत्तीर्ण | | | जनजाति परीक्षामा सामेल | | | उत्तीर्ण | | | अन्य परीक्षामा सामेल | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| हिमालय उमावि | | | | | | | | | | | | | | | | | | |
| देवी मावि बितामोड | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

शै.स. २०६७ को जातिगत उपलव्धी सम्बन्धी विवरण ( निम्न माध्यमिक )

| विद्यालयको नाम | दलित परीक्षामा सामेल | | | उत्तीर्ण | | | जनजाति परीक्षामा सामेल | | | उत्तीर्ण | | | अन्य परीक्षामा सामेल | | | उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| हिमालय उमावि | | | | | | | | | | | | | | | | | | |
| देवी मावि बितामोड | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

स्रोत: परीक्षा सम्बन्धि विद्यालय अभिलेख २०६७

# अनुसूची –१८

## खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

### सहजकर्ता/शिक्षक विवरण (माध्यमिक तह )

| विद्यालयको नाम | जम्मा शिक्षक संख्या | IA वा सो सरह | BA वा सो सरह | MA वा सो सरह | तालिम प्राप्त | तालिम अप्राप्त |
|---|---|---|---|---|---|---|
| हिमालय उमावि दमक | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | |
| जम्मा | | | | | | |

खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

### सहजकर्ता/शिक्षक विवरण (निम्न माध्यमिक तह )

| विद्यालयको नाम | जम्मा शिक्षक संख्या | IA वा सो सरह | BA वा सो सरह | MA वा सो सरह | तालिम प्राप्त | तालिम अप्राप्त |
|---|---|---|---|---|---|---|
| हिमालय उमावि दमक | | | | | | |
| देवी मावि विर्तामोड | | | | | | |
| जम्मा | | | | | | |

स्रोतः विद्यालय शिक्षक अभिलेख २०६७

# अनुसूची –१९

## खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

रूजुसूची

| क.सं. | रूजु गरेको विवरण | श्री हिमालय उमावि दमक | | श्री देवी मावि विर्तामोड | |
|---|---|---|---|---|---|
| १. | विद्यार्थी भर्ना अभियान | छ | छैन | छ | छैन |
| २. | खुला विद्यालय स्थापनाको उद्धेश्य अनुसार विद्याथी भर्ना | | | | |
| ३. | योग्यता प्राप्त शिक्षकव्यवस्था | | | | |
| ४. | विद्यार्थी परामर्स कार्यक्रम | | | | |
| ५. | विद्यार्थी अभिलेख | | | | |
| ६. | विद्यार्थीको नियमित उपस्थिति | | | | |
| ७. | आन्तरिक मूल्याङ्कनको व्यवस्था | | | | |
| ८. | पृष्ठपोषण कार्यक्रम | | | | |
| ९. | कार्यतालिकाको निर्माण | | | | |
| १०. | कार्यतालिकाको निर्माणमा विद्यार्थी सहभागिता | | | | |
| ११. | विद्यार्थीमा आर्थिक व्ययभार | | | | |
| १२. | पाठ्यपुस्तकको उपलव्धता | | | | |
| १३. | पाठ्यक्रम कार्यान्वयन | | | | |
| १४. | नियमित सम्पर्क कक्षा | | | | |
| १५. | १ महिनामै विद्यार्थी भर्ना बन्द | | | | |
| १६. | २ महिनामै विद्यार्थी भर्ना बन्द | | | | |

स्रोतः विद्यालय अभिलेख २०६७

# अनुसूची –२०

## खुला विद्यालयको स्थापनाले सबैका लागि शिक्षा कार्यक्रममा पारेको प्रभाव

### औपचारिक शिक्षामा शैक्षिक क्षतिको विवरण, २०६७

| तह | विद्यार्थी संख्या | कक्षा छोड्ने | अनुत्तीर्ण | जम्मा | कक्षा दोहोऱ्याउने | विद्यालय छोड्ने |
|---|---|---|---|---|---|---|
| | | संख्या | संख्या | | संख्या | |
| प्राथमिक | | | | | | |
| नि.मा | | | | | | |
| मा.वि | | | | | | |

स्रोतः www.moe.gov.np